सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ३२ ● काठमाडौं, शुक्रबार, पुस १०, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 25, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-





# विवाह भएको डेढ महिनामै बखेडा

● विदुर खतिवडा

नायिका पूजा लामा तथा डिजे शिशिर स्याङ्दानबीच कसिएको लगनगाँठो १ महिना १५ दिन नबित्दै सम्बन्ध-विच्छेदको बाटोतर्फ अग्रसर भएको छ। गत कात्तिक १५ गते दाम्पत्य सूत्रमा बाँधिएको यो सम्बन्ध सुमधुर हुन नसकेपछि अन्ततः छुट्टिने मोडमा छ। विस्तृत पृष्ठ ७ मा



## ● क्यासेट ●

### बटुवा



संगीतकार तथा गीतकार शरण छिनामका आधुनिक गीतहरूको संग्रह 'बटुवा' श्रोतामाझ आएको छ। संग्रहका गीतहरूमा राजेशपायल राई, उदय सोताङ, सुरेश कुमार, रोशन गुरुङ, लासिमित राई, रामकृष्ण ढकाल तथा जगदीश समालले स्वर प्रदान गरेका छन्। संग्रहको 'बाटो हिंड्ने बटुवाको बाटै प्यारो साथी...' लोकप्रिय भैसकेको छ।

### द रियल हार्ट्स

गायक दिलकुमार ग्लानका आधुनिक, लोक तथा पप गीतहरूको नयाँ संग्रह 'द रियल हार्ट्स' बजारमा आएको छ। संग्रहमा आठवटा गीत समाविष्ट छन्। गायिका आभा मुकारुङको समेत स्वर समेटिएको यो संग्रहका सबै गीतमा गायक ग्लानको शब्द तथा संगीत सुन्न पाइन्छ।



### फ्राइडे नाइट

पोखराका गायक सागरका पप गीतहरूको संग्रह 'फ्राइडे नाइट' श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा सातवटा गीत समावेश छन्। संग्रहका केही गीतमा गायिका प्रभाले सागरलाई साथ दिएकी छिन्।



## ● रंगमञ्च ●

### इनसाइड द ब्रेन

पुरानो बानेश्वरस्थित गुरुकुलमा यतिबेला 'इनसाइड द ब्रेन' शीर्षकको नाटक मञ्चन भैरहेको छ। सुमन रायमाझीद्वारा निर्देशित यो नाटकमा कैदीका छोराछोरीलाई पनि अपराधीजस्तो व्यवहार गर्ने प्रचलनविरुद्ध आवाज उठाइएको छ। संजोगको कुरा के छ भने नाटकमा अभिनय गर्ने सबै कलाकार वास्तविक जीवनमै कैदीका छोराछोरी हुन्। पाठशाला थिएटरले प्रस्तुत गरिरहेको यो नाटक गोपीकेश आचार्यले लेखेका हुन्। भोलि शनिबारसम्म मञ्चन हुने यो नाटकमा बिनिता थापामगर, ज्योति बस्नेत, सुजन गुरुङ, विनोद लामा, सुमन नेपाली, युकेश थापा, प्रज्ज्वल पराजुली, प्रदीप भण्डारी, सोनु राई आदि कलाकारले अभिनय गरेका छन्।

### सुदर पश्चिममा नाटक

रंगकर्मी अनुप बराल यतिबेला एउटा नाटक मञ्चन गर्ने क्रममा नेपालको सुदर पश्चिम क्षेत्र पुगेका छन्। उनी सुदुर पश्चिमका गाउहरूमा पुरानै नाट्ययात्रा अभियानमा जुटेका हुन्। सुदुर पश्चिमको समसामयिक विषय समेटिएको नाटक 'काली आइमाई' लिएर धनगढी पुगेका अनुपले गाउँमा पुगेर नाटक मञ्चन गरेपछि नाटकले कस्तो जागरण ल्याउन सक्ने रहेछ भन्ने कुरा अनुभव गर्न पाएको बताएका छन्। गत आइतबार उनले सिलगढी तथा दिपायलमा नाटक मञ्चन गरिएको थियो। उनले त्यहाँ रंगमञ्चसम्बन्धी कार्यशाला पनि सञ्चालन गरेका थिए। तीन साता लामो नाट्ययात्राका क्रममा रंगकर्मी अनुपले त्यहाँ बेग्लै संसार देखेको तथा नाटकमार्फत सुदुर पश्चिमलाई मूलधारमा जोड्ने अभिनयमा संलग्न हुन पाउँदा गर्वको अनभुति गरेको बताएका छन्। एक्टर्स स्टुडियोका दिया मास्के, विक्रम परियार, आशान्त शर्मा, मेनुका प्रधान, देव न्यौपाने, हीरा बिजुली, राजेन्द्र श्रेष्ठ, कमल भट्ट आदि कलाकारसहितको समूहले हलिया प्रथा, छुवाछूत तथा लैंगिक असमानता समेटिएको उक्त नाटकको मञ्चन गरेका हुन्। नाटक मञ्चन कार्यक्रम डडेल्धुराको तुफान डाँडाबाट प्रारम्भ भएको थियो। काठमाडौंमा एकमहिने तयारीपछि सुदुर पश्चिम पुऱ्याइएको नाटकमा साहूको घरमा पुस्तौंपुस्ता हलिया बस्ने प्रथा, छुवाछूत तथा लैंगिक शोषण आदिको प्रसंग उठाइएको छ। तीन वर्षअघि शिलगढीको शैलेश्वर मन्दिरमा दलित पस्न खोज्दा भएको झपडलाई स्मरण गर्दै नाट्य समूहले त्यही मन्दिरमा नाटक मञ्चन गरेको थियो। नाटकमा बालिघरे प्रथा, बोक्सी प्रकरणदेखि हलियाहरूको कमजोर तथा दयनीय आर्थिक अवस्था चित्रण गरिएको छ। नाटकमा देउडा र ठाडो भाकालाई समेत प्रयोग गरिएको छ। नाटकको संवादमा पनि स्थानीय भाषिका प्रयोग गरिएको छ। यो समूह सुदुर पश्चिमका थप केही गाउँमा नाटक मञ्चन गरेर आगामी साता राजधानी फर्कनेछ।

## ● ग्यालरी ●

### भावनाको चित्रकला प्रदर्शनीमा

चित्रकार भावनाले तयार पारेका पौभा चित्रहरूको प्रदर्शनी प्रारम्भ भएको छ। आफ्नो मानसपटलमा रहेका मौलिक परिवेशलाई उनले चित्रमा उतारेकी छिन्। प्रदर्शनीमा ३१ वटा चित्र समावेश गरिएका छन्। पौभा चित्रमा उनले आफू जन्मिएको, हुर्किएको ठाउँका ऐतिहासिक परिवेशका सम्झनाका अभिव्यक्तिहरू समेटेकी छिन्। बढ्दो आधुनिकिरणसँगै अहिले ती स्थानमा भजनका स्वर नसुनिने भावना ती चित्रमा समेटिएका छन्। प्रदर्शनीमा राखिएका चित्रकला उनले सात वर्षको दौरानमा तयार पारेको बताएकी छिन्। भावनाले महायानी तथा वज्रयानी बौद्ध परम्पराका तन्त्रविद्यामा आधारित पौभालाई जनजीवनसँग जोडेर आधुनिक रूप दिने प्रयास गरेकी छिन्। उनको पहिलो एकल कला चित्र प्रदर्शनीमा विदेशमा रहेका नेपाली कामदारको मृत्यु, महिला हिंसा, अमेरिकामा हवाई आक्रमणजस्ता दृश्यहरू पनि समेटिएका छन्। उनले लक्ष्मीसँगै नारीलाई नेवारी समाजमा देवीका रूपमा पुजिने परम्परा, अन्न तथा वर्षा, पशुपन्छीजस्ता धार्मिक विषयवस्तुलाई पनि चित्रमा प्रस्तुत गरेकी छिन्।

### चित्रकला कार्यशाला

काठमाडौं कन्टेम्पोरेरी आर्ट सेन्टरको आयोजनामा राजधानीमा तीनदिने 'चिल्ड्रेन्स वर्कसप' सञ्चालन गरिएको छ। चित्रकलासम्बन्धी उक्त कार्यशालामा ८ देखि १२ वर्ष उमेर समूहका बालबालिका सहभागी छन्। कार्यशाला गत आइतबार, सोमबार तथा मंगलबार सञ्चालन गरिएको हो। यसबीच आर्ट सेन्टरले आगामी पुस २१, २२ तथा २३ गते पनि यही कार्यशाला सञ्चालन गर्ने जनाएको छ।

## ● लाइभ ●



### पलेंटीमा आभास

अंग्रेजी महिनाको अन्तिम शुक्रबार आयोजना हुँदै आएको सांगीतिक श्रृंखला पलेंटीमा यसपटक गायक आभास प्रस्तुत हुने भएका छन्। पलेंटीलाई संयोजनसमेत गर्दै आएका आभासले आज पुस १० गते नेपालयको 'आर' शालामा डेढ दर्जनभन्दा बढी गीत सुनाउनेछन्। उनी यसपालि केही नयाँ गीतसमेत सुनाउने योजनामा छन्। २००९ सालको वर्षान्त पलेंटी डिसेम्बर २५ तारिख (पुस १० गते) कालिकास्थानस्थित नेपालयको 'आर' शालामा हुँदैछ।

### हिल द वर्ल्ड

प्लान मेकर्स एजुकेसन कन्सल्टेन्सीको आयोजनामा भोलि शनिबार राजधानीमा एउटा सांगीतिक कार्यक्रमको आयोजना गरिनेछ। ग्लोबल वार्मिङको बारेमा जनचेतना जगाउने उद्देश्यले उक्त कन्सर्ट पिंगलस्थानस्थित नेपाल म्युजिक सेन्टरमा आयोजना गरिनेछ। दिउँसो १ बजेदेखि प्रारम्भ हुने कन्सर्टमा लोचन रिजाल, हरि महर्जन, श्रीष खड्का, किरण पुञ्ज आदि गायकहरूले गीत-संगीत प्रस्तुत गर्दैछन्।

### डान्स विद सेलिब्रेटी

वर्ष २००९ को अन्तिम दिन अर्थात् आगामी बिहीबार राजधानीमा एउटा बृहत् डान्स पार्टीको आयोजना गरिने भएको छ। बुम इन्टरनेसनलमा डिजे राजुसँग डिजेइङ सिकेका डिजेहरूले सञ्चालन गर्ने उक्त डान्स पार्टीको शीर्षक डान्स विद सेलिब्रेटी : न्यू इयर इभ स्पेसल राखिएको छ। दरबारमार्गस्थित उडल्यान्ड कम्प्लेक्सको भिन्टेज क्याफे एन्ड पबमा आयोजना गरिने यो डान्स पार्टीमा चलचित्र, संगीत, मोडलिङ तथा राजनैतिक क्षेत्रका चर्चित अनुहारहरूले एकै ठाउँमा भेला भएर नयाँ वर्ष २०१० को स्वागत गर्नेछन्। डान्स पार्टी साँझ सात बजेपछि प्रारम्भ हुनेछ।

## ● पुस्तक ●

### संक्रमणको साहित्य र समकालीनता


पुरुषोत्तम सुवेदीद्वारा लेखिएको समालोचनात्मक कृति संक्रमणको साहित्य र समकालीनतामा वर्तमान नेपालको साहित्यिक गतिविधिको चिरफार गरिएको छ। साहित्यमा समालोचना त्यसै पनि जटिल विधा मानिन्छ। यस्तो जटिल विधामा कलम चलाउँदै राजनैतिक रूपमा संक्रमणको अवस्थामा रहेको नेपाली समाजमा साहित्यले कस्तो कोल्टो फेरिरहेको छ भन्ने प्रसंगमा आधारित यो पुस्तक उपयोगी छ। साझा प्रकाशनद्वारा प्रकाशित यो पुस्तकको मूल्य २ सय ५० रुपैयाँ छ।

### संघीयता र पूर्वी तराई

अहिले मुलुक संघीयतामा प्रवेश गर्ने कि नगर्ने भन्ने दोसाँधमा छ। यही परिप्रेक्ष्यमा पूर्वी तराईको सन्दर्भलाई केलाउँदै डम्बर खतिवडा र केशव दाहालले उक्त क्षेत्रको भूगोल एवं इतिहास केलाउँदै पूर्वी तराईको संघीय सम्भावनालाई प्रस्तुत गरेका छन्। पुस्तकमा पूर्वी तराईको वर्तमान राजनैतिक जटिलताको समेत समीक्षा गरिएको छ। वैकल्पिक विचार मञ्चद्वारा प्रकाशित यो कृतिको मूल्य ३ सय रुपैयाँ छ।


### सपनामा हराएको विपना

कवि तीर्थराज अधिकारीका ३७ वटा कविताको संग्रह सपनामा हराएको विपना कृष्णमनोरथ प्रतिष्ठानले प्रकाशित गरेको हो। छन्दमा आधारित कविताहरूको यो संग्रह साहित्यिक आधुनिकताको परिवेशमा नौलो लाग्न सक्छ। यो कृतिमा कविले जटिल मानिने अनुष्टुप छन्दको प्रयोग बढी गरेका कारणले पनि कतिपय कविता जटिल हुन पुगेका छन्। यो कृतिको मूल्य १ सय रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

पुस १० गते : क्रिसमस दिवस, १३ गते : पुत्रदा एकादशी, १५ गते : तमु ल्होछार, १६ गते : चन्द्रग्रहण, पूर्णिमा, माघस्नान प्रारम्भ, स्वस्थानी व्रतकथा प्रारम्भ, चाँगुनारायण हनुमत्तीर्थ त्रिवेणी मेला।

### मेष

खर्च, विवाद एवं चिन्ताले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। दुबिधाले अप्ठ्यारो स्थिति आउन सक्छ। शनिबारदेखि समय परिवर्तन हुनेछ। बिर्सनेहरूले सम्झन थाल्नेछन्। प्रशंसा पनि पाउनुहोला। नयाँ काम आरम्भ गर्ने अवसर मिल्नेछ।

### मिथुन

कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग प्राप्त होला। भाग्यले साथ दिनेछ।

### सिंह

सुरुमा स्वास्थ्य प्रतिकूल रहनेछ। आइतबारदेखि भाग्यले साथ दिनेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा राम्रै सफलता पाइनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। धन आर्जन तथा प्रेम गर्ने अवसर जुट्नेछ। आफूमाथि महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। शत्रुबाट सजग रहनुहोला।

### तुला

शत्रुबाट सजग रहनुहोला। स्वास्थ्य गडबड रहनेछ। कामको बीचमा अवरोध आउनाले मनोबल घट्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। घरेलु समस्याले सताउनेछ। साताको अन्त्यतिर पराक्रम बढ्ने, अधुरा काम बन्ने, नयाँ काम पाउने योग छ।

### धनु

आफन्तहरूले सहयोग गर्नेछन्। नयाँ मित्रको आगमनले मन हर्षित हुनेछ। घरेलु काममा रुचि बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ। सहयोग गर्ने तत्परता देखाउनेहरू प्रसस्तै हुनेछन्। खानपानमा विचार पुऱ्याउनुहोला।

### कुम्भ

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। ठूला व्यक्तिसित गरिने अन्तरक्रियाले मनोबल बढाउनेछ। अध्ययनमा सोचेभन्दा बढी नै लाभ मिल्नेछ। आम्दानीको नयाँ स्रोत हात पर्नेछ। प्रतिस्पर्धामा जित तपाईंकै हुने देखिन्छ।

### वृष

काममा संयमित रहनुहोला। धन आर्जन हुने योग भए पनि स्वास्थ्य गडबड हुनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सानो कुराले पनि अप्ठ्यारोमा पार्न सक्छ। अध्ययनमा अवरोध आउन सक्छ। गलत विचार बढ्नाले विनाकारण दोषी बन्नुपर्ला। व्यवसायमा गरिएका प्रयास भने फलदायी रहनेछन्।

### कर्कट

साता प्रतिस्पर्धि रहनेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुपर्नेछ। भाग्य बलियो छ। कडा प्रतिस्पर्धाको सामना गर्नुपर्ला। मानसम्मान पाइनेछ भने धन आर्जन पनि हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट खासै सहयोगको अपेक्षा नगर्दा हुन्छ।

### कन्या

यात्रा हुनेछ भने मन प्रसन्न रहनेछ। धेरै मित्रले धोका दिए पनि केही मित्रले सहयोग पुऱ्याउनेछन्। धन आर्जन हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। घरेलु काममा रुचि बढ्नेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### वृश्चिक

अध्ययनमा गरेको प्रयास सफल हुनेछ। मन प्रसन्न रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। सोच्ने शक्ति तथा बोलीको प्रभाव बढ्ने योग भए पनि विवादको सामना गर्नुपर्ला। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्।

### मकर

विवादले सताउने एवं झूटा आरोप लाग्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग भए पनि मनमा अस्थिरताले डेरा जमाउनेछ। बोलीको प्रभावमा केही काम सफल तुल्याउन सकिनेछ। अध्ययनमा सफलता मिल्ने देखिँदैन। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### मीन

मनसम्मान पाइनुका साथै सभा-सम्मेलनमा सहभागी हुने योग छ। ठूला व्यक्तिसितको अन्तरक्रियामा दक्षता देखाउने अवसर प्राप्त होला। सानै प्रयासले ठूलो काममा सफलता प्राप्त हुनेछ। व्यवसायमा सफलता पाइनेछ। अध्ययनमा रुचि बढ्नेछ। खर्च, विवाद एवं दुबिधा बढ्न सक्ने भएकाले धैर्यता अपनाउनु उचित हुन्छ।

# हात्ती दौडको तयारीमा सौराहा

● प्रवीण दत्त

चितवन- मुलुककै तेस्रो पर्यटकीय नगरी चितवनको सौराहा यतिबेला दुलहीझैं सिंगारिएको छ। यो पर्यटकीय क्षेत्रका रेस्टुराँ तथा पबहरूमा सरसफाइको काम धमाधम चलिरहेको छ। पर्यटक आकर्षणको केन्द्र स्थानीय ठमेल चोक वरपर फोहोर नदेखिने गरी सफासुग्घर पारिएको छ। पुर्व-पश्चिम राजमार्ग टाँडीबाट सौराहा जोड्ने कच्ची बाटोमा धमाधम मर्मत-सम्भारको काम पनि सुरु भएको छ। यहाँ आउने पर्यटकलाई अप्ठेरो नहोस् भनेर सडक सुधारको कामले अहिले गति लिएको छ। यो क्षेत्रका पुराना तथा जीर्ण होटलहरूमा धमाधम पुर्ननिर्माणको काम भैरहेको छ। स्थानीय पर्यटन व्यवसायीहरू दिनहुँ छलफलमा व्यस्त छन्। पर्यटकीय आवागमनका लागि सिजन अफ भए पनि यी व्यवसायीहरू कस्सिनुको कारण भोलि पुस ११ गतेदेखि यहाँ आयोजना हुने हात्ती महोत्सवको तयारी हो।



विगत पाँच वर्षदेखि हुँदै आएको अन्तर्राष्ट्रिय हात्तीदौडले यस वर्ष पनि निरन्तरता पाउनेछ। त्यसको तयारीका लागि स्थानीय पर्यटन व्यवसायी, समाजसेवी तथा थारू अग्रजहरू जुटेका छन्। हुन त विगत २७ वर्षदेखि चितवनमै आयोजना हुँदै आएको तथा अन्तर्राष्ट्रिय स्तरमै ख्यातिप्राप्त अन्तर्राष्ट्रिय हात्तीपोलो प्रतियोगिता यस वर्ष यहाँ आयोजना भएन। उक्त प्रतियोगिता यस वर्ष बर्दियामा सम्पन्न भयो। त्यसैले पनि यहाँका स्थानीय बासिन्दा मात्र नभै चितवनवासी नै अन्तर्राष्ट्रिय हात्तीदौड सफल बनाउन कस्सिएका छन्।

लोप हुँदै गएको हात्तीको संरक्षण तथा त्यसको महत्त्वका सम्बन्धमा जानकारी गराउनु यो दौडको उद्देश्य भए पनि यसले चितवनमा पर्यटक भित्र्याउन ठूलो मद्दत गरेको छ। अंग्रेजी नयाँ वर्ष तथा विदेशीहरूको मुख्य चाड क्रिसमसमा यहाँ भित्रिएका पर्यटक बाहिरिने हुनाले उनीहरूलाई यो प्रतियोगिताको माध्यमबाट थप केही समय रोक्न सकियोस् भन्ने उद्देश्यले पनि यो महोत्सवको आयोजना हुँदै आएको छ। छैटौं अन्तर्राष्ट्रिय दौड यही पुस ११ देखि १३ गतेसम्म सौराहाको बाघमारा सामुदायिक वनको चौरमा हुने भएको छ। विश्वका विभिन्न मुलुकले भाग लिने यो प्रतियोगिताले मुलुककै पर्यटन व्यवसायको प्रचार-प्रसारमा राम्रो भूमिका खेल्दै आएकाले पनि यसलाई निरन्तरता दिइएको हात्तीदौडका संयोजक तथा क्षेत्रीय होटल संघका प्रथम उपाध्यक्ष शंकर सैंजुले बताए।

प्रतियोगिताका लागि विगत दुई सातादेखि हात्तीहरूलाई अभ्यास खेल सिकाइँदै आएको छ भने उनीहरूको स्याहारसुसार तथा खानपिनमा समेत विशेष सतर्कता अपनाइएको छ। तीन दिनसम्म चल्ने यो महोत्सवको मुख्य आर्कषण हात्तीदौड नै भए पनि यसका अतिरिक्त हात्तीका छावाहरूबीचको रोचक फुटबल प्रतियोगिता, गाडादौड, टाँगादौड, डुंगादौडसमेत समावेश हुँदै आएको छ। यसका अतिरिक्त दिनहुँ आयोजना हुने सांस्कृतिक कार्यक्रमसमेत यसको अर्को आर्कषक पक्ष बन्ने गरेको क्षेत्रीय होटल संघका अध्यक्ष हरिभक्त घिमिरे बताउँछन्।

वन्यजन्तुसँग रमाउने पर्यटकले यस वर्ष हात्तीसम्बन्धी विशेष जानकारी यो महोत्सवबाटै लिन सक्नेछन्। दौडमा सहभागी गराउन २० वटा हात्ती छुट्याइए पनि अधिकांश बुकिङ भैसकेको महोत्सवका सदस्य-सचिव दामोदर रेग्मीले बताए। रेग्मीले दौडमा सहभागी गराउन विदेशी टिमलाई प्राथमिकतामा राखे पनि स्वदेशी संघ-संस्थालाई पनि नछोड्ने बताए। त्यस्तै प्रतियोगिताअर्न्तगत गाडामा २४ टिम, टाँगामा ४० तथा डुंगामा ६ वटा टिम सहभागी हुनेछन्।

हात्ती छावाबीचको फुटबल प्रतियोगिता अधिकांश दर्शकले रुचाउने हुँदा ती छावाहरूलाई अहिलेदेखि नै तालिमस्वरूप अभ्यास खेलहरू गराइँदै आएको छ। विदेशी मात्र नभै स्वदेशीको समेत रोजाइमा पर्ने यो महोत्सव अवलोकन गर्न विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकको समेत घुइँचो लाग्ने गरेको छ। महोत्सवमा भित्रिने पर्यटकका लागि खाने-बस्ने व्यवस्था प्याकेजमा पनि उपलब्ध गराइएको छ। प्रतियोगिता सम्पन्न गर्न ८ देखि १० लाख खर्च हुने संयोजक सैंजूले बताए।










● सम्पादकीय ●

## खुल्ला हस्तक्षेपको निम्तो

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले नागरिक सर्वोच्चताको आफ्नो कथित माग पूरा गराउन मुलुकका राजनैतिक दलहरू तथा प्रधानमन्त्रीसाग अबउप्रान्त वार्ता नगर्ने र त्यसका लागि नयाा दिल्लीसाग मात्र वार्ता गर्ने घोषणा गरेर भारतलाई नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न खुला नियन्त्रणा दिएका छन् । यस्तो घोषणा गर्दै अध्यक्ष दाहालले भनेका छन्– अहिले नागरिक सर्वोच्चता दिल्ली पुगेको छ । मुलुकका प्रमुख राजनैतिक दलका नेताहरूलाई दिल्लीको नोकरको संज्ञा दिंदै अध्यक्ष दाहालले सोझै दिल्लीसाग वार्ता गर्नुपर्ने बताएर आफ्नो राजनैतिक कदमाथि आफैंले प्रहार गरेका छन् । मुलुकको कुन–कुन राजनैतिक दल र नेताहरू दिल्लीका नोकर हुन् भन्ने सन्दर्भमा दाहालले अहिले सत्तामा रहेका सबैजसो राजनैतिक दललाई आक्षेप लगाएका छन् । उनको यस्तो व्यवहारले यतिखेर मुलुकका प्रमुख नेता तथा बुद्धिजीवीहरू आहत मात्र भएका छैनन् अपितु चकितसमेत हुन पुगेका छन् । अध्यक्ष दाहालको यस्तो उद्घोषप्रति प्रतिक्रिया जनाउादै अधिकांश सत्तारूढ तथा सत्ताबाहिरका राजनैतिक दलका नेताहरूले भनेका छन्– अध्यक्ष प्रचण्डको त्यस्तो उद्घोष नेपाली जनता र मुलुकको समस्याप्रतिको विश्वासघात हो । जनताको विश्वास गुमाएकाले नै सत्ताका लागि माओवादी नेतृत्वले दिल्ली गुहारेको हो ।

बेला–बखतमा भारतबाट सञ्चालित भएको आरोप–प्रत्यारोप आफ्नै दलभित्र समेत झेल्दै आएका माओवादीहरूले पछिल्लो समयमा नागरिक सर्वोच्चता र राष्ट्रिय स्वाधीनताको कुरा उठाउादै नेपालका राजनैतिक दलहरूप्रति अविश्वास व्यक्त गर्दै आएका छन् । एक दशक लामो जनयुद्धका क्रममा भारतमै आश्रय लिएका अधिकांश माओवादी नेताहरू यतिखेर नेपालको आन्तरिक राजनीतिमा भारतले कथित प्रभु को भूमिका निर्वाह गरिरहेको ठहर गर्नु र नेपालका राजनैतिक दलहरूलाई भारतबाट सञ्चालित भएको आरोप लगाउनु संयोग मात्र होइन । माओवादीको यस्तो धारणा जसरी पनि सत्तामा पुग्ने र नेपाली जनतामाथि बन्दुकको दम्भ देखाउादै शासन गर्ने अभिलाषाबाट प्रेरित छ भन्ने कुरा घामजत्तिकै छर्ल छ । नागरिक सर्वोच्चताको कुरा उठाउने राजनैतिक दलले नागरिकहरूबाटै निर्वाचित संविधानसभामा व्यक्त भएको जनमतको उपहास गर्नुले पनि उनीहरूको नागरिक सर्वोच्चताको अर्थ के हो भन्ने कुरा स्पष्ट हुन्छ । जनताको अभिमतलाई लत्याएर सत्ताका लागि भारतसाग वार्ता गर्ने वा भारतमार्फत दबाब सिर्जना गरेर बहुमतको सरकार ढाल्ने अहिलेको माओवादी योजना कति राष्ट्रवादी होला ? यो कुरा नेपाली जनताले राम्रैसाग बुझेका छन् ।

**समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।**

● चिठीपत्र ●



## अब यस्तो आन्दोलन गरौं

लोडसेडिङको अन्धकारमुनि छामछाम–छुमछुम गर्दै रात गुजार्नुपरिरहेको अटस–मटसको वातावरणबाट कहिले मुक्ति पाइने हो भन्ने जनता प्रशस्त छन्। पानीविनाको काकाकूल जीवनको भोगाइ पनि कम कठिन छैन। समस्याको सूची बनाएर हेर्ने हो यसको फेहरिस्त कति लामो हुन्छ कति ? जनताले संविधान निर्माण गर्न पठाएका नेताहरूले भत्ता त खाएका छन्, तर संविधान निर्माणमा त्यति तदारूकता देखाएको पाइएको छैन।

अहिले नेपालको राजनीति फाली अड्किएको हलोजस्तो छ। यसरी कति दिनसम्म चल्छ ? जहाँ राजनैतिक स्थिरता कायम भएको छ, त्यहाँको विकासको दर कति माथि छ ? हामी गरिब, हामी पिछाडिएका, हामी निर्बलजस्ता हीनताबोध कहिलेसम्म पालिरहनुपर्ने ? यो सबको कारण हाम्रो देशलाई हाँक्ने नेताहरूको कमजोरीबाहेक अरू केही हुन सक्दैन।

नेपाली राजनैतिक आकाशमा जहिले पनि आशंका, अविश्वास अनि बेमेलका काला बादलहरू मडारिँदै आएका छन् । नेपाल गणतन्त्रसम्म आइपुग्दा पनि राजनैतिक दलहरू सत्ताप्राप्तिको दाउपेचमा लडिरहेका छन् । एक–अर्काको विरोधमा समय खर्चिरहँदा अति आवश्यक तत्व जसलाई आमजनता र देशले खोजिरहेको थियो, जसको समाधान खोजिनुपर्थ्यो, सरोकारको विषय बन्न सकेका छैनन् । राजनैतिक दलहरूको खिचातानीले आमजनतामा निराशा छाउँदै गएको छ । देशमा केही त होला भन्ने आशामा रहेका जनताको मनमा कलुषित हिलो छ्याप्ने काम कदापि हुनु हुँदैन, तर अहिले देश महँगीले जर्जर बनेर आम नेपाली जनता आहत र पीडित छन् ।

लोडसेडिङको अन्धकारमुनि छामछाम-छुमछुम गर्दै रात गुजार्नुपरिरहेको अटस-मटसको वातावरणबाट कहिले मुक्ति पाइने हो भन्ने जनता प्रशस्त छन् । पानीविनाको काकाकूल जीवनको भोगाइ पनि कम कठिन छैन । समस्याको सूची बनाएर हेर्ने हो यसको फेहरिस्त कति लामो हुन्छ कति ? जनताले संविधान निर्माण गर्न पठाएका नेताहरूले भत्ता त खाएका छन्, तर संविधान निर्माणमा त्यति तदारूकता देखाएको पाइएको छैन ।

नयाँ नेपाल बनाउने नारा गगनभेदी स्वरमा उराले पनि अहिले सबै चलखेल र हठहरू देख्दा उही पुरानो नेपालको छवि र पात्रहरूले भूमिका खेलिरहेको अनुभूति हुन्छ । यहाँ राजनैतिक पार्टीहरू सहमतिको संस्कारको मूल्य-मान्यता बिर्सेर केवल आफ्नै सर्वोच्चता कायम गर्न मरिमेटेका हुन् कि भन्ने भ्रम जनमानसमा परेको छ । अब जनताले कतिसम्म आन्दोलनको भुमरीमा बस्नुपर्ने हो, एउटा अहं सवाल खडा भएको छ । के कारणले हामी आफ्नै भिजनबाट विमुख हुँदैछौं ? के कारण हामी अवसरको सदुपयोग गरेर माथि उठ्न सक्दैनौं । देशको हरेक क्षेत्र राजनैतिक हस्तक्षेपका कारण थिलथिलो पारिएको छ । स्कुल, कलेज, अफिसदेखि फुटपाथसम्म राजनैतिक रङ्गले लतपतिएको छ ।

अहिले नेपालको राजनीति फाली अड्किएको हलोजस्तो छ । यसरी कति दिनसम्म चल्छ ? जहाँ राजनैतिक स्थिरता कायम भएको छ, त्यहाँको विकासको दर कति माथि छ ? हामी गरिब, हामी पिछाडिएका, हामी निर्बलजस्ता हीनताबोध कहिलेसम्म पालिरहनुपर्ने ? यो सबको कारण हाम्रो देशलाई हाँक्ने नेताहरूको कमजोरीबाहेक अरू केही हुन सक्दैन । हाम्रो देशमा नेताहरू थुप्रै जन्मिए, तर राजनीतिलाई सही दिशामा प्रयोग गरेर देश र जनताको भलाइका काममा लाग्नेहरू विरलै छन् । नेताहरूको दूरदर्शिताको आभाव र उनीहरूमा रहेको हठकै कारण देश र जनताले कति बर्बादी मोल्नुपर्ने हो ? अहिले आमजनताको चाहना भनेको देशमा शान्ति अमनचयन कायम हुनु, सबै कुरा सहज, सरल र सस्तोमा पाउनु, बिजुली बत्ती, पानी, सडक, शिक्षा, स्वास्थ्य, संचारजस्ता कुरा सहज रूपमा आऊन् भन्ने हो । बरु महँगी, गरिबी, पिछडापनका विरुद्ध एउटा आन्दोलन छेडौं, जसका कारण देश र जनताको भलो होस् ।

**–रेशमकुमार सुनवार**

● तीतो सत्य ●

● आँखाको हेराइमा भन्दा मनको हेराइमा वास्तविकता हुन्छ ।

● रूपले नभै व्यवहारले नै मानिस सबैको प्रिय बन्न सक्छ ।

● एउटै कार्यले पनि व्यक्तिलाई वास्तविक परिचय दिनसक्छ ।

● धनले भौतिक वस्तु मात्र खरिद गर्न सक्छ, यथार्थ खरिद गर्न सक्दैन ।

**–दीपक गोतामे**

● मानिस मानसिक रूपमा जति शिक्षित हुँदै जान्छ शारीरिक रूपमा त्यति धेरै सरल हुँदै जान्छ ।

● शरीर आत्माको डेरा मात्र हो ।

● सन्तुष्ट मानिसले आफ्नो स्थिति उकास्न सक्दैन ।

● शत्रुलाई बसमा ल्याउने मात्र विकल्प माया हो ।

● सफलताको उकालोमा पहिलो पाइला साहस हो ।

**–हरिशप्रसाद अवस्थी**

● आफ्नो हार नै शत्रुको आत्मबल बढ्नु हो ।

● भविष्यको डर नमान्नेले वर्तमानबाट आनन्द लिन खोज्छ ।

**–सुनिल गुरुङ**

● मानिसले एक-अर्काप्रति राख्नुपर्ने सहयोगी भावना बिर्सन्छ भने ऊ कसैको विश्वासपात्र हुन सक्दैन ।

**–उदीर्ण के.सी.**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●

## राजेशले पाए बेलायती पुरस्कार



१६ वर्षको उमेरदेखि किराँत इतिहास र मिथिकको खोजीमा लागेर किराँतहरूका लोककथा संकलनमा लागेका राजेश राई १९ वर्षको कलिलो उमेरमै २०६३ सालमा विष्णु छत्र कृति सम्मानबाट पुरस्कृत भैसकेका छन् । तिनै राई बेलायतका नेपालीहरूले स्थापना गरेको देवान स्मृति पुरस्कारबाट पुरस्कृत भएका छन् । भोजपुर खाटम्बामा जन्मिएर धनकुटामा विगत पाँच वर्षदेखि पत्रकारिता गरिरहेका २२ वर्षीय युवा पत्रकार तथा साहित्यकार राजेश राईले दुईवटा कृति प्रकाशित गरिसकेका छन्, जसमा एउटा कविता-संग्रह र अर्को किराँत लोक कथासंग्रह, जुन अंग्रेजी र जापानी भाषामा पनि भैसकेको छ । अनलाइन नेपाली साहित्य मञ्च (साहित्य घर डट कम) बेलायतले प्रत्येक वर्ष प्रदान गर्ने यो पुरस्कार विगत एक दशकदेखि निरन्तर नेपाली साहित्यमा योगदान पुऱ्याएबापत राईलाई दिएको हो । यो पुरस्कार धनुकुटा बोधेमा जन्मिएर कर्मक्षेत्र खोज्दै कतार पुगेर स्वर्गारोहण भएका मिलन देवानको स्मृतिमा उनको परिवारले वि. सं. २०६४ मा स्थापना गरेका हुन् ।

**भिषा काफ्ले**

● मोडल वाच ●

## म्युजिक भिडियोमा रजीव



रजीव मूलतः मार्शल आर्टका खेलाडी हुन् । मार्शल आर्टमा थ्री डान भैसकेका रजीव चित्रकलाका स्नातक पनि हुन् । ५ फिट १० इन्च अग्ला रजीवलाई आफ्नो पेसा र शिक्षाभन्दा फरक मोडलिङमा रुचि जाग्यो । खेलाडी ज्यान भएकाले उनको बाइसेप्स र ट्राइसेप्स गतिला छन् । प्रदीप कसपालको निर्देशनमा गायिका प्रशंसा श्रेष्ठको एउटा गीतमा मोडलिङ गरिसकेका रजीवले वास्तविक द्वन्द्वकला जाने पनि फिल्मी द्वन्द्वको पनि प्रशिक्षण लिएका छन् । नाच र अभिनय पनि सिकेका छन् । एक्सन हिरो हुने दौडमा सामेल भए पनि राम्रो भूमिकाबाट प्रस्ताव नआएसम्म उनी चलचित्रलाई भन्दा म्युजिक भिडियोको मोडलिङलाई बढी प्राथमिकता दिने बताउँछन् । 'छिट्टै घरघरमा पुगेर चर्चा कमाइने भएकाले म्युजिक भिडियोमा काम गर्न बढी मन पराउँछु,' -उनले बताए ।

● मुखाले ●

कठपुतलीहरूसाग वार्ता गरेर केही भएन, अब तिनका मालिकसाग वार्ता सुरु भएको घोषणा गर्छु ।

**पुष्पकमल दाहाल**

नेपाली जनता, दलहरू र नागरिक समाजसागको विश्वास गुमाएकाले माओवादी नेतृत्वले दिल्ली गुहारेको हो ।

**रामचन्द्र पौडेल**

ठूला पार्टीका नेताले दिल्लीमा वार्ता गर्छु भन्नु अराष्ट्रिय कुरा हो । यसले सारा नेपालीको बेइज्जत गरेको छ ।

**सूर्यबहादुर थापा**

आफ्नो देशको समस्याका लागि विदेशीलाई गुहार्नु राष्ट्रिय हितविपरीत हो ।

**उपेन्द्र यादव**

दाहालको अभिव्यक्तिले नेपाली जनता, राष्ट्र, राष्ट्रियता र स्वाभिमानको अपमान गरेको छ ।

**विजयकुमार गच्छदार**

दाहालजीले विश्वका हरेक मुलुकसाग वार्ता गर्न सक्छन् ।

**हृदयेश त्रिपाठी**

माओवादीहरू संविधानसभालाई प्रयोजनहीन तुल्याउने कसरत गरिरहेका छन् ।

**प्रदीप ज्ञवाली**

माओवादीहरू कम्युनिस्टको नाम कलंकित बनाउन लागेका छन् ।

**केपी शर्मा ओली**

# छातीमा रौं भएका दुई मात्र नेता छन्

काठमाडौं नयाँ सडकमा आज जुन स्थानमा विशालबजार छ उक्त स्थानमा २०१८ सालअघि जनसेवा नामको चलचित्रघर थियो। त्यसबेला चलचित्र सबैका लागि कौतूहलको वस्तु थियो। चलचित्रहलका सञ्चालकको रवाफ राजकुमारको जस्तै हुन्थ्यो। एक दिन खर्पनमा तरकारीको भारी बोकेका एक जना ज्यापु चलचित्र हल सञ्चालककी श्रीमतीसँग ठोक्किन पुगे। ठूला-बडाकी श्रीमतीलाई धकेलेको आरोपमा चलचित्रहलका मालिकले ती ज्यापुलाई मरणासन्न हुने गरी पिटे। भर्खरै प्रजातन्त्र मासिएको र उक्त चलचित्रहलसँग राजा महेन्द्रको निकट सम्बन्ध भएका कारण यो घटना प्रजातन्त्रवादीहरूका लागि मसला बन्यो। तुरुन्तै नेपाली कांग्रेसका कार्यकर्ता एवं नेवार समुदायका युवकहरु मिलेर हलमा आगो लगाए । चलचित्र भवनका कर्मचारी खोजीखोजी पिटिए। एक सातासम्म नयाँ सडकमा रणसंग्राम मच्चियो। चलचित्र भवन जलाएको आरोपमा थुप्रै युवा थुनिए। तीमध्ये एक थिए- दामोदर गौतम। १६ वर्षको उमेरमै चलचित्र भवन जलाउने अराष्ट्रवादी तत्वका रुपमा जेल परेका दामोदर गौतम त्यसयता प्रजातन्त्रका लागि पटक-पटक गरी १० वर्ष जेल बसे। पार्टीभित्र गणेशमान सिंह र बीपी कोइरालाको नजिक रहेर काम गरे पनि २०४६ सालपछि उनी पछाडि परेका छन्। पार्टीको कामबाहेक गौतम वीर अस्पतालमा रहेको सञ्जीवनी संघका अध्यक्षका रुपमा गरिब बिरामीका लागि नि:शुल्क रगत एवं खर्चको व्यवस्था गर्छन्। उनी चर्चित पुराणवाचक नारायण पोखरेलले अध्यक्षता गरिसकेको विश्व हिन्दू महासंघका अध्यक्ष पनि हुन्। यो संस्थामार्फत उनी एक मात्र हिन्दूराष्ट्र नेपालको पुरानो पहिचान फिर्ता गराउन संघर्ष गरिरहेका छन्। त्यसबाहेक उनी अन्तरधार्मिक परिषद् नेपालका अध्यक्षका रुपमा नेपालमा रहेका विभिन्न धर्मगुरुहरुसँग मिलेर देशलाई धार्मिक कलहविहीन बनाउने अभियानमा पनि सक्रिय छन्।



तस्बिर : नवराज बाग्ले

दामोदर गौतम, अध्यक्ष, विश्व हिन्दू महासंघ

**तपाईं सम्पन्न सैनिक बुबाको एक्लो छोरा हुनुहुन्थ्यो, सुखपूर्वक जीवन बिताउन छाडेर राजनीतिको कठिन बाटो किन समाउनुभयो ?**

राणाको विरोध गरेबापत गणेशमान सिंहलाई त्यसबेलाको सरकारले नमरुन्जेल कोर्रा हान्ने आदेश दिएको थियो । ३ सय कोर्रा हानुन्जेल गणेशमान सिंहले सरकारलाई गाली गरिरहनुभयो । जतिपल्ट कोर्रा बर्सन्थ्यो, गणेशमान सिंह 'राणा सरकार मुर्दाबाद' भन्नुहुन्थ्यो । ३ सय कोर्रापछि भने उहाँ बोल्न नसक्ने हुनुभयो, तर कोर्रा हान्न छाडिएन । उहाँले उभिएरै थप ३ सय कोर्रा खानुभयो । छ सय कोर्रापछि भने उहाँ ढल्नुभयो । राजनीतिमा लाग्दा मानिस कति सशक्त हुन्छ भन्ने यो कथाले हामी युवालाई निकै प्रभाविक तुल्याएको थियो । युवा जहिले पनि रोमाञ्चक साहस एवं आदर्शबाट प्रभावित हुन्छ । मैले राजनीति गर्नुका पछाडि पनि गणेशमानको साहस र बीपीको आदर्श प्रमुख कारण थियो ।

**तपाईंको नेतृत्वमा धेरै आन्दोलन भएको देखिन्छ । तपाईंको विचारमा सबैभन्दा सशक्त आन्दोलनचाहिं कुन थियो ?**

त्यसबेला विभिन्न निहुँमा गरिने छात्र आन्दोलनले पञ्चायती सरकारलाई झस्काउने काम गरेको थियो । किनभने पार्टीगत कार्यक्रम बन्देज थिए । यद्यपि २०२५ सालमा शिक्षामन्त्रीका आफन्तले एसएलसी परीक्षा उत्तीण हुन प्रश्नपत्र आउट गराएछन् । म पनि त्यसै वर्ष एसएली दिँदै थिए । यो कुरा थाहा भएपछि मेरो नेतृत्वमा शिक्षा मन्त्रालय घेराउ भयो । यो आन्दोलन यति सशक्त भयो कि पाँच दिन एसएलसी परीक्षा नै रोकियो । छैटौं दिन नयाँ प्रश्नपत्र छापिएपछि मात्र परीक्षा सञ्चालन हुने सहमति भयो । पञ्चायती व्यवस्थामा आन्दोलनकै कारण गलत काम हुनबाट रोकिनुलाई मैले महत्त्वपूर्ण आन्दोलनका रूपमा लिएको छु ।

**२०४६ सालसम्म पटक-पटक गरी १० वर्ष जेल बसेको तपाईंको बायोडाटामा देखिन्छ तर कांग्रेस राजनीतिमा तपाईं पदमा पुगेको कहिल्यै देखिएन, किन होला ?**

एकपल्ट म साथीहरूसँग वसन्तपुर दरबारमा बसेर जोक सुनिरहेको थिएँ । जोक यति सशक्त थियो कि हामी जोड-जोडले हाँसिरहेका थियौं । त्यसको भोलिपल्ट मलाई प्रहरीले पक्रेर लग्यो । मलाई साऱ्है कौतूहल लाग्यो र मैले प्रहरीसँग किन मलाई पक्राउ गरेको ? भनेर सोधें । प्रहरीले हिजो वसन्तपुरमा जोड-जोडले हाँस्नुका पछाडि के रहस्य छ भनेर पक्राउ गरेको बतायो । यसबाट पनि थाहा हुन्छ, त्यसबेला कुनै राजनैतिक दलमा आस्था राख्नेलाई पक्राउ गर्नु कुनै अनौठो थिएन । पदमा किन पुगिएन भन्ने प्रश्न भने अलि गाह्रो छ, किनभने गणेशमानले पनि आफ्ना छोरालाई अघि बढाए, अहिले गिरिजाबाबुले छोरीलाई अघि बढाएजस्तो । पार्टीमा नातावाद हावी भएपछि हामीजस्ता कार्यकर्ता पछाडि पर्नु स्वाभाविक हो । यद्यपि राजनैतिक कार्यकर्ताहरू पदका लागि कहिल्यै लड्दैनन् । उनीहरू आदर्शका लागि संघर्ष गरिरहेका हुन्छन् । मैले पनि पदका लागि काम गरेको होइन । त्यसैले पद पाइन भन्ने गुनासो छैन ।

**नेपाली जनताले सबै नेतालाई देशका लागि चिन्तित नहुने आरोप लगाउन थालेका छन्, तपाईंको विचारमा यो देशको सच्चा नेताचाहिं को हुन् ?**

अहिले देखिएका मूल धारका सबै पार्टी देश र जनताका पक्षमा भन्दा पनि आफ्नो स्वार्थसिद्धिमा लागेका छन् । देश टुक्रँदैछ तर सबै माओवादीको लहलहैमा लागेर उनीहरूको कुरालाई थाहै नपाएझैं गरी समर्थन गरिरहेका छन् । यो देशमा देखेको कुरा बोल्ने र छातीमा रौं भएका दुई जना मात्र नेता देखेको छु । एक जना जनमोर्चा नेपालका चित्रबहादुर केसी र अर्का नेमकिपाका नारायणमान बिजुक्छे । चित्रबहादुर केसी संघीयताले देश टुक्रन्छ भनेर कराइरहेका छन् तर उनी विचरा

बाँकी पृष्ठ २१ मा

















# करियर एयर होस्टेजमा

● शिव मुखिया

मध्याह्नको कक्षा सकेर बाहिरिँदा सलिना श्रेष्ठलाई एउटा प्रश्नले पर्खिरहेको थियो। एयर होस्टेजमा कस्तो सम्भावना देख्नुभएको छ? कालो लेङ्गिज, नीलो स्कर्ट, सेतो सर्टमाथि रातो स्काफमा ठाँटिएकी श्रेष्ठ प्रश्न सुनेर हडबडाइनन्, सहजै भनिदिइन्- 'एकदमै राम्रो।' अनि आफैंले थपिन्- 'त्यसैले ट्रेनिङ लिन आएकी।'

उनी एयर होस्टेजको सपना पालेर तीन महिनायता तालिम इन्स्टिच्युट धाइरहेकी छन्। 'सबै जना डाक्टर, इन्जिनियर मात्र बन्ने कुरा गर्छन्,' सालिन भावमा प्रस्तुत हुँदै उनले भनिन्- 'त्यसैले अरूभन्दा फरक क्षेत्र रोजेकी।'

आफ्नै घर अघिल्तिर पाइलटको घर भएको र उनको दिनचर्यालाई सानैदेखि नियाल्दै आएकी सलिनाले रोजगारको बाटो आकाशमाथि नै खोज्ने निर्क्योल गरेकी छिन्। 'पाइलट अंकललाई देखेर उहाँको पेसाप्रति आकर्षित भएँ,' गोल्डेन गेट कलेजमा अध्ययनरत सलिनाले भनिन्- 'सायद त्यसैले होला, पाइलट नै नबने पनि एयर होस्टेज बनेर आकाशको यात्रा गर्ने रहर पलायो।'

सुन्दर मुहार र आकर्षक जीउडाल, त्यसमाथि स्पष्ट बोली अनि सभ्य ढंगले प्रस्तुत हुने खुबी। यिनै कुराले आफू एयर होस्टेजमा फिट छु भन्ने लाग्यो उनलाई। अन्ततः प्लस टु सिध्याएपछि उनी सरासर एयर होस्टेजको तालिम लिनतर्फ लागिन्। अहिले तालिम अन्तिम चरणमा पुगेको छ। 'कन्फिडेन्स बढेको छ,' उनले थपिन्-'अब एयर होस्टेजका लागि एप्लाई गर्न सक्छु।'

महोत्तरीमा हुर्किए-बढेकी काजोल ढुंगेल यतिबेला एयर होस्टेज तालिममा व्यस्त छिन्। प्लस टु गरेपछि उनले यतातिर हात हालेको बताइन्। 'सानैदेखिको सपना हो,' एयर होस्टेजप्रतिको आकर्षणका सम्बन्धमा उनले भनिन्- 'अहिले त्यही सपना साकार बनाउने प्रयासमा छु।'

समाजमा फरक देखिनका लागि पनि उनी यो क्षेत्रतर्फ आकर्षित भएको बताउदै थिइन्। 'अहिले त एयर होस्टेज भन्नासाथ फरक दृष्टिले हेर्न थालिएको छ,' निर्धक्कसाथ बोल्न सक्ने काजोलले भनिन्- यसमा 'प्रतिष्ठा र पैसा दुवै थोक छ।'

फरक पेसामा आबद्ध भएर समाजमा बेग्लै प्रतिष्ठा कमाउने सोचमा थिए सलिना र काजोल। त्यसमाथि यात्राको रोमञ्चकता, देशविदेशको भ्रमणको अवसर र आकर्षक कमाइले पनि उनीहरूको रोजाइमा परेको रहेछ- एयर होस्टेज।

सलिना र काजोल मात्र होइन, यतिबेला थुप्रै टिनएजर्सको रोजाइ बन्न थालेको छ- एयर होस्टेज। पैसा र प्रतिष्ठासँगै ग्ल्यामरस पेसा भएकाले उनीहरू यस क्षेत्रतर्फ अकर्षित हुने गरेको प्रशिक्षक लक्कीमणि शाहीले बताइन्। 'एयरलाइन्स थपिने क्रमसँगै यस क्षेत्रमा अवसरहरू पनि देखिन थालिएको छ,' शाहीले भनिन्- 'त्यसैले टिनएजर्सको ध्यान यतातिर तानिएको हो।'

अवसर त छँदैछ, 'फरक' देखिनकै लागि पनि यो क्षेत्र रोज्नेमध्येका हुन् अन्जु र पुष्पा थापा। दिनहुँ भक्तपुरको कमलविनायकबाट नयाँबानेश्वर धाएर एयर होस्टेज तालिम लिइरहेका उनीहरूको एउटै ध्याउन्न छ-'समाजमा फरक पहिचान दिनु।''रोजगारकै लागि त अरू पनि पेसा अपनाउन सकिन्छ,' प्लस टु सिध्याएर तालिममा तल्लिन अन्जुले भनिन्- 'तर एयर होस्टेजमा जस्तो प्रतिष्ठा कमैमा मिल्छ।' उनको भनाइमा सहमति जनाउँछिन् पुष्पा। उनी यसलाई 'लोभलाग्दो पेसा' का रूपमा लिन्छिन्।

निमा गिरी दाङ, घोराहीबाट प्लस टु सकेर राजधानी छिर्नुको एउटै उद्देश्य हो- एयर होस्टेज बन्नु। सानैदेखि एयर होस्टेज बनेर आकाशको सयर गर्ने रहरले डोर्‍याउँदै उनलाई यहाँसम्म ल्याइपुर्‍याएको हो। राजधानीको एक तालिम केन्द्रबाट एयर होस्टेजसम्बन्धी अन्तिम कक्षा लिइरहेकी गिरीले कतार एयरवेजमा एप्लाइसमेत गरेकी छिन्। 'रिजल्ट आउन बाँकी नै छ,' उनले भनिन्। एयर होस्टेजमा राम्रो करियर देखेर निमाले यो क्षेत्र रोजेको बताइन्। त्यसमाथि पैसा, प्रतिष्ठा र रोमाञ्चक यात्रा त छँदैछ।

विमानले उडान भर्नुअघि र अवतरण गरिसकेपछिसम्म उनीहरूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने एयर होस्टेज ट्रेनिङ इन्स्टिच्युटका प्रेम श्रेष्ठले बताए। यात्रा लामो-छोटो हुनसक्छ तर यो यात्रा अवधिभर यात्रुलाई सहज वातावरण बनाउने काम एयर होस्टेजको हो। साथै आपत्कालीन स्थिति वा सम्भावित दुर्घटनाबाट बच्न हरबखत सचेत हुनु आवश्यक हुन्छ।

यात्रुको व्यवहार एकै किसिमको नहुन सक्छ, तर उनीहरूको व्यवहार हेरेर आफ्नो भूमिका परिवर्तन गर्नु हुँदैन। सदैव विनम्र भावमा प्रस्तुत हुनुपर्छ।

'यात्रुको सेवासाथै सुरक्षाका लागि एयर होस्टेजहरू सदैव तयार रहनुपर्छ', प्रशिक्षक शाही भन्छिन्- 'त्यसैले तालिममा उनीहरूलाई कसरी सुरक्षाका लागि काम गर्ने भन्ने विषयमा प्रयोगात्मक जानकारी दिइन्छ।'

यो पेसा जति आकर्षक छ, उतिनै चुनौतीपूर्ण र जोखिमयुक्त पनि। कुनै पनि अवस्थामा जहाज दुर्घटनामा पर्न सक्ने सम्भावना हुन्छ। विमान एक संवेदनशील साधन भएकाले पनि यसमा थुप्रै जोखिम हुन्छन्। यसरी जोखिमपूर्ण अवस्थामा कस्तो सुरक्षा अपनाउने, यात्रुलाई कसरी सन्तुलित राख्ने भन्ने जिम्मेवारी एयर होस्टेजले निर्वाह गर्नुपर्छ, तर यसका लागि एयर होस्टेज तालिम लिइरहेका अधिकांश किशोर-किशोरी जस्तोसुकै जोखिम मोल्न तयार रहेको बताउँछन्। 'जति चुनौतीपूर्ण काम हो, त्यसबाट प्राप्त हुने सफलताबाट पनि उति नै सन्तुष्टि मिल्छ,' सलिना भन्छिन्।

**एयर होस्टेजमा करियर**

जमाना प्रतिस्पर्धाको छ। किशोर-किशोरीहरू प्रतिस्पर्धामा आफूलाई अब्बल सावित गर्न फरक क्षेत्रमा करियर बनाउने सोचाइमा हुन्छन्। त्यसमाथि पैसा, प्रतिष्ठासँगै गाँसिएको क्षेत्र अधिकांशको रोजाइमा पर्ने गरेको छ। यस्तै रोजाइभित्र परेको छ एयर होस्टेज।

यो पेसा जति चुनौतीपूर्ण छ यसमा उति नै संभावना र अवसर पनि छ। प्रारम्भमा एयर होस्टेजका रूपमा नियुक्ति लिए पनि वरिष्ठ एयर होस्टेज, ड्युटी चिफ एयर होस्टेज एवं चिफ एयर होस्टेजसम्मको जिम्मेवारी निर्वाह गर्न सकिन्छ। तह वृद्धिसँगै आम्दानी पनि वृद्धि हुन्छ।

विमान परिचारिकाको तलब र अन्य लाभ एयर लाइन्सको नियमअनुसार हुने भए पनि मूख्य तलबका अतिरिक्त थुप्रै अवसर पाइन्छ। यात्रा भत्ता, वर्षमा एक वा दुई पटक आफू र आफ्नो परिवारको एक सदस्यका लागि निःशुल्क हवाई टिकट, चिकित्सा सुविधा, जीवनबिमा सुविधा आदि प्राप्त गर्न सकिन्छ।

**योग्यता**

एयर होस्टेजमा करियर बनाउन इच्छाशक्ति मात्र पर्याप्त हुँदैन। शारीरिक एवं मानसिक रूपमा योग्य हुनु आवश्यक छ। ग्ल्यामरस पेसा भएकाले आउटलुकमा समेत ध्यान दिइन्छ। हेर्दा सुन्दर, शालिन र आकर्षक हुनुपर्छ, बौद्धिक रूपमा सक्षम हुनु त छँदैछ। 'ब्युटी विथ ब्रेन' यसका लागि योग्य उम्मेदवार हुन्।

एयर होस्टेजका लागि अंग्रेजी भाषा अनिवार्य मानिन्छ। त्यसमा पनि विभिन्न भाषाको ज्ञान भए सुनमा सुगन्ध हुन्छ। मिलनसार, सहनशील, विनम्र व्यवहार एवं हँसिलो मुहार एयर होस्टेजमा हुनुपर्ने गुण हुन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमान कम्पनीहरूमा विमान परिचारिकाको योग्यता एवं चयन प्रक्रियामा केही कुरा फरक पाइए पनि समग्रमा धेरै समानता पाइन्छ। कम्तीमा प्रमाणपत्र तह वा सो सरहको अध्ययन पूरा गरेको, अविवाहित तथा १८ देखि २५ वर्ष उमेरभित्र (अन्तर्राष्ट्रियमा २० देखि ३० वर्षसम्मका) हुनुपर्ने, न्यूनतम ५ फिट ३ इन्च उचाइ भएको, आँखामा चस्मा वा कन्ट्याक्ट लेन्स प्रयोग नगरेको, सामान्य दृष्टि भएको हुनुपर्ने प्रावधान छ। त्यसैगरी बेसिक क्याबिन क्रुसम्बन्धी प्रशिक्षण प्राप्त गरेको वा नर्सिङ हस्पिटालिटी म्यानेजमेन्ट सम्बन्धी प्रशिक्षण प्राप्त गरेको, पौडी खेल्न जान्नेसमेत हुनपर्छ।

**प्रशिक्षणमा के सिक्ने ?**

एयर होस्टेजका लागि सैद्धान्तिक एवं प्रयोगात्मक कक्षा लिनुपर्छ। यसमा पनि बेसिक र एड्भान्स गरी दुई तहमा छुट्याइएको हुन्छ, जसमा परिचय, सेवा, जिम्मेवारी एवं प्राविधिक पक्षका सम्बन्धमा जानकारी गराइन्छ। यात्रुसँग कसरी व्यवहार गर्ने, विनम्रता एवं सभ्य ढंगले कसरी प्रस्तुत हुने जस्ता कुरा पनि प्रशिक्षणमा सिक्नुपर्छ।

प्रशिक्षणका क्रममा विमानमा यात्रुलाई स्वागत गर्नेदेखि अवतरण गरेपछि बिदाइ गर्नेसम्मका कला सिकाइने प्रशिक्षकहरू बताउँछन्। यसैगरी आपत्कालीन अवस्थामा जोगिने उपायका सम्बन्धमा पनि प्राथमिकताका साथ जानकारी दिइन्छ। यसका अतिरिक्त व्यक्तित्व विकास, टिकटिङ एयर क्राफ्ट, जिम्मेवारी र कर्तव्य, फ्लाइट अनाउन्समेन्ट, फ्लाइट इक्विपमेन्ट, सुरक्षा, साधारण स्वास्थ्य उपचार, बोर्डिङ कार्ड चेक गर्ने विधि, लामो र छोटो दूरीको उडानमा ब्रेकफास्ट, लन्च, डिनर सर्भ गर्ने तरिका आदि सिकाइन्छ। अन्तर्वार्ता दिने शैली, निवेदन लिने तरिका, तस्बिर खिच्ने-खिचाउने तरिका आदिका सम्बन्धमा पनि जानकारी प्रदान गरिन्छ।

एयर होस्टेजसम्बन्धी प्रशिक्षणमा बेसिक कोर्स तीनमहिने र एड्भान्सतर्फ एक वर्षसम्मको कोर्स हुन्छ, जसअनुसार कम्तीमा ३० हजारदेखि ९० हजार वा त्यसभन्दा बढी खर्च लाग्न सक्छ। एड्भान्स कोर्सअन्तर्गत ६ महिने कोर्स नेपालमा र बाँकी ६ महिने कोर्स भारतमा गराइन्छ।



**लक्किमणी शाही**
प्रशिक्षक, एयर होस्टेज ट्रेनिङ इन्स्टिच्युट

**एयर होस्टेज कस्तो पेसा हो ?**

यो ग्ल्यामरस पेसा हो। कमाइ र प्रतिष्ठाका हिसाबले एयर होस्टेज राम्रो पेसा मानिन्छ। त्यसमा पनि विमानमा यात्रा गर्ने पेसा भएकाले रोमाञ्चक र चुनौतीपूर्ण पेसाका रूपमा पनि यसलाई लिन सकिन्छ।

**यो क्षेत्रको क्रेजचाहिँ कस्तो छ ?**

जुन बेला मैले काम गरें, सन् १९७७ तिर, त्यसबेला खासै क्रेज थिएन। नेपालमा प्रशिक्षण लिने ठाउँ पनि थिएन, तर अहिले भने एकदमै क्रेज छ। एयर होस्टेज बन्ने भनेपछि युवतीहरू हुरुक्कै हुन्छन्।

**रोजगारका लागि सम्भावना कति छ ?**

अहिले एयरलायन्सको संख्या बढ्दै गएको छ। मेरो पालामा नेपाल वायु सेवा निगम मात्र थियो। अहिले नेपालकै एयरलाइन्स कम्पनीहरू धेरै छ। त्यसैगरी अन्तर्राष्ट्रिय एयरलाइन्सले पनि यहाँबाट उडान गर्छ। यसरी हेर्दा एयर होस्टेजको क्षेत्रमा रोजगारको अवसर पनि निकै छ। त्यसो त पानीजहाज र ग्राउन्ड होस्टेजका रूपमा पनि काम गर्न सकिन्छ।

**कमाइ कति हुन्छ ?**

न्यूनतम बेसिक कमाइ नै १५ हजार रुपैयाँ हुन्छ। त्यसमा भत्तालगायत थुप्रै सेवा-सुविधा पाउन सकिन्छ। अन्तर्राष्ट्रिय एयरलाइन्सको कमाइ त अझ आकर्षक छ।

# विवाह भएको डेढ महिनामै बखेडा





नायिका पूजा लामा र डिजे शिशिर स्याङ्दानबीच कसिएको लगनगाँठो १ महिना १५ दिन नबित्दै सम्बन्ध-विच्छेदको बाटोतर्फ अग्रसर भएको छ । गत कात्तिक १५ गते दाम्पत्य जीवनमा जोडिएको यो सम्बन्ध सुमधुर हुन नसकेपछि अन्ततः छुट्टिने मोडमा छ ।

भद्रकाली मन्दिर परिसरमा निकटस्थ व्यक्ति तथा सञ्चारकर्मीहरूलाई साक्षी राखेर सम्पन्न भएको यो जोडीको विवाह १५ मिनेटमै सम्पन्न भएको थियो । किन यति छिट्टै छुट्टिन लाग्नुभएको नि ? भन्ने प्रश्नमा नायिका लामाले साप्ताहिकसँग भनिन्- 'विचार नमिलेर, मैले ऊसँग नबस्ने निर्णय गरिसकें ।'

विवाह भएको १५ दिनमै डिजे शिशिरसँग सम्बन्ध सकिएको घोषणा गरेर शिशिरको घर छोडेकी नायिका लामा सात दिन साथी गायिका निशा सुनारकहाँ बसिन् । निशाको घरमा बसेकै बेला शिशिरले घर जान आग्रह गरेपछि उनी श्रीमान्को घर गएकी थिइन् । 'शिशिरसँगको विवादका कारण निशाकोमा गएकी हुँ, तर त्यसबेला निशा बिरामी हुनुले पनि उनको केयरका लागि जानुपर्ने स्थिति थियो' पूजाले भनिन्- 'पछि शिशिर आएर मिलेर बसौं भनेपछि म उनीसँगै जान बाध्य भएँ ।'

पूजा र शिशिरबीचको भिडियो सार्वजनिक भएपछि उनीहरूले विवाह गरेका थिए । भिडियो सार्वजनिक भएको पर्सिपल्टै विवाह गरेका उनीहरूबीच बढीमा एक साता मात्र सुमधुर सम्बन्ध रह्यो । पूजाका अनुसार विवाहको केही दिनमै शिशिरले तिमीसँग विवाह गर्न मैले आफैंले भिडियो सार्वजनिक गरेको हो भनेपछि उनमा शिशिरप्रति घृणा जागेको थियो । 'कसैले आफ्नी श्रीमतीसँगको गोप्य सम्बन्धलाई आफैं पर्दाफास गरेको हो भन्छ भने त्यस्तो श्रीमान्प्रति मैले कसरी विश्वस्त बनेर जीवन बिताउने ?' प्रश्नोत्तर शैलीमा उनले भनिन्- 'विवाह गर्नकै लागि धोका दिने श्रीमान्ले भोलिका दिनमा झन् कति धोका दिँदै जाला आफैं अनुमान लगाउन सक्नुहुन्छ ।'

यता डिजे शिशिरले भने पूजासँगको भिडियो आफूले सार्वजनिक नगरेको दाबी गरे । शिशिरले यो कुरा सुनेर आफू आश्चर्यमा परेको बताउँदै जीवनमा गर्दै नगरेको गल्तीको आरोप सुन्नुपरेको बताए । 'सतिले सरापेको देशमा राम्रो गर्नेको नराम्रो नै हुन्छ भन्छन् नि' उनले भने- 'मैले उनको बेइज्जतिलाई साम्य गर्न विवाह गरेर सम्बन्धको नाम दिएको हो, मैले भिडियो सार्वजनिक गरेको भए म यहाँ नभएर भागिसकेको हुन्थें ।' पूजाले शिशिरले नै भिडियो सार्वजनिक गरेको बताएकाले अहिले होइन भन्नुलाई नौटंकीको संज्ञा दिइन् ।

विवाहका प्रारम्भिक दिनमा खुसी-खुसी चलिरहेको जीवनमा सानो झगडाले विवादको बीउ रोपेको शिशिर बताउँछन् । उनका अनुसार सानो झगडालाई पनि ठूलो रूप दिने पूजाको बानीले गर्दा पनि विवाद ठूलो बन्दै गएको हो । शिशिरले भने- 'मेरो अन्य युवतीसँग सम्बन्ध छ भनेर उनले विवाद बढाइन् । मेरो पुरानी गर्लफ्रेन्डसँग अद्यावधि सम्बन्ध छ भन्ने उनको भनाइ छ, तर ती गर्लफ्रेन्ड कहाँ छिन् भन्ने मलाई नै थाहा छैन ।'

शिशिरको भनाइको खण्डन गर्दै पूजा भन्छिन्- 'उसले विवाहअघि प्रेमसम्बन्ध रहँदा मेरो पहिलो प्रेम तिमी नै हो भनेको थियो, तर विवाहलगत्तै ऊसँग थुप्रै युवतीसँग सम्बन्ध रहेको थाहा पाएँ, त्यसकारण पनि मलाई उसको व्यवहार सही छैन जस्तो लाग्यो । झूटो बोल्ने उसको बानी रहेछ ।'

सामान्य साथीको रिलेसन मेन्टेन गरिरहने भनेर मात्र हाल शिशिरसँग बस्दै आएको बताउने पूजा चाँडै नै कतार जाने तयारीमा जुटेकी छिन् । 'विवाहअघि नै म कतार जाने प्रक्रियामा थिएँ,' उनले भनिन्- 'अचानक बदनाम हुने स्थिति आइपरेपछि मैले विवाहको बाटो रोजें, ऊ असल जीवनसाथी भैदिएको भए सायद म यतै बस्थें होला, तर मानसिक रूपमा तनाव झेलेर म ऊसँग बस्न सक्दिनँ ।

'विवाहअघि अरूसँगको सम्बन्धलाई लिएर विवाहपछि खुसी साथ चलिरहेको जीवन भत्काउन खोज्नुले पूजाको सन्की व्यवहार प्रस्ट हुन्छ नि,' शिशिरले भने- 'त्यसरी अरूसँगको अफेयरको प्रसंग झिक्ने हो भने मैले पनि पूजासँग गर्ने थुप्रै प्रश्न हुन सक्छन् ।'

शिशिरले श्रीमान्-श्रीमतीबीचको यो झगडा सानो भएको बताउँदै आफू अझै पनि पूजासँगै बस्ने जिकिर गरे । उनले भने- 'म पूजालाई माया गर्थें, गर्छु र गरिरहन्छु । मैले भिडियो सार्वजनिक हुँदा पनि मलाईभन्दा पूजालाई नराम्रो हुन्छ भनेर अपनाएको थिएँ, तर पूजाले मेरो माया बुझ्न सकिनन् ।'

'पूजाले परिवारसँग नबस्ने, तिमी र म दुई जना मात्र बसौं भनेर प्रस्ताव राखेकी छिन्,' डिजे शिशिरले भने- 'त्यसैले अहिले नै हाम्रो सम्बन्ध सकियो भनेर भन्ने आधार छैन, अझै पनि मलाई यो समस्या हल हुन्छ भन्ने विश्वास छ ।'


+2/SLC ९ महिना मै
- ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
- ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
- Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
- SLC/+2 मा ५ विषय पढे पुग्ने ।
- जागिरे /गृहिणीहरुले घरमै बसी पढ्न सक्ने ।
- TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
- Nepali/English भाषामा परीक्षा दिन सकिने ।

पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

Language / Computer
English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
Cook, Waiter, Bartender, Housekeeping, Front Office, Coffee Making, Bakery, Caregiver, Hotel Mgmt., F&B Mgmt.
Airfare & Ticketing (Fare Calculation), Abacus, Amadeus, Galileo, e-ticketing, Travel Operation, Tour & Travel Mgmt, 3/4/5 Star होटलहरुमा तालिम दिइने
Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर — बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) — नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर — नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, + 2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने ।
8/8 महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरूका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु, साथै Tution for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
डिप्लोम्याटिक एकेडेमी — कुमारीपाटी, 5549139 9851021665
ओरियन एकेडेमी — सामाखुशीपुल, 4388400 9851021071 चावहिल, 2290690 नयाँ बानेश्वर, 2160822

ब्युटीसियन कोर्स नि:शुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३ ९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward


Admission OPEN
After successful training we provide Job Placement Assistant in Domestic & International Airlines
FREE Facilities
Swimming, Airport Familiarization, Stationery, Uniform & Scarf
Highly experienced instructors Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

# संकटमा वन्यजन्तु र जैविक विविधता



**गोपाल मरासिनी**

अन्तर्राष्ट्रिय स्तरमै वन्यजन्तुको अवस्था अत्यन्तै चिन्ताजनक छ। विगत ३० वर्षमा मात्र जमिनमा बस्ने वन्यजन्तुको संख्या २५ प्रतिशतले घटेको छ। सामुद्रिक जीवको संख्या २५ प्रतिशतले घटेको छ भने नदीनाला लगायतका जलचर जीवको संख्यामा २९ प्रतिशतले कमी आएको छ। लन्डनस्थित जुलोजिकल सोसाइटीले मानवीय क्रियाकलापका कारण प्रत्येक वर्ष एक प्रतिशत वन्यजन्तु नासिने गरेको जनाएको छ। अफ्रिकन एन्टिलोप, डल्फिन, सार्क माछा, एसियाली गिद्धजस्ता जीव लोप हुने चरणमा छन्।

सोसाइटीले डाइक्लोफिनाक नामक विषादीको प्रयोग नरोकिए आगामी १० वर्षमा एसियाली गिद्ध पूरै लोप हुने चेतावनी दिएको छ। संसारमा करिब २३ थरीका गिद्धका प्रजाति पाइन्छन्। सन् १९९२ यता मात्र ९९ दशमलव ९ प्रतिशत प्राकृतिक कुचिकार मानिएका गिद्ध घटिसकेको बताइन्छ। विश्वमा हालसम्म पन्ध्र परिवार अन्तर्गत करिब २ हजार ९ सय प्रजातिका सर्प पाइएका छन्। पछिल्ला ५० वर्षमा चीनमा रातो पाण्डाको संख्या ४० प्रतिशतले घटेको र ३२ प्रजातिका शंखेकीरा पनि लोपोन्मुख भएको एक तथ्यांकले देखाएको छ। पेट्रोलियम तेलयुक्त पानी पिएकै कारण हरेक वर्ष ५० हजारदेखि २ लाख ५० हजार चरा मर्ने गरेको कुरा इकोलोजी सोसाइटी भारतको तथ्यांकमा उल्लेख छ। जलवायुको परिवर्तन तथा वातावरण प्रदूषणका कारण १ हजार २ सयभन्दा बढी चराका प्रजाति संकटापन्न अवस्थामा पुगेको एक सर्वेक्षणले देखाएको छ।

नेपालको सन्दर्भमा पनि वन्यजन्तु एवं जैविक विविधताको अवस्था त्यति सन्तोषजनक देखिँदैन। पछिल्लो समयमा भएको जलवायु परिवर्तनका कारण हावापानी, वासस्थान र आहारमा परिवर्तन ल्याउने भएकाले जीवजन्तुका लागि आवश्यक वातावरण प्रतिकूल बनिरहेको छ, जसका कारण विभिन्न चराको अण्डा पार्ने र कोरल्ने समय परिवर्तन हुँदै गएको छ। कोरलिएका चराहरूमा समेत अनौठो गुण देखिने अशक्त बन्ने, प्राणी तथा वनस्पतिको प्रजनन र उत्पादन क्षमतामा ह्रास आउने र उत्पादनमा आएका समस्या पनि सिर्जित हुन थालेका छन्।

वनजंगल फडानीका कारण बासस्थानको विनाश, वन्यजन्तुको चोरी सिकारी आदि क्रियाकलापका कारण वन्यजन्तु दिनानुदिन संकटमा पर्दै छन्। नेपालमा रहेका संकटापन्न जीवजन्तुहरूमध्ये लगभग दुई तिहाई वासस्थान विनाशको समस्याबाट पिरोलिएका छन्। दुलर्भ वन्यजन्तुको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रणसम्बन्धी महासन्धि साइटिस सन् १९७३ मा नेपालले हस्ताक्षर गरेको छ। जैविक विविधताको ऐतिहासिक सम्मेलन मानिएको सन् १९९२ मा ब्राजिलको रियो सम्मेलनमा पक्ष राष्ट्र भैसकेको छ। नेपाल सन् १९७१ मा इरानको रामसारमा सम्पन्न सम्मेलनको घोषणामा समेत सही गरेको छ।

भौगलिक बनावट, माटो र वातावरणीय विविधताका कारण नेपाल विश्व जैविक विविधतामा धनी मानिन्छ। नेपाल जैविक विविधतामा विश्वमै ३१ औं स्थानमा पर्छ। एक तथ्यांकअनुसार नेपालमा ८ सय ६५ प्रजातिका चरा, १ सय ८६ प्रजातिका माछा, ७ हजार प्रजातिका फूल फुल्ने बिरुवा, २ सय ४६ प्रजातिका महत्त्वपूर्ण जडिबुटी, ५ हजार प्रजातिका कीरा-फट्यांग्रा ४ सय प्रजातिका बहुआयामिक वाली तथा ६० प्रजातिका जंगली खाद्य फलफूल पाइन्छ।

नेपालमा पाइने चराहरूमध्ये १९ प्रजातिका लाटोकोसेरा, संसारमै पाइने २३ प्रजातिका गिद्धमध्ये ८ प्रजातिका गिद्ध नेपालमा पाइन्छ। तीमध्ये करिब चार प्रजातिका गिद्ध अति नै संकटापन्न अवस्थामा छन्। नेपालमा करिब ८९ प्रजातिका सर्प पाइन्छन् जसमध्ये करिब १ प्रजातिको सर्प मात्र रैथाने प्रजातिका रूपमा रहेको छ। यी मेरुदण्डीय प्राणीबाहेक अरू थुपै प्राणी विविधता नेपालमा पाइन्छ। यहाँ अहिलेसम्म लगभग ६ सय ५३ थरीका रङ्गीबिरङ्गी पुतली, ३ हजार ९ सय ६६ भन्दा बढी मोथ प्रायः राती उड्ने पुतलीहरू, ५ हजारभन्दा बढी कीरा, २ सय प्रजातिका माकुरा छन्। तीमध्ये करिब ३२ प्रजातिका स्तनधारी जन्तु, ३४ प्रजातिका चरा, ९ प्रजातिका सरीसृपहरू र ३ प्रजातिका उभयचरहरू संकटापन्न अवस्थामा छन्। स्तनधारी जन्तुमध्ये रामगाई र पुड्के बँदेल नेपालबाट लोप भएको अनुमान गरिएको छ।

गुलाबी टाउके हाँस, ठूलो सेतो बकुल्ला, होमराई धनेश प्रजातिका चरा नेपालबाट लोप भएका छन् भने थप १ सय ३३ प्रजातिका चरा कहालीलाग्दो अवस्थामा छन् जसमध्ये कैयन् वन्यजन्तु वा प्राणी रैथाने छन्।

नेपालमा हालसम्म ९ राष्ट्रिय निकुञ्ज, ३ वन्यजन्तु आरक्ष, १ सिकार आरक्ष, ३ संरक्षण क्षेत्र र ८ वटा मध्यवर्ती क्षेत्र गरी कुल २८ हजार २ सय ८५ दशमलव ५ वर्गकिलोमिटर संरक्षित क्षेत्र छ जुन नेपालको कुल क्षेत्रफलको १९ दशमलव २१ प्रतिशत हुन आउँछ।

## लोप भैसकेको जीव पुनः देखा पर्‍यो

लोप भएको भनिएको छेपारोजस्तो जीव पुनः पृथ्वीमा देखा परेको अनुसन्धानकर्ताहरूले दाबी गरेका छन्। न्युजिल्यान्डको समुद्रतटीय क्षेत्रमा सन् २००५ मा स्थापना गरिएको कारोरी सान्च्युरी वन्यजन्तु आरक्षभित्र उक्त जीव फेला परेको प्राणीशास्त्रीहरूले उल्लेख गरेका छन्। टट्रा नामक उक्त जीव फेला परेपछि आरक्षका सबै कर्मचारीमा नौलो उत्साह देखिएको छ। ८० सेन्टिमिटर लामो उक्त जीव २ करोड २५ लाख वर्षअघि पडाइनोसारहरूसँगै हिंड्यो। प्राणीशास्त्रीहरूका अनुसार न्युजिल्यान्डको विलिङ्टन क्षेत्रका ३२ वटा ससाना टापुमा मात्र पाइने उक्त जीवको संख्या ५० हजार थियो। डाइनोसारसँगै उत्पत्ति भएको उक्त जीवको अन्तिम पुस्ता २ सय वर्षअघि नै पृथ्वीबाट लोप भएको विश्वास गरिएको थियो, तर उक्त जीव पुनः सन् २००९ को मार्चतिर फेला परेकाले प्राणीशास्त्रीहरूका माझ हलचल मच्चिएको छ।

● बेव वाच ●

## www.simonscat.com

साइमन्स क्याट इन्टरनेटमा भएका कार्टुनहरूमध्ये एउटा राम्रो कार्टुन हो। यसमा राम्रा-राम्रा कार्टुन हेर्न पाइन्छ। बालबालिकाका लागि यो वेबसाइट एकदमै रोचक हुनसक्छ। यसमा फेसबुक र ट्वीटरको पनि लिंक राखिएको छ। यो वेबसाइटमा भिजिटरहरूबाट राखिएका तस्बिरहरूसमेत पाइन्छन्। यो वेबसाइटको डिजाइन साइमन टोफिल्डले गरेका हुन्। उनी ब्रिटेनका प्रसिद्ध एनिमेटर हुन्। उनी जंगली जनावर, विशेष गरी घरमा पालिने बिरालो अर्थात् क्याटलाई निकै मन पराउँछन्। उनले घरमा पनि चारवटा बिरालो पालेका छन्। त्यसैले यो वेबसाइटको नाम पनि साइमन्स क्याट राखिएको हो। उनले विभिन्न कार्टुन चलचित्र पनि बनाएका छन्। ब्रिटेनमा उनको यी सबै चलचित्र र यसका बारेमा लेखिएका पुस्तक बेच्ने एउटा पसल पनि छ। साइमन्स क्याट वास्तवमा बिरालोकै बारेमा बढी केन्द्रित छ। यो साइट बिरालो मन पराउने र मन नपराउने सबैलाई रोचक लाग्न सक्छ।

### अर्को कुरा....

सन् १९६९ मा सामसुङ इलेक्टिक इन्डस्ट्रिजको नाममा सामसुङ कम्पनीको स्थापना भएको थियो। प्रारम्भमा यसले टेलिभिजन, क्यालकुलेटर, रेफ्रिजेरेटर, एयर कन्डिसनर र वासरजस्ता विद्युतीय सामग्री निर्माण गर्थ्यो। सन् १९८१ मा यो कम्पनीले १ करोडभन्दा बढी ब्ल्याक एन्ड ह्वाइट टेलिभिजन निर्माण गर्‍यो। सन् १९८८ मा यो सामसुङ सेमिकन्डक्टर एन्ड कम्युनिकेसनसँग एकीकृत भयो। अहिले यसले ६० भन्दा बढी सामग्री निर्माण गर्छ।

सामसुङ इलेक्टोनिक्सले अहिले डिजिटल मिडिया, सेमिकन्डक्टर, टेलिकम्युनिकेसन नेटवर्क तथा एलसीडी डिजिटल अप्लायन्स गरी ४ वटा मुख्य क्षेत्रमा आफ्नो उत्पादन केन्द्रित गरेको छ। डिजिटल मिडियामा ल्यापटप कम्प्युटर र लेजर प्रिन्टर्स, टेलिभिजन र कम्प्युटर मोनिटर्सजस्ता भिडियो डिस्प्लेज, डिभिडी प्लेयर, एमपीथ्री प्लेयर, डिजिटल क्यामकर्डर, रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयर प्युरिफायर, वासर, माइक्रोवेभ ओभन र भ्याकुम क्लिनरजस्ता डिजिटल डिभाइस पर्छन्। सेमिकन्डक्टर व्यापारमा विभिन्न प्रकारका सेमिकन्डक्टर चिप्स, स्मार्ट कार्ड, मोबाइल एप्लिकेसन प्रोसेसर, मोबाइल, टेलिभिजन रिसिभर र विभिन्न प्रकारका हार्ड डाइभ आदि पर्छन्। टेलिकम्युनिकेसन नेटवर्क बिजनेस क्षेत्रमा मोबाइल फोन, पिडिए फोनजस्ता सेलुलर डिभाइसहरू, मोबाइल इन्टिलिजेन्ट टर्मिनलजस्ता हाइब्रिड डिभाइसहरू र स्याटेलाइट रिसिभर आदि आउँछन्। त्यसैगरी एलसिडी बिजनेस एरियामा ल्यापटप, मोनिटर र टेलिभिजनका लागि आवश्यक टिएफटी एलसिडी प्यानलहरू पर्छन्। सामसुङका सीइओ लि युन वु हुन्। अहिले यो कम्पनीमा १ लाख ६५ हजारभन्दा बढी कर्मचारी कार्यरत छन्।

# अब डिटिएच सेवा घरघरमा



**शिव मुखिया**

विभिन्न टेलिभिजन च्यानल घरैमा डाउन लिंक गरेर हेर्न सकिने प्रविधि डाइरेक्ट टु होम फ्रिक्वेन्सी सिग्नल अब नेपाली उपभोक्ताले सहजै प्रयोग गर्न सक्नेछन्। सानो छाता जस्तो प्रविधि घरमा जडान गरेपछि यो सुविधा पाउन सकिन्छ। स्याटेलाइटमार्फत् आएको रेडियो सिग्नललाई कुनै हब हुँदै सेटअप बक्समा डाउन लिंक हुने प्रविधिलाई नै डाइरेक्ट टु होम अर्थात् डिटिएच भनिन्छ।

घरमा राखिएको सेटअप बक्सले क्यु ब्यान्ड वा का ब्यान्ड ट्रान्समिसनमार्फत् ठूलो क्षेत्रमा फैलिएको रेडियो तरंगलाई डाउन लिंक गर्न सकिन्छ। टेलिभिजन च्यानलको प्रसारण सीधै घरैमा सेटअप बक्समा राखेर डाउन लिंक गर्न सकिने यो प्रविधि केबुल च्यानल वा अन्य प्रविधिको तुलनामा निकै सहज मानिन्छ। खासगरी आफ्नो रोजाइको टेलिभिजन कार्यक्रम वा अन्य इभेन्ट सम्बन्धित निकायलाई अनुरोध गरेर हेर्न सक्नु यसको आकर्षक पक्ष हो। यसमा कुनै पनि मनपर्दो वा महत्त्वपूर्ण कार्यक्रम पुनः प्रसारण गरिदिन अनुरोध गर्न सकिन्छ।

विशेषगरी केबुल टेलिभिजनको पहुँच नपुगेको क्षेत्रमा डिटिएच प्रविधि सहजै प्रयोग गर्न सकिन्छ। त्यसो त लोडसेडिङको प्रभाव यसमा नहुने भएकाले सहरमा समेत यो लोकप्रिय बन्न सक्छ।

यसअघि भारतीय कम्पनी मार्फत् अवैधानिक रूपमा डिटिएच सुविधा उपयोग गर्नेहरूको संख्या बढ्दै गएको थियो। खासगरी पूर्वी क्षेत्रमा डिटिएचको प्रयोग उल्लेखनीय पाइन्छ। त्यस्तै, काठमाडौंमा अवैध रूपमा सञ्चालित टिडिएच प्रविधि ५० हजार घरमा जडान गरिएको थियो। नेपालमा यसका लागि कुनै आधिकारिक हब नभएकाले भारतीय हब मार्फत् च्यानल डाउन लिंक गरिएको बताइन्छ।

हालै मात्र सरकाले राष्ट्रिय प्रसारण नियमावलीमा परिवर्तन गरी यो प्रणालीलाई कानुनी दायरामा ल्याएको छ। भारतीय कम्पनीले छाडेको रेडियो तरंगलाई सेटअप बक्स राखेर डाउन लिंक गर्ने क्रम बढेपछि सरकारले नियमावली परिवर्तन गरेर डिटिएचलाई कानुनी दायरामा ल्याएको हो। राजधानी लगायत मुख्य सहरमा भारतीय कम्पनीको रेडियो तरंग डाउनलिंक गर्ने प्रवृत्ति बढेपछि वर्षेनी विदेशिने रकमलाई रोक्न यस्तो व्यवस्था गरिएको बताइन्छ।

परिवर्तीत नियमावली अनुसार नेपालबाटै डिटिएच सेवा प्रवाह गर्न सकिने भएपछि तीन कम्पनीले डिटिएच हब सञ्चालनका लागि तयारी गरिरहेका छन्। उनीहरूले डिटिएच सेवा सुरु गर्न सञ्चार मन्त्रालयमा लगानी प्रस्ताव सहित निवेदनसमेत दिइसकेका छन्। निवेदन दिएका मध्ये स्याटलाइट च्यानल प्रालि काठमाडौं तथा एम भिजन प्रालिको फाइल अघि बढाइसकिएको बताइन्छ। अर्को एक कम्पनीको केही कागजात नपुगेकाले फाइल अघि बढ्न सकेको छैन।

दुई कम्पनीको विषयमा भने मन्त्रालयको प्राविधिक शाखाले अध्ययन गरिरहेको र अध्ययनपछि सञ्चालन अनुमति दिइने बताइन्छ। दुवै कम्पनीले ८०/८० वटा च्यानल सञ्चालनका लागि मन्त्रालयमा निवेदन दिएका हुन्। स्याटलाइटले करिब डेढ अर्ब र एम भिजनले करिब ३६ करोड लगानी प्रस्ताव गरेका छन्। प्रतिच्यानल २५/२५ हजार दस्तुर तिरेर अनुमति लिनुपर्छ। तोकिएको दस्तुर तिर्न लगानीकर्ता तयार रहेकाले पनि नियमावली परिवर्तन गरिएको मन्त्रालयले जनाएको छ।

यो नियमावली अन्तर्गत सरकारको स्विकृति लिएर मात्र विदेशी च्यानल स्याटेलाइटवाट डाउनलिंक गर्न पाइन्छ। डाउनलिंक गरिएको च्यानललाई यहाँबाट फेरि स्याटेलाइटमा पठाएर मात्र ग्राहकको डिटीएचसम्म पुर्‍याएर वितरण गर्नुपर्ने प्रावधान छ। यसले गर्दा नेपाली भू-भागमा जथाभावी विदेशी च्यानल प्रसारण नहुने र उपभोक्ताले तिरेको महसुलमध्येबाट सरकारलाई राजस्व प्राप्त हुन्छ।

यता, वार्षिक ३ अर्बभन्दा बढीको कारोबार हुने केबल टेलिभिजनले २० करोड रुपैयाँ भन्दाबढी राजस्व सरकारलाई बुझाउने गरेको छ। अहिले केबल टेलिभिजनमा १० हजार भन्दा बढीले काम गरिरहेको बताइन्छ।

डिटिएच प्रविधि नियमित भएपछि यो प्रविधि अन्तर्गत टेलिभिजन हेर्ने ग्राहकको आँकलन गर्न पनि सहज हुनेछ। किनभने यसका ग्राहक कति भन्ने स्पष्ट विवरण राख्नुपर्ने प्रावधान छ। हरेक ग्राहकको कम्प्युटरकृत विवरण नभै च्यानल नै नजाने भएकाले यसबाट राजस्व चुहाट हुने सम्भावना ज्यादै न्यून हुन्छ। भारतमा भर्खरै मात्र डिटिएचसम्बन्धी कानुन आएको छ। भारतीय डिटीएच उपकरण नेपालमा ९ हजार रुपैयाँमा बिक्री भैरहेको छ।

# जाडोको पहिरन

जाडो मौसम सुरु भैसकेको छ। मौसम परिवर्तनसँगै बजारमा नयाँ-नयाँ पहिरन भित्रिएका छन्। जाडो छल्न मात्र होइन, फेसन परिवर्तन गर्नसमेत यो राम्रो बहाना हो। विभिन्न ढाँचा र रूपरंगमा उपलब्ध यी पहिरनले समयको मागलाई समेत सम्बोधन गर्छन्। प्रस्तुत छ, स्टाइल ब्रान्डले बजारमा ल्याएका जाडोका केही पहिरन :



## लेडिज ओभरकोट

शरीरको माथिल्लो भागदेखि घुँडासम्म छोप्ने यो ओभरकोट तीन रंगमा उपलब्ध छ। पर्पल, ब्ल्याक र ह्वाइट रंगमा पाइने यो ओभरकोट लेडिगज, वानपिससँग लगाउन सकिन्छ। ठूलो, मध्यम एवं सानो साइजमा पाइने भएकाले यो ओभरकोटले सबै उमेर समूहको रहर मेट्न सक्छ। यसको बजार मूल्य ४ हजार ५ सय ५० रुपियाँ छ।



## लङ बुट

जाडो छल्न शरीरको सम्पूर्ण भागमा लामा एवं बाक्ला पहिरन लगाइन्छ। यसरी माथिदेखि तलसम्म मिल्दो पहिरनकै लागि लङ बुट पनि आवश्यक हुन्छ। जाडोको पहिरनमा लङ बुट निकै सुहाउँछ। घुँडामुनिसम्मको लङबुट क्याजुअल पहिरनमा लगाउन सकिन्छ। यसको बजार मूल्य २ हजार ४ सय ५० रुपियाँ छ।



## हाइनेक स्वीटर

कुनै पनि फर्मल पहिरनसँग लगाउन मिल्ने लेडिज हाइनेक स्वीटर बजारमा उपलब्ध छ। जिन्सका साथै फर्मल पहिरनमा हाइनेक स्वीटर निकै खुल्छ। ग्रे, ब्ल्याक, स्काई ब्लु तथा डार्क ग्रीन रंगमा पाइने यो हाइनेक स्वीटरको बजार मूल्य १ हजार ८ सय ५० रुपैयाँ छ।

## विन्ड प्रुफ ज्याकेट



जाडो छल्नका लागि महिलाहरूले विन्डप्रुफ ज्याकेट प्रयोग गर्न सक्छन्। प्लेन, चेकमा ग्रीन, डार्क ग्रीन, लाइट ग्रीन तथा पर्पल रंगमा पाइने यो विन्डप्रुफ ज्याकेट जुनसुकै पहिरनसँग लगाउन सकिन्छ। साडी, पाइन्टसँग सुहाउने यो ज्याकेटसँगै हाइनेक एवं फुल टिसर्ट लगाउनुपर्छ। यसको बजार मूल्य ३ हजार ८ सय ५० रुपैयाँ छ।



## फुल ओभर हुक

मौसमी फेसन गर्न चाहने युवाहरूका लागि फुल ओभर हुक उपयुक्त रोजाइ बन्न सक्छ। शरीरको माथिल्लो भागदेखि घुँडासम्म ढाक्ने यो पहिरन विशेषगरी जिन्समा सुहाउँछ। यसको बजार मूल्य २ हजार २ सय ५० रुपैयाँ

## ब्लेजर ज्याकेट

जेन्स आइटममा जाडोका लागि ब्लेजरको आकर्षक ज्याकेट भित्रिएको छ। ग्रीन, ग्रे, ब्लु तथा एल्लो रंगमा उपलब्ध ब्लेजरको ज्याकेट युवापुस्ताको रोजाइमा पर्न सक्छ। विशेषगरी जिन्ससँगै यो ज्याकेट लगाउन सकिन्छ। यसको बजार मूल्य ४ हजारदेखि ७ हजार रुपैयाँसम्म छ।








# राजदरबारमा रोमान्स

राजदरबारमा छायांकन गरिएपछि त्यही विषयलाई चलचित्र 'जिन्दगानी दर्पणछायाँ'ले प्रचार-प्रसारको दह्रो फर्मुला बनाएको छ । निर्माण नियन्त्रक शंकर पाण्डेले सम्बन्धित अधिकारीहरूसँग हारगुहार गरेर संग्रहालय बनाइएको राजदरबारमा छायांकन गर्ने अनुमति पाए । भविष्यमा अन्य चलचित्रले त्यो अनुमति पाउने हुन् कि होइनन् ? अनिश्चित नै छ, यद्यपि यो चलचित्रले भने पोस्टरमा 'पहिलो पटक राजदरबारमा छायांकन गरिएको चलचित्र' भनेर लेख्न बेर छैन । नायक दिलीप रायमाझीले चलचित्र 'जिन्दगानी'मा नायिका करिश्मा मानन्धरसँग रोमान्स गरे । 'दर्पणछायाँ'मा उनले निरुता सिंहसँग रोमान्टिक गीत गाए । यी दुवै चलचित्र दिलीप नायक भएका अहिलेसम्मका सबैभन्दा हिट चलचित्र हुन् । त्यसैले पनि होला, दिलीपलाई नै नायक लिएर निर्देशक तथा छायाँकार मनीष पन्थले नन्दिता केसीसँग दरबारभित्र रोमान्टिक गीत खिच्न भ्याए । यो चलचित्र यही कारणले सुपरहिट हुने त होइन ?

# भुनियाको भनाइ

नेपाल टेलिभिजनबाट प्रसारण हुने 'मेरी बास्सै' मा भुनियाको भूमिका निर्वाह गरेर चर्चा पाउन सफल बने पनि हरिशा बानियाँ टेलिसिरियलको अभिनयभन्दा मोडलिङतर्फ केन्द्रित छिन् ।

मेरी बास्सै, नाता, जीवनचक्र, भैगुन्ध, रुञ्चे हाँसो, कति हाँस्नु, लगन जुर्लाजस्तो छ र तिरिमिरी झ्याइँजस्ता टेलिसिरियल एवं जंगलयात्रा, तस्बिर, ओढार, धमाका र सिक्स सिटीजस्ता चलचित्रमा अभिनय गरिसके पनि उनी उक्त क्षेत्रलाई निरन्तरता दिने पक्षमा भन्दा व्यावसायिक मोडलका रूपमा अघि बढ्ने सोचमा छिन् ।

'डल्ली र कालीको भूमिका मात्र कति गर्ने ? अब म नाम र इज्जतका लागि प्रोफेसनल मोडलका रूपमा अगाडि बढ्न चाहन्छु', २० वर्षीया हरिशाले भनिन् । कल्चरल शोका लागि मलेसिया, सिंगापुर र दुबईसम्म पुगेकी मोरङ, उर्लाबारी-४, बरगाछीनिवासी हरिशाले आफ्नो सफलताको श्रेय झापा र मोरङका दर्शकहरूलाई दिएकी छिन् ।

२०६२ सालमा पूर्वाञ्चलका टिनएजर्सबीच भएको नृत्य प्रतियोगितामा प्रथम भएपछि हरिशाको आत्मविश्वास बढ्दै गयो । गायक श्रीकृष्ण लुइँटेलको बोकेदारी एल्बमको 'मुखमा हान्नु जस्तो' को म्युजिक भिडियोमा काम गरेपछि उनलाई सफल मोडलको पंक्तिमा राखियो । नेपालका धेरै स्थानका स्टेज प्रोग्राममा भाग लिइसकेकी हरिशाले म्युजिकल प्रोग्राम 'दि ब्यान्ड भाष्कर' को सञ्चालिकाका रूपमा पनि काम गरेकी छिन् ।

**हिमाल खरेल**



# लालमधेस भारतमा लालक्रान्ति

नेपालमा बनेको हिन्दी भाषाको चलचित्र 'लालमधेस' को नाम फेरेर भारतमा प्रदर्शन गर्न थालिएको छ । लालमधेसलाई 'लालक्रान्ति' बनाएर भारतको सेन्सर बोर्डबाट पास गराई चलचित्र चलाउन थालिएको हो । चलचित्रका नायक तथा निर्देशक सलिम अन्सारीका अनुसार भारतमा पनि व्यावसायिक सफलता पाउन यसरी चलचित्रको नाम परिवर्तन गरेको आरोपमा यसअघि नै लालमधेस विवादमा परेको थियो । आवश्यकताभन्दा बढी अंग प्रदर्शन देखाइएको दृश्यका कारण सुनसरीको दुहबीमा प्रहरीले रोक लगाएपछि मात्र लालमधेसको सेन्सर पास गराइएको थियो । सेन्सर बोर्डले उक्त दृश्य हटाएको छ ।

यसअघि लालमधेसकै नाममा सीमावर्ती जोगवनी र




गर्नुपरेको हो ।

मुस्लिमहरूको महान् चाड मोहर्रम तथा अंग्रेजी नयाँ वर्ष जनवरी १ मा भारतको दरभंगाबाट चलचित्र रिलिज गरिने अन्सारीले बताए । नेपाल-भारतका सीमावर्ती क्षेत्रमा प्रदर्शन गरेर लगानी उकासेका अन्सारीले अरू चलचित्र बनाउने खर्च संकलनका लागि नाम फेरेर भारतमा चलाउन लागेका हुन् ।

भारतीय सेन्सर बोर्डले चलचित्रको दुईवटा संवाद काटेको बताउने अन्सारीले दृश्य भने जस्ताको त्यस्तै छाडेको जानकारी दिए । अश्लील दृश्य राखेर प्रदर्शन सुन्दरीमोड मेलामा चलचित्र चलाइसकिएको छ । विराटनगरनिवासी अन्सारीले वीरगन्ज र जनकपुरमा पनि लालमधेस चलाएका थिए । 'चलचित्रको कथा भारतमा क्रान्ति गरिरहेको माओवादीसँग मिल्दोजुल्दो छ, त्यहाँका मानिसले पनि चलचित्र मन पराउँछन्,' अन्सारीले भने । दरभंगामा रिलिज गरेपछि चलचित्र बिहार, उत्तर प्रदेश, महाराष्ट्र, बंगाल, उडिसा, झारखण्ड, आसाम आदि प्रान्तका सहरहरूमा पुऱ्याउने उनको लक्ष्य छ ।

**कमल रिमाल**





# राहुल रायसँग उषा पौडेल ?

'९० को दशकको सुपरहिट बलिउड चलचित्र 'आशिकी'का नायक राहुल राय त्यतिबेला युवापुस्ताको ढुकढुकी बनेका थिए । विशेषगरी उनको हेयरस्टाइलको नक्कल गर्ने युवाहरू निकै थिए । त्यसपछि राहुल रायद्वारा अभिनीत चलचित्रहरू चल्न सकेनन् । बरु गएको वर्ष टेलिभिजन रियालिटी सो 'बिगबोस'को विजेता बनेर उनी फेरि चर्चित भए । कलिउडकी नायिका उषा पौडेलको पनि त्यस्तै कथा छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृति मुनामदनमा आधारित चलचित्रकी मुना भएर पनि उनले पाउनुपर्ने जति ख्याति पाउन सकिनन् । उक्त चलचित्रलाई निर्माताले समयमा प्रदर्शन नगरिदिँदा उनी व्यस्त भएर पनि चर्चामा आउन सकिन् । यद्यपि उनी नेपाली चलचित्र, म्युजिक भिडियो तथा विज्ञापनहरूमा छाएकी छिन् । बलिउडका राहुल तथा कलिउडकी उषा एउटै उद्देश्यमा संलग्न भएका छन् । विभिन्न सेवाप्रदायक संस्था वान स्टप सपको अन्तर्राष्ट्रिय ब्रान्ड एम्बेसडरमा राहुल रायलाई लिइएको केही महिनामै उषा पौडेललाई उक्त संस्थाको नेपालस्थित ब्रान्ड एम्बेसडर बनाइएको छ । राहुल राय उक्त संस्थाका एक निर्देशक पनि हुन् । राजधानीको एक पाँचतारे होटलमा आयोजित कार्यक्रममा राहुल राय र उषा पौडेल दुवै उपस्थित थिए । जहाँ वान स्टप सपका नेपालस्थित कार्यालयका प्रबन्ध-निर्देशक वीरेन्द्र सरावगीले नेपाली तथा हिन्दी दुई भाषामा स्वराङ्कन गरेर एउटा चलचित्र निर्माण गर्ने घोषणा गरे, जसमा कलिउड तथा बलिउडका कलाकार एवं प्राविधिकहरूले काम गर्नेछन् । उषा पौडेलले त्यसमा अवसर पाउने सरावगीले बताए । भनेपछि उषाको नायक हुने भए राहुल राय ।

# किन आउट ?

केही साताअघिको कुरा हो । बलिउडका नायक गोविन्दा श्रीमती सुनिता शर्मासँग भक्तपुरमा घरजग्गा किन्ने उद्देश्यले काठमाडौं आएको मौका छोपेर चलचित्र निर्मात्री डा. दुर्गा पोखरेलले आफ्नो चलचित्रको मुहूर्त उनको हातबाट नरिवल फोडेर गराइन् । बलिउडका स्टारले मुहूर्त गर्ने कार्यक्रममा निम्तो गरिएकाले केही पत्रकार मुहूर्तस्थल नक्सालस्थित रेकर्डिङ स्टुडियो पर्पलमा पुगेका थिए । गोविन्दा र सुनिता आए, पूजाआजासहित मुहूर्त भयो । दीपेन्द्र के. खनालको निर्देशनमा मनीषा कोइरालाले केन्द्रीय भुमिका निर्वाह गर्ने चलचित्रको मुहूर्तमा भने मनीषा थिइनन् । बरु उनको प्रतिनिधिका रूपमा आमा सुषमा कोइराला थिइन् । खै किन हो ? उनी चलचित्रमा प्रत्यक्ष सरोकार राख्ने निर्मात्री डा. पोखरेल, निर्देशक खनाल, अतिथि गोविन्दाभन्दा बढी बोलिरहेकी थिइन् । उपस्थित पत्रकारहरूमध्ये धेरैले उनलाई चिनेनन् । कसैले गोविन्दाकी सासू भनिरहेका थिए, कसैले सह-निर्मात्री पो हुन् कि भन्ने अड्कल काटे । आमन्त्रित अतिथिदेखि पत्रकारसम्म सबै दंग थिए । भारतबाट आएकी गायिका शोभा बनर्जीको स्वरमा गीत रेकर्ड गरेर मुहूर्तमा अझै मसला थप्ने कार्यक्रम रहेछ । शोभाले गाउने कोठामा अतिरिक्त मानिस भए डिस्टर्ब हुन्छ भनेर सबै रेकर्डिस्ट बस्ने कोठातिर लागे । गोविन्दा भित्र छिरेपछि पत्रकारहरू पनि उनको उपस्थितिलाई क्यामेरामा कैद गर्न भित्र के छिर्न लागेका थिए, श्रीमती कोइराला पत्रकारहरूप्रति औंला ठड्याउँदै बाखा धपाएजस्तो गरी कराइन्- 'आउट, आउट..मिडिया अहिले भित्र नआउने..' । उनले किन त्यसो गरेकी हुन् ? गोविन्दालाई मात्र गीतको रेकर्डिङ सुनाउनु थियो त, पत्रकारहरूलाई किन बोलाइयो ? उनको रवैया देखेपछि केही पत्रकारलाई अनुमान लगाउन सजिलो भयो- बलिउडमा मनीषाको करियर कसको कारणले ओरालो लागेको रहेछ, अनि प्रकाश कोइराला राजनीतिमा किन जम्न नसकेका रहेछन् ?



तस्बिर : महेश प्रधान

## लभगुरु

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १८ वर्षीय +२ अध्ययनरत युवक हुँ । म आफ्नै गाउँकी एउटी युवतीलाई असाध्यै मन पराउँछु र मेरो परिवारले पनि उनलाई मन पराउँछ । एकपटक मैले आफ्नी बहिनीमार्फत् उनलाई भेटेर सबै कुरा उनीसामु राखेँ तर उनले अझै ३ वर्ष पर्खनुपर्ने कुरा बताइन् र मैले पनि मौन समर्थन जनाएँ । केही महिनापछि आएर उनले मेरी बहिनीसँग मैले विश्वास दिलाउन सके ३ वर्ष अगावै हाम्रो सम्बन्ध जोडिन सक्छ भन्छिन् । उनले किन त्यसो भनेकी हुन् ? मैले कुरा बुझ्न सकेको छैन । यस्तो स्थितिमा मैले के गर्नुपर्ला ?**

**प्यासी**

यसैलाई भन्छन् मन जाँचेको । जुन युवतीलाई तपाईं र तपाईंका परिवारले मन पराउँछन् ती युवती पनि तपाईंप्रति सकारात्मक छिन् । इसारा बुझ्नुहोस् र मनको चञ्चलतालाई नियन्त्रण गरेर आफ्नो सम्बन्धलाई विकसित गर्नुहोस् । जहाँसम्म समयसीमाको कुरा छ त्यसलाई तपाईंहरूले अनुकूल हुनेगरी घटाउन वा बढाउन सक्नुहुन्छ । प्रेमले धैर्य र संकल्पको चाहना गर्छ भन्ने कुरा त बुझ्नुभएकै होला । ती युवतीले तपाईंकी बहिनीमार्फत् दिएको समयसीमाका पछाडि अरू कुनै कारण छन् कि ? त्यो पनि केलाउने प्रयत्न गर्नुहोस् । त्यस्ता कारणहरूमा नै उनले पहिले तीन वर्षको समयसीमा तोकेको र पछि तीन वर्षअगावै सम्बन्ध विकसित हुनसक्ने धारणाको गुढ अर्थ लुकेको छ । कुनै पनि युवती प्रेम व्यक्त गर्ने मामिलामा संकोची हुन्छन् भन्ने कुरा त तपाईंले बुझ्नुभएकै होला । उनको संकोचका कारणहरूलाई निवारण गरेर आफ्नो मात्र नभई उनको परिवारको समेत विश्वास जित्ने प्रयत्न गर्नुभयो भने तपाईंको प्रेम सफल गन्तव्यतर्फ अगाडि बढ्नेछ ।

## यस्तो पनि हुन्छ र माया

टोखाका कृष्णकुमार डंगोल यतिबेला चलचित्र 'यस्तो पनि हुन्छ र माया' को निर्माणमा जुटेका छन् । नवीन श्रेष्ठ, नन्दिता केसी, वीरु बज्राचार्य, चन्दा कार्की, अञ्जु निरौला, मुकुन्द थापा, दीपक क्षेत्री, सूरवीर पण्डित आदिका साथमा स्वयं डंगोलको पनि महत्त्वपूर्ण भूमिका रहेको 'यस्तो पनि हुन्छ र माया' का निर्माता/निर्देशक पनि हुन् उनी । यो चलचित्र प्रदर्शनको तयारीमा रहेको जानकारी छायाँकार केशव अधिकारीले गराएका छन् । त्रिकोणात्मक प्रेमकथामा आधारित उक्त चलचित्रले वर्तमान परिवेशमा युवापुस्ता कसरी कुलतमा होम्मिरहेको छ भन्ने कुरालाई उजागर गरेको छ ।

## ● फिल्मी खबर ●

### किसान बने राजेश

चितवनको मंगलपुरमा छायांकन भैरहेको चलचित्र 'किसान' मा आफ्नो भूमिका एक क्रान्तिकारी किसानको रहेको र कृषिमा परिवर्तनको आवाज उठाउने सन्देश दिएको राजेश हमालले बताएका छन् । चलचित्रमा उनलाई नायिकाको भूमिकामा नायिका नन्दिता केसीले साथ दिएकी छिन् भने संगीतकार चेतन सापकोटा तथा द्वन्द्व निर्देशक राजेन्द्र खड्गी खलपात्रका रूपमा देखिने भएका छन् । यो चलचित्रमा राजेश र नन्दिताका साथै नवनायक राहुल केसी, नवनायिका निता ढुंगाना, मौसमी मल्ल तथा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष गणेश भण्डारीले समेत अभिनय गरेका छन् ।

### एकै दिनमा डबिङ

केटिभी चलचित्र एवार्डमा सर्वोत्कृष्ट नव-नायकको पुरस्कार विजेता नायक जीवन लुइँटेल गत बुधवार अस्ट्रेलिया प्रस्थान गरेका छन् । विदेश प्रस्थान गर्नुअघि उनले निर्माणाधीन चलचित्र 'नाइँ नभन्नु ल' को आफ्नो भागको डबिङ एकै दिनमा पूरा गरे । विकास आचार्यद्वारा निर्देशित यो चलचित्रको गत शनिबारदेखि डबिङकार्य प्रारम्भ भएको हो । डबिङको पहिलो दिन नै जीवनले आफ्नो भूमिका रहेको दृश्यको डबिङ सम्पन्न गरेका हुन् । यो चलचित्रमा जीवनसँगै नायिका ऋचा सिंह ठकुरीले मुख्य भूमिका निर्वाह गरेकी छिन् । जीवनकी जीवनसँगिनी अस्ट्रेलियामा अध्ययनरत रहेकाले उनी त्यहाँ आउजाउ गरिरहिन्छन् ।






# बोल्ड हुँदै बलिउड बालाहरू

बिकिनी पोजमा होस् वा किस सिन र आइटम नम्बरको बहाना होस् बलिउड बालाहरूको ग्ल्यामरस छवि समयसँगै थप बोल्ड हुँदै गएको छ। यसपटक कुरा फेरि बिकिनी पोजको। केही समयअघि प्रदर्शित आएको चलचित्र 'ब्लू' मा बिकिनीमा प्रस्तुत भएकी अभिनेत्री लारा दत्ताले पुनः बिकिनी पोजमा प्रस्तुत भएर ग्ल्यामरस छविलाई निरन्तरता दिने भएकी छिन्। निर्देशक साजिद खानको कमेडी चलचित्र 'हाउसफुल' मा लारालाई बिकिनीको ग्ल्यामरमा देख्न पाइनेछ। यति मात्र नभएर निःशब्दकी नायिका जिया खान र अहिलेका सेन्सेशनल दीपिका पादुकोणेलाई पनि सोही चलचित्रमा स्वीम सुटमा देख्न पाइनेछ। यी तीन बलिउड सुन्दरीको ग्ल्यामरस छविले चलचित्र 'हाउसफुल' लाई हाउसफुल बनाउँछ-बनाउँदैन, त्यो भने समयले नै बताउनेछ।

# सेक्सी फिगरको रहस्य

कोलम्बियन पप गायिका शकीराले आफ्नो सेक्सी फिगरको रहस्योद्घाटन गरेकी छिन्। उनका अनुसार उनको शरीर कामुक देखिने एउटै कारण चकलेट हो। पाश्चात्य सांगीतिक क्षेत्रमा अत्यधिक चर्चित यी पप गायिका भन्छिन्– 'म आफैले चकलेटकै ट्रिट दिन्छु जसबाट मेरो डाइटिङले छुट्कारा पाउँछ।' शकीराका अनुसार आकर्षक शरीरका लागि सन्तुलित भोजन अति नै आवश्यक छ। उनी स्वयंलाई मिठाई तथा चकलेट असाध्यै मनपर्छ। त्यसैले उनी चकलेट खाइरहेकी हुन्छिन्। 'मलाई त चकलेटको बानी नै परिसकेको छ, उनी भन्छिन्। सामान्यतः चकलेटको अत्यधिक सेवनले मोटोपन बढ्ने बताइन्छ, तर चकलेटले उनको शरीरलाई कामुक बनाएको कुरा पत्याउन गाह्रो छ। ३२ वर्षीया यी गायिका यो उमेरमा पनि टिनएजर नै देखिन्छिन्। उनको पछिल्लो गीतिसंग्रहको भिडियोमा त उनी अझ कामुक देखिएकी छिन्। उक्त संग्रहको थिम पनि सेक्समै आधारित छ।





# पेनेलपको सम्बन्ध

स्पेनिस नायिका पेनेलप क्रुज पछिल्लो समय चर्चामा छिन्। हलिउड नायक जेभियस बार्डमाको सम्बन्धका कारण उनी चर्चामा आएकी हुन्। यसअघि पेनेलप बार्डमसँगको सम्बन्धका बारेमा मौन रहन रुचाउँथिन्। अहिले आएर उनले आफू र बार्डमबीचको रोमान्समा कसैको नजर नलागोस् भन्ने चाहेको बताएकी छिन्। आफ्नो रोमान्टिक जोडीप्रति कसैको नकारात्मक दृष्टि नपरोस् भनेर नै हालसम्म उक्त सम्बन्धलाई गोप्य राखेको पनि उनले स्पष्ट पारेकी छिन्।




# सेलिना आश्चर्यचकित

ग्ल्यारस इमेजका अतिरिक्त अरू उल्लेखनीय उपलब्धि हासिल गर्न नसकेकी अभिनेत्री सेलिना जेट्ली आफ्नो नाम उत्कृष्ट अभिनेत्रीको एवार्डका लागि बोलाइँदा आश्चर्यचकित भइन्। अरू एवार्ड विजेताहरूको नाम घोषणा हुँदा ताली बजाउन व्यस्त सेलिनाले आफ्नो नाम उत्कृष्ट अभिनेत्रीको नोमिनेसनमा परेको पत्तै पाइनन्। पछि एवार्ड आफ्नो नाममा परेपछि मात्र बल्ल उनले चाल पाइन्। कुरा हो, कायरो अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको, जसमा सेलिनाले लभ हयाज नो ल्याङ्ग्वेजका लागि उत्कृष्ट अभिनेत्रीको एवार्ड जितेकी थिइन्। सेलिना उक्त कार्यक्रममा अतिथिका रूपमा आमन्त्रित थिइन्, तर उनको हातमा उत्कृष्ट अभिनेत्रीको एवार्ड परेपछि उनी खुसी र आश्चर्यचकित दुवै भएकी थिइन्। आगामी वर्ष उनी उक्त चलचित्र महोत्सवमा जुरी पनि बन्ने भएकी छिन्।



# नेहा धुपिया भइन टपलेस

ग्ल्यामरस रूपमा प्रस्तुत हुने होडमा रहेका बलिउड सुन्दरीहरूमा नेहा धुपियाको नाम छुटाउन सकिदैन। सिसा र जुलीजस्ता चलचित्रमा बोल्ड रूपमा प्रस्तुत भए पनि नेहालाई बलिउडमा सोचेजस्तो सफलता प्राप्त भएको छैन। अभिनेत्री नेहा धुपिया पछिल्लो पटक टपलेस अर्थात् कम्मरभन्दा माथि शरीरको भागमा कुनै पनि कपडा नलगाई प्रस्तुत भएकी छिन्। यसपटक उनी चलचित्रको अभिनयका क्रममा नभएर ग्लोबल वार्मिङसम्बन्धी चेतना जगाउन 'हरियाली बढायौं' भन्ने अभियानअन्तर्गतको क्यालेन्डरका लागि टपलेस भएकी हुन्। क्यालेन्डरमा नेहा वातावरणसम्बन्धी विभिन्न स्वरूप र पोजमा प्रस्तुत भएकी छिन्।

## दाऱ्ही

### केदार घिमिरे 'माग्नेबूढा'

**(हास्यकलाकार)**

मैले संविधान नलेखिएसम्म दाऱ्ही नकाट्ने अठोट गरेको छु । आउँदो जेठ १४ सम्म नयाँ संविधान बनाउने समय सीमा तोकिएको छ तर नेताहरूको ताल हेर्दा दस वर्षपछिको जेठ १४ सम्म पनि संविधान बन्लाजस्तो लाग्दैन । यो जेठ १४ सम्म संविधान बनेन भने १५ गते बिहानै ६ सय २ वटा कुशको लास बनाएर आर्यघाटमा दहन गर्छु, अनि बल्ल दाऱ्ही मात्र होइन, कपाल र जुंगा पनि खौरन्छु । यो मैले प्रचारबाजीका लागि गरेको होइन । मेरी बास्सैमा माग्नेबूढा भएर मैले पुग्दो नाम कमाएको छु । हामी नेपाली जनताले संविधान लेख्ने जिम्मेवारी बोकाएर संविधान सभामा पठाएका नेताहरूले त्यो जिम्मेवारी बिर्सिएजस्तो लागेर उनीहरूलाई झक्झकाउन एउटा नेपाली जनताको हैसियतले मैले यो अठोट लिएको हुँ । अब त मैले मात्र होइन, सबै जनताले उनीहरूलाई झक्झकाउनुपर्ने भैसक्यो ।

दाऱ्ही पालेपछि मैले यसको फाइदा र बेफाइदाको अनुभव लिन पाइरहेको छु । मुख धुँदा दाऱ्ही नभएको ठाउँ मात्र धोए पुग्छ, ब्लेडको खर्च बच्छ । बरु बेफाइदा धेरै छन्, बारम्बार सफा गरिरहनुपर्छ नत्र जुम्रा पर्ने डर हुन्छ । यसै त सीताराम र अरू साथीभाइले जुम्रा पऱ्यो कि भनेर जिस्काइरहन्छन् । म:म खाँदा झोलमा दाऱ्ही डुब्छ । मोही पिउँदा दाऱ्हीभरि नौनी अड्किन्छ । फोहोर नभए पनि चिलाइरहन्छ । विशेषगरी दाऱ्ही पालेदेखि मेरी श्रीमतीलाई सबैभन्दा बढी टेन्सन भएको छ । 'राति मस्त निदाएका बेला खौरिदिन्छु' भनेर धम्काइरहन्छिन् । मैले पनि यो दाऱ्हीलाई चानचुन नसम्झ, यो त संविधान लेख्ने दाऱ्ही हो भनेर 'धक्कु' लगाइरहेको छु ।

मलाई सम्झना भएसम्म मेरो दाऱ्ही २० वर्षको उमेरमा बल्ल उम्रिएको हो । त्यतिबेला कुनै दाऱ्ही कोटेश्वर, कुनै रत्नपार्क, कुनै भक्तपुर, कुनै थानकोटमा पुगेर उम्रिएको थियो । त्यस्तो पातलो चुस्स दाऱ्ही आए पनि वयस्क भइएछ भनेर दंग पर्थें । अहिले बल्ल मेरो दाऱ्ही अलि बाक्लो भएको छ । तैपनि लामो हुँदै गएपछि घुम्रन थाल्छ, ऋत्विक रोशनको जस्तो । साँच्चै, कतिपयले बलिउडमा ऋत्विक रोशनले एउटा फिल्मका लागि दाऱ्ही पालेको देखेर तिमीले पनि दाऱ्ही पालेको हो ? भनेर पनि सोधेका छन् तर उसले दाऱ्ही पाल्नुको उद्देश्य र मैले दाऱ्ही पाल्नुको कारणबीच आकाश-जमिनको फरक छ । म त भन्छु संविधान नबनेसम्म सबै नेपालीले मैले जस्तै केही न केही अठोट गरेर ती छ सय एक सभासदलाई झकझकाउन् आवश्यक भैसकेको छ ।

## ● मेरो अनुभव ●





## केवल एक प्रश्न

### बिहान उठ्दा कुनै चमत्कार भएर आफ्नो लिंग परिवर्तन भएको पाउनुभयो भने के गर्नुहुन्छ ?

त्यसो भयो भने पहिले त अचम्ममा पर्छु, अनि त्यसपछि भगवान्को यही इच्छा रहेछ भनेर चित्त बुझाउँछु

**–राजीव लोहनी (गायक)**

लौन के हुन्छ होला हगि ? लिंग नै परिवर्तन भयो भने के नै गर्न सक्छु होला र ? अति नै छक्क पर्थें होला र त्यसपछि मलाई जहिले पनि 'छक्क अवस्था' मा देख्नुहुने थियो ।

**–सुरज चापागाईं ...बान्द्रे (हास्यकलाकार)**

हा..हा..हा कस्तो अचम्मको प्रश्न ? यदि साँच्चै त्यसो भएछ भने भगवान्ले यही जन्ममा अर्को जन्म दिएछन् भन्ठान्छु । अनि म गायिका होइन गायक भएर चिनिन्छु । नाम फेरेर निशाबाट निशान राख्छु होला हा..हा..हा..अब के के गर्छु भन्ने कुरा परिवर्तन भएपछि नै भनौंला नि है ?

**–निशा सुनार (गायिका)**

पहिले त आत्तिन्छु । त्यसपछि सर्ट नलगाई तल जिन्स मात्र लगाएर हिंड्छु, हा..हा..हा..तर नजिस्की भन्ने हो भने त्यसपछि म नारीको विकासका लागि हरेक काम गर्दै हिंड्छु । किनभने मसँग नारी हुँदाको अनुभव हुन्छ । अनि म नायक भएर चलचित्रमा खेल्थें । बरु चलचित्रका अरू नायकलाई टक्कर दिन सक्छु होला त ?

**–निशा अधिकारी (नायिका, भिजे, मोडल)**

लौ के भन्ने होला ? अचम्ममा पर्दै ब्वाइफ्रेन्ड छाडेर गर्लफ्रेन्ड खोज्न थाल्थें कि...हा...हा...हा । अँ, संसारकै सबैभन्दा सुन्दरीसँग विवाहको प्रस्ताव राख्थें । खै के भन्नु, प्रश्न नै हाँसो उठ्दो छ ।

**–सुष्मा कार्की (नायिका)**






तस्विर : नवराज काफ्ले

## सुरज चापागाईं (बान्द्रे)

● तीन प्रश्न ●

सानो पर्दाका दर्शकले सुरज चापागाईंलाई नजिकबाट चिनिसकेका छन्। दर्शकमाझ उनी बान्द्रे उपनामले लोकप्रिय छन्। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'मेरी बास्सै' मा सुरजले बान्द्रेको भूमिका निर्वाह गर्न थालेको पनि झन्डै तीन वर्ष भैसकेको छ। यस क्रममा उनलाई दर्शकले माग्नेबूढो (केदार घिमिरे) को सालो तथा मैयाँ (सुनिता गौतम) को भाइका रूपमा मन पराइसकेका छन्। बान्द्रेको भूमिकामा फाटेको टोपी, फाटेकै टिसर्ट अनि पुरानो हाफपाइन्टमा प्रस्तुत भैरहेकाले उनलाई स्टेज कार्यक्रमहरूमा पनि यही गेटअपमा हेर्न चाहने दर्शकको संख्या बढी छ। कतिसम्म भने झन्डै आधा दर्जन व्यावसायिक विज्ञापनमा समेत उनी त्यही फाटेकै पहिरनमा देखिन्छन्।

२४ वर्षअघि झापाको कोवारा गाविसमा जन्मिएका बान्द्रे पछिल्लो एक महिनादेखि 'मेरी बास्सै' मा बिल्कुलै पृथक् भूमिकामा प्रस्तुत हुन थालेका छन्। प्रहरीको भूमिकामा प्रस्तुत हुन एक महिनाको प्रशिक्षण लिइसकेका बान्द्रे यही नामबाट प्रहरीका रूपमा प्रस्तुत हुन पाउँदा खुसी लागेको बताउँछन्। 'प्रहरीको जीवन सहज छैन भन्ने कुरा आमदर्शकलाई बुझाउन श्रृंखलामा मलाई प्रहरी बनाइएको हो, तराई टेलिभिजनबाट प्रसारण भैरहेका 'गाई कि त्रिशूल' तथा 'छोटे डन' मा समेत सहभागी बान्द्रेसँग *साप्ताहिकको* तीन प्रश्न :

**बान्द्रेका रूपमा लोकप्रिय भैरहेको बेला छोटे डन बन्नुभएछ नि ?**

म अहिले पनि बान्द्रेकै रूपमा लोकप्रिय छु तर कलाकार भएपछि एउटै भूमिकामा सीमित हुनु हुँदैन भनेर छोटे डन पनि बनेको हुँ।

**को हो छोटे डन भनेको ?**

यो निर्देशक प्रकाश ओझाको काल्पनिक पात्र हो। सामान्य जीवनमा पनि हामीले डनहरूका बारेमा सुनेका छौं। जहाँसम्म म नै छोटे डन बनेको प्रसंग छ, योचाहिं तराई टेलिभिजनबाट प्रसारण भैरहेको मैले नै उद्घोषण गर्ने नयाँ कार्यक्रम हो, जसमा रमाइला ठट्यौलीसहित हास्यप्रधान म्युजिक भिडियोहरू प्रसारण गरिन्छ।

**गाई कि त्रिशूलमा तपाईंको भूमिका कस्तो छ ?**

यो पनि तराई टेलिभिजनबाटै प्रसारण भैरहेको नयाँ हास्य श्रृंखला हो। यसमा मैले नन्देको भूमिका निर्वाह गरेको छु। नन्दे गाउँको फटाहा पात्र हो, जसले सोझासाझा गाउँलेलाई धामी-झाँक्रीप्रति आकर्षित गराउँछ।

● सानो पर्दा ●

### भुइँचालोको लोकप्रियता

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'भुइँचालो' लोकप्रिय भएको छ। हास्यकलाकारद्वय रवि डंगोल 'बेइमान' तथा पूर्ण थापा 'सुब्बा दाजु' द्वारा संयुक्त रूपमा निर्देशित यो हास्यश्रृंखला प्रत्येक मंगलबार राति ७:३० बजे प्रसारण हुन्छ। गत कात्तिक १७ गते प्रसारण प्रारम्भ भएको यो श्रृंखलामा समसामयिक विषयवस्तुमाथि व्यंग्य प्रहार गरिन्छ। हास्यश्रृंखला 'तीतो सत्य' का बेइमान तथा सुब्बा दाजुका रूपमा लोकप्रिय हासिल गरेका डंगोल र थापाले नै 'भुइँचालो' मा मुख्य भूमिका निर्वाह गरेका छन्। वनझाँक्रीको कान्छोबाबुको लेखन चेतन सापकोटाको स्वर र संगीत रहेको यो श्रृंखलामा मुनाल घिमिरे, पल्पसा डंगोल, जानुका केसी, राजन थापा, देविका केसी, कुमार कार्की आदि कलाकारले महत्त्वपूर्ण निर्वाह गरेका छन्।

### प्रतिस्पर्धाको प्रसारण प्रारम्भ

नेसनल टेलिभिजनबाट नयाँ कार्यक्रम 'प्रतिस्पर्धा' को प्रसारण प्रारम्भ भएको छ। हरेक सोमबार राति १०:३० बजे प्रसारण हुने यो कार्यक्रमको सञ्चालन अभयकुमार राईले गरिरहेका छन्। विश्व खेलकुदमा आधारित यो कार्यक्रममा लोकप्रिय खेलाडीहरूसँगको रमाइलो कुराकानी तथा खेल समीक्षा प्रस्तुत गरिन्छ।

### सरोज पुनः चलचित्रमा

भिडियो जक्कीका रूपमा लोकप्रिय सरोज केसीले पुनः चलचित्रमा अभिनय गर्न थालेका छन्। यसपटक भने उनी नायककै भूमिकामा दर्शकमाझ आउने भएका छन्। गत साता राजधानीमा शुभमुहूर्त गरिएको चलचित्र 'छोटो छुट्टी' मार्फत सरोज नायक बन्न लागेका हुन्। सगरमाथा टेलिभिजनमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिरहेका केसीले यसअघि ऋषि लामिछानेद्वारा निर्देशित टेलिश्रृंखला 'परिचय' बाट प्रशंसा पाएका थिए। चलचित्रमा सरोजसँगै अघिल्लो साता *साप्ताहिकको* मध्यपृष्ठमा प्रस्तुत भएकी मोडल बबिता लिम्बूले नायिकाको भूमिका निर्वाह गर्दैछिन्। यो चलचित्रको निर्देशन रामबाबु गुरुङले गर्दैछन्।

### जिन्दगी रक्सका कुरा

एनटिभी टुबाट प्रसारण भैरहेको नयाँ कार्यक्रम 'जिन्दगी रक्स' ले दर्शकहरूको मन जितेको छ। प्रसारणको छोटो समयमै यो कार्यक्रमले आमदर्शकका साथै नेपाली सेलिब्रेटीहरूको समेत मन जित्न सफल भएको हो। न्यू जेन प्रोडक्सन हाउसले निर्माण गरेको यो कार्यक्रममा सञ्चालिका पुष्पा जोशीले गरेक साता एक जना चर्चित कलाकारको एक दिनको जीवन चित्रण गर्छिन्। यो कार्यक्रम मंगलबार राति ७:३० बजे प्रसारण हुन्छ।



### सोनीमा नयाँ धारावाहिक

सोनी टेलिभिजन च्यानलबाट एउटा नयाँ धारावाहिक 'जित जाएंगे हम' को प्रसारण प्रारम्भ भएको छ। प्राप्त जानकारीअनुसार 'जित जाएंगे हम' मा स्तरीय जीवनशैलीको खोजीमा गाउँबाट सहरतर्फ भैरहेका मानिसहरूको पलायनको कथा समेटिएको छ। धारावाहिकमा बालश्रमका बारेमा पनि चित्रण गरिएको छ। धारावाहिकमा साना शेखले मुख्य भूमिका निर्वाह गरेकी छिन्। यो श्रृंखला सोमबारदेखि बिहीबारसम्म राति ९:४५ बजे प्रसारण हुन्छ।

● विदेशबाट ●

### कलाकारले मुसा खाएपछि...

अस्ट्रेलियन प्रहरीले ब्रिटिस टेलिभिजनको रियालिटी शो 'आई एम ए सेलिब्रेटी गेट मि आउट अफ हेयर' का दुई कलाकारविरुद्ध मुद्दा दायर गरेको छ। उनीहरूमाथि पशु क्रूरता अपराध कानुनअनुसार मुद्दा दायर गरिएको हो। उनीहरूलाई यो मुद्दा उक्त कार्यक्रमका क्रममा मुसा मारेर खाएपछि लगाइएको हो। उनीहरूविरुद्ध पशु अत्याचार निवारणका लागि काम गरिरहेको संस्था आरएसपीसीएले प्रहरीसमक्ष उजुरी गरेको थियो। इटालियन सेफ जिनो डि केम्पो तथा ब्रिटिस कलाकार स्टुअर्ट मेनिडविरुद्ध उक्त मुद्दा दायर गरिएको हो। यो ब्रिटिस कार्यक्रम अस्ट्रेलियाको न्यू साउथ वेल्समा छायांकन भैरहेको छ। यो रियालिटी शोको नकआउट चरण पनि प्रारम्भ भैसकेको छ। आरोपित डी केम्पो अघिल्लो वर्षको श्रृंखला विजेता हुन्।



## जम्का भेट



# गीता अधिकारी

**एकातिर निर्माता-निर्देशकहरू चलचित्र क्षेत्रमा नायिकाको अभाव भैरहेको बताइरहेका छन् भने अर्कातिर यही क्षेत्रमा नयाँ-नयाँ नायिकाहरू उदाउने क्रम जारी छ। शान्तिपुर, इलाममा स्थायी बसोबास गर्ने गीता अधिकारी तिनै नयाँ अनुहारमध्येकी एक हुन्, जो चलचित्रमा नायिकाका रूपमा स्थापित हुने क्रममा छिन्। वास्तवमा गीता ठूलो पर्दाका चलचित्रका लागि मात्र नयाँ हुन्, डिजिटल चलचित्र तथा टेलिश्रृंखलाहरूमा भने उनलाई पुरानै कलाकारका रूपमा चिन्नेहरू प्रशस्तै छन्। सात वर्षअघि नै राजधानी प्रवेश गरेकी गीताले अशोक शर्माद्वारा निर्देशित 'अपराध' शीर्षकको श्रृंखलामा अभिनय गर्दै कलाकारिता-यात्रा प्रारम्भ गरेकी हुन्। त्यसपछि उनले ...यातना , 'नाता', 'मदनबहादुर हरिबहादुर-२', 'जन्तर', 'जिवन चक्र' आदि टेलिश्रृंखलामा अभिनय गरिसकेकी छिन्। 'जंगली माया', 'शंकर दादा', 'जोखिम', 'वीरपुत्र', 'बाघचाल' आदि डिजिटल चलचित्रमा समेत अभिनय गरिसकेकी गीताले विमल पौडेलको चलचित्र 'जनयुद्ध' मार्फत ठूलो पर्दाको चलचित्रको यात्रा प्रारम्भ गरेकी हुन्। 'माया नि मायाले माया' उनले अभिनय गरेको ठूलो पर्दाको दोस्रो चलचित्र हो। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको स्वास्थ्यसम्बन्धी टेलिश्रृंखला 'जीवनचक्र' को छायांकनका क्रममा धुलिखेल पुगेकी ५ फिट ५ इन्च अग्ली गीतासँग साप्ताहिकका कृष्ण भट्टराईको जम्काभेट :**

**चलचित्र 'माया नि मायाले माया' मा राजेश हमालको जोडीका रूपमा गरिएको काम कस्तो रह्यो ?**

राजेश हमालकी नायिकाका रूपमा काम गर्दाको अनुभव अत्यन्त सुखद छ। यो चलचित्रको प्रदर्शनपछि ठूलो पर्दामा स्थापित हुने कुरामा ढुक्क छु।

**चलचित्रमा कस्तो भूमिका निर्वाह गर्नुभएको छ ?**

मैले दुर्घटनाबाट दुवै खुट्टा गुमाएकी अपांग युवतीको भूमिका निर्वाह गरेकी छु। अभिनयका दृष्टिकोणले धेरै नै मेहनत गरेकी छु। चलचित्र प्रदर्शनपछि दर्शकबाट आउने प्रतिक्रियाको प्रतीक्षामा छु।

**टेलिश्रृंखला, डिजिटल चलचित्र तथा ठूलो पर्दाको चलचित्रमध्ये कुन विधाको कामलाई निरन्तरता दिन चाहनुहुन्छ ?**

तीनवटै विधामा उत्तिकै मेहनत गर्नुपर्छ, तर एक्पोजर तथा सुविधाका दृष्टिकोणले ठूलो पर्दाकै चलचित्रमा काम गर्न मज्जा आउँछ।


**नायिकाका रूपमा आफू कत्तिको फिट छु जस्तो लाग्छ ?**

अभिनय र नृत्यमा पारंगत भएकीले आफूलाई नायिकाका रूपमा शतप्रतिशत फिट मान्छु। बाँकी रह्यो शारीरिक बनावट र सौन्दर्यको कुरा, ५ फिट ५ इन्च अग्लो मेरो ज्यान नेपाली चलचित्रका लागि अनुपयुक्त होलाजस्तो लाग्दैन।

**चलचित्र क्षेत्रमा नयाँ नायिकाहरूको शोषण गरिन्छ भन्ने कुरमा कत्तिको सहमत हुनुहुन्छ ?**

नयाँ नायिकाहरूको शोषण गरिन्छ भन्ने कुरा मैले पनि सुनेकी छु तर म टेलिश्रृंखलामा चार-पाँच वर्ष काम गरेर चलचित्र क्षेत्रमा प्रवेश गरेकीले त्यो अवस्थाबाट गुज्रनुपरेन।

# माया त माया हो




नायक निखिल उप्रेती तथा नायिका सञ्चिता लुइँटेललाई प्रेमी-प्रेमिकाका रूपमा हेर्न चाहने दर्शकहरूका लागि खुसीको खबर । भोलि शनिबार सार्वजनिक हुने चलचित्र 'माया त माया हो' मा निखिल-सञ्चिताले प्रेमी-प्रेमिकाको भूमिका निर्वाह गरेका छन् । तुलसी घिमिरेको लेखन तथा निर्देशनमा तयार भएको यो चलचित्रमा निखिल उप्रेतीले मकवानपुर क्षेत्रमा बसोबास गर्ने प्रजाजातिका युवकको भूमिका निर्वाह गरेका छन् भने सञ्चिता लुइँटेलले सहरिया युवतीको भूमिका निर्वाह गरेकी छिन् । सञ्चारकर्मी विनोद अर्यालको कथा तथा निर्माण परिकल्पनामा तयार पारिएको यो चलचित्र पूर्व धुलाबारीदेखि पश्चिम नेपालगन्जसम्म एकसाथ प्रदर्शन हुन लागेको हो ।

आज शुक्रबार चितवनमा प्रिमियर शो गरेर चलचित्रकर्मीहरूमाझ पहिलो पटक प्रदर्शन गरिन लागिएको यो चलचित्रमा निखिल-सञ्जिताका अतिरिक्त तुलसी घिमिरे, सन्दीप सापकोटा, शान्तिप्रिय, बीएस राणा, लक्ष्मी गिरी तथा बालकलाकार विभाष अर्यालले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । वसन्त सापकोटाको संगीत सुन्न पाइने यो चलचित्रमा गोविन्द राईको नृत्य, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा पुरुषोत्तम प्रधानको छायांकन छ । हेटौंडाका रमणीय लोकेसनमा छायांकन गरिएको यो चलचित्रमा एकातिर गाउँमा नौलो मानिससँग बोल्न पनि डराउने प्रजा जातिको जनजीवनलाई चित्रण गरिएको छ भने अर्कातिर सहरिया जीवनशैलीमा मानिसहरू व्यावसायिक हुँदा आफ्ना सन्तानप्रति कसरी अनुत्तरदायी बनिरहेका छन् भन्ने यथार्थतालाई पनि प्रस्तुत गरिएको छ ।

● चलचित्र ●

# नाइन



क्रिसमसकै दिन आज शुक्रबार हलिउड चलचित्र 'नाइन' सार्वजनिक हुँदैछ । लुकामार प्रोडक्सनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रलाई ड्रामा, म्युजिकल, पर्फर्मिङ आर्ट्स श्रेणीमा राखिएको छ । बब वेन्स्टेनद्वारा निर्मित यो चलचित्रको निर्देशन रब मार्शलले गरेका छन् । चलचित्रमा डेनियल डे-लेविस, मारियन कोटिलार्ड, पेनेलप क्रुज, निकोल किड्म्यान, जुडी डेन्च, केट हड्सन, सोफिया लरेन आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् । अघिल्लो साता प्रदर्शन भएको हलिउडकै हालसम्मको सबैभन्दा महँगो चलचित्र 'अवतार' ले राम्रो व्यवसाय गरिरहेको पृष्ठभूमिमा यो मनोरञ्जनात्मक चलचित्रले दर्शकबाट कत्तिको माया पाउने हो भन्ने कुरालाई लिएर निर्देशक मार्शल केही चिन्तित छन् । यद्यपि क्रिश्चियन समुदायको महान् पर्व क्रिसमसको उपहारका रूपमा प्रदर्शन हुन लागेकाले चलचित्रको सम्पूर्ण युनिट यसको व्यावसायिक सफलताप्रति ढुक्क देखिन्छ । चलचित्रमा हलिउडका आधा दर्जन चर्चित सुन्दरीले पहिलो पटक एकसाथ काम गरेका छन् । चलचित्रमा हलिउडकै कथा चित्रण गरिएको छ । हलिउडमा एउटा चलचित्र निर्माण गर्न के-कस्ता समस्या झेल्नुपर्छ भन्ने यथार्थता चलचित्रले बोकेको छ । चलचित्रमा एक जना निर्देशकको संघर्षको कथा समेटिएको छ, जसले जीवनको उत्तरार्द्धमा समेत राम्रो चलचित्र निर्माणका लागि प्रशस्त संघर्ष गर्नुपर्छ ।



# थ्री इडियट्स

अघिल्लो वर्ष 'गजिनी' को सफलतापछि बलिउड अभिनेता आमिर खानको नयाँ चलचित्र 'थ्री इडियट्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । बिधु विनोद चोपडा प्रोडक्सनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रलाई कमेडी श्रेणीमा राखिएको छ । राजकुमार हिरानीद्वारा निर्देशित यो चलचित्रमा आमिरका अतिरिक्त आर माधवन, शरमन जोशी, करिना कपुर, बुमन ईरानी, मोना सिंह, जावेद जाफरी आदिले मुख्य भूमिका निर्वाह गरेका छन् । शन्तनु मोइत्राद्वारा संगीतबद्ध यो चलचित्रका लागि सोनु निगम, स्वानन्द किरकिरे, शान, श्रेया घोषाल, सन्तनु मोइत्रा, सुरज जगन, शरमन जोशी आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन् ।

क्रिसमस डेको अवसर पारेर सार्वजनिक हुन लागेको यो चलचित्रको सफलताप्रति नायक आमिर ढुक्क छन् । चलचित्रको प्रचार-प्रसारका लागि उनी विगत दुई सातादेखि आफ्नो भेष बदलेर भारतका विभिन्न ग्रामीण तथा सहरी क्षेत्र घुमिरहेका छन् । आफूलाई चिन्न सक्ने व्यक्तिलाई पुरस्कृतसमेत गरिरहेका आमिर यस क्रममा भारतका क्रिकेट खेलाडी सौरभ गांगुलीको घरमा वृद्धका रूपमा पुगेका थिए भने पञ्जाबको एउटा गाउँमा भैरहेको वैवाहिक समारोहमा उनी वृत्तचित्र निर्देशकका रूपमा प्रकट भएका थिए । वर्ष २००९ कै सबैभन्दा चर्चित चलचित्रका रूपमा लिइएको यो चलिचत्रमा आमिरले छिन-छिनमा हराइरहने रिञ्चुको भूमिका निर्वाह गरेका छन् । चलचित्रको कथाअनुसार माधवन, शरमन तथा आमिर मिल्ने साथी हुन्छन् । चलचित्रको कथा अघि बढ्दै जाँदा आमिर अचानक बेपत्ता हुन्छन् । मिल्ने साथी अचानक हराएपछि दुई जना साथी आमिरको खोजी गर्न थाल्छन् । उनीहरूले आमिरको खोजीका क्रममा के-कस्ता रमाइला-नरमाइला घटनाक्रमसँग सम्झौता गर्नुपर्छ भन्ने कुरालाई चलचित्रका आकर्षक ढंगले चित्रण गरिएको छ । यात्राको क्रममा एकातिर उनीहरूले एउटा विवाहलाई रोक्नुपर्नेछ भने अर्कातिर एउटा अन्तिम संस्कारमा समेत सहभागी हुनुपर्नेछ । चलचित्रमा आमिर तथा करिनालाई प्रेमी-प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ । उनीहरूले एकसाथ अभिनय गरेको यो पहिलो चलचित्र हो ।



सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजकुमार धमला



# सजना चौलागाईं





दुई वर्षअघिदेखि अभिनयक्षेत्रमा रमाइरहेकी सजना अहिले निकै खुसी छिन् । दुई वर्षकै संघर्षपछि एकैपटक दुईवटा नयाँ चलचित्रमा अभिनय गर्न पाएपछि उनको खुसी दोब्बर भएको हो । प्रदर्शनको तयारीमा रहेको राजुध्वज राणाद्वारा निर्देशित चलचित्र 'यस्तो पो माया' तथा छायांकनका क्रममा रहेको रामशरण पाठकको चलचित्र 'ठेगाना' मा सजनाले नै मुख्य नायिकाको भूमिका निर्वाह गरेकी छिन् । चलचित्र 'यस्तो पो माया' मा उनी एक्सन नायिकाको भूमिकामा प्रस्तुत भैरहेको बताउँछिन् । सजना भन्छिन्– 'चलचित्र प्रदर्शन भएपछि मलाई दर्शकहरूले एक्सन नायिकाका रूपमा चिन्नुहुनेछ ।' 'दुवै चलचित्र प्रदर्शन भएपछि म चलचित्र क्षेत्रमा स्थापित नायिका हुने कुरामा ढुक्क छु, फुरुंग हुँदै उनी थप्छिन्– 'दुई वर्षसम्म गरेको मेहनतको प्रतिफल बल्ल पाउन लागेकी छु ।'

१८ वर्षअघि काभ्रे जिल्लाको पाँचखालमा जन्मिएकी सजना राजधानीको एउटा कलेजमा आमसञ्चार विषय लिएर कक्षा ११ मा अध्ययनरत छिन् । ५ फिट २ इन्च अग्ली सजना विगत दुई वर्षदेखि नै अभिनय तथा नृत्यको प्रशिक्षण पनि लिइरहेकी छिन् । सजना अभिनयको प्रशिक्षणपछि आत्मविश्वास बढेको धारणा व्यक्त गर्छिन् ।

सारी, पाइन्ट तथा सुटमा सजिन रुचाउने सजना फुर्सदमा टेलिभिजनका रमाइला कार्यक्रम हेर्छिन् । हल्का मेकअप गर्ने सजना आफूलाई कत्तिको राम्री मान्छिन् त ? लजाउँदै उनी भन्छिन्– 'त्यो त हेर्ने मान्छेको आँखामा भर पर्छ, मलाई चाहिं ठीकै छु जस्तो लाग्छ ।'

– कृष्ण भट्टराई

## ● साताको स्वर ●



## अञ्जना गुरुङ

**'बदनाम भएँ म तिम्रै कारणले..' कुन शैलीमा आधारित छ ?**

'अनुरोध भाग दुई' मा समावेश गरिएको यो आधुनिक शैलीको गीत हो ।

**लोकदोहोरीमा व्यस्त भैरहँदा आधुनिक शैलीको गीत गाउनुभएछ नि ?**

वास्तवमा मेरो आधार भनेको आधुनिक गीत नै हो । रेडियो नेपालमा पनि मैले आधुनिक गीतमै स्वर परिक्षा उत्तीर्ण गरेकी हुँ । संख्यात्मक हिसाबले लोकदोहोरी बढी गाएकीले त्यस्तो लागेको हो ।

**कुन कुराले यो गीतलाई लोकप्रिय बनाएको मान्नुहुन्छ ?**

सेन्टिमेन्टल भाव समेटिएको यो गीतको शब्दमा मिठास छ । संगीत पनि शब्दअनुसारकै छ। गायनमा पनि उत्तिकै मेहनत गरेकी छु।

**सत्यराज आचार्यले पनि यही गीत गाएका छन्, दुई जनाको गायकीमा के अन्तर पाउनुहुन्छ ?**

त्यो त श्रोताहरूले मूल्यांकन गर्ने कुरा हो। यो गीतमा भने महिला स्वर बढी मन पराइएको हो कि जस्तो लाग्छ ।

**कन्सर्टमा पनि यही गीत गाउनुहुन्छ ?**

अस्ति भर्खरै पोखरामा यही गीत गाउन बोलाइएको थियो । कन्सर्टको प्रारम्भमै श्रोताहरूले यही गीत गाउन आग्रह गर्नुहुन्छ ।

## ● म्युजिक अपडेट ●

### पहिलो-पहिलो मायाको विमोचन

प्रदर्शनको तयारीमा रहेको चलचित्र 'पहिलो-पहिलो माया' को गीतिसंग्रहको विमोचन गत बुधबार सम्पन्न भएको छ । कुमारी चलचित्रभवनमा आयोजित समारोहमा चलचित्रको गीतिसंग्रह सार्वजनिक गरिएको हो । महेश खड्काद्वारा संगीतबद्ध यो चलचित्रका गीत दीपक लिम्बु, अञ्जु पन्त, संयुक्ता श्रेष्ठ तथा निर्जला पराजुलीले गाएका छन् । डा. कृष्णहरि बराल तथा दयाराम पाण्डे गीतका रचनाकार हुन् ।

### फ्ल्यास ब्याकको विमोचन

गोपीकृष्ण मुभिजले निर्माण गरेको चलचित्र 'फ्ल्यास ब्याकः फर्केर हेर्दा' को गीतिसंग्रहको विमोचन गत साता सम्पन्न भएको छ । राजधानीमा आयोजित कार्यक्रममा चलचित्रका नायक निखिल उप्रेतीले उक्त संग्रह विमोचन गरेका हुन् । दयाराम दाहालको निर्देशनमा तयार पारिएको यो चलचित्रका संगीतकार सुरेश अधिकारी हुन् । चलचित्रका गीतमा अञ्जु पन्त, प्रमोद खरेल, राजेशपायल राई, सञ्जीवनी, उदितनारायण झा, मनोजराज आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन् ।

### चर्चा ओडिसीको

गत साता राजधानीमा सम्पन्न शास्त्रीय नृत्यमा आधारित कार्यक्रम 'ओडिसी' ले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्‍यो । नाचघरको रंगमञ्चमा सम्पन्न उक्त कार्यक्रममा नृत्यांगना आलोका कानंगो तथा उनको समूहले करिब दुई घण्टासम्म दर्शकलाई बाँधेर राख्न सफलता प्राप्त गरेको थियो ।

### 'सम्भावना' को लोकार्पण

सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले गजल एल्बम 'सम्भावना' को लोकार्पण गरेका छन् । डा. कृष्णहरि बरालको रचना, गैह्रे सुरेशको संगीत तथा निरा रानाभाटको स्वरले सजिएको उक्त गजल-संग्रहमा सातवटा गजल समावेश छन् । विमोचन समारोहमा शक्ति बल्लभ, धनबहादुर गोपाली, दीपक जंगम अदि संगीतकारले गीति-संग्रहको सफलताका लागि शुभकाना व्यक्त गरेका थिए ।

### राजेशको भिडियोमा राहुल

गायक राजेशपायल राईको गीतिसंग्रह 'दर्शन नमस्ते' को एउटा गीतको म्युजिक भिडियोमा बलिउड अभिनेता राहुल रायले अभिनय गरेका छन् । गत बिहीबारमा गोदावरीको बोटानिकल गार्डेनभित्र छायांकन गरिएको म्युजिक भिडियोमा राहुल रायसँग नेपाली मोडल परीक्षा क्षेत्रीले अभिनय गरेकी छिन् । 'तुवाँलोले...' शीर्षकको उक्त म्युजिक भिडियोको निर्देशन सुरज श्रेष्ठले गरेका हुन् । गायक राजेशपायलका अनुसार एक दिनमै छायांकन सम्पन्न गरिएको उक्त भिडियो केही साताभित्रै प्रदर्शनमा आउनेछ ।


## विदेशबाट

### वर्षका सर्वोत्कृष्ट समाजसेवक

विश्व सांगीतिक क्षेत्रका सुपरस्टार बोनो तथा म्याडोनालाई पछि पार्दै पप स्टार टिम्बरलेकले वर्ष २००९ मा सेलिब्रेटी समाजसेवकहरूको सूचीमा अब्बल स्थान हासिल गरेका छन् । कन्ट्याक्ट म्युजिकका अनुसार 'सेक्सी ब्याक' का यी गायकले बालबालिकाहरूको एउटा अस्पतालमा गरेको कार्यलाई निरन्तरता दिएका छन् । यसबाहेक उक्त अस्पतालले ९० लाख डलर प्राप्त गरेको छ। यो रकम म्याडोनाले समाजसेवाका लागि संकलन गरेको ५५ लाख डलरभन्दा बढी हो ।

### बियोन्सको सुगन्धमा परफ्युम

अमेरिकी गायिका बियोन्स नोल्सले आफ्नै शरीरको सुगन्धसँग मिल्दोजुल्दो परफ्युम सार्वजनिक गर्ने भएकी छिन् । आगामी वर्षको फेब्रुअरी महिनामा बजारमा आउने यो परफ्युमको प्रचारका लागि बियोन्सले तयार पारेका पोस्टर तथा भिडियो अहिले चर्चामा छन् । मारिया केरी, ब्रिट्नी स्पेयर्स तथा क्रिस्टिना एगुइलेरापछि गायिका बियोन्स पनि आफ्नो सुगन्धसँग मेल खाने परफ्युम बजारमा ल्याउने सेलिब्रेटीको श्रेणीमा सहभागी भएकी छिन् । वर्षौंसम्म अन्य उत्पादनको लञ्चमा व्यस्त रहने बियोन्सले गत साता आफ्नै उत्पादनको लञ्च गरेकी छिन् । यसअघि यी २८ वर्षीया गायिका अरमानी तथा टोनी हिलफिगरका परफ्युमको विज्ञापनमा प्रस्तुत भैसकेकी छिन् । 'हिट' नामक उनको यो परफ्युमको बजार मूल्य भने तोकिएको छैन ।



## ● अफबिट ●



**गोदावरीमा भिडियो :** गायक मदन गोपालको दोस्रो गीतिसंग्रह 'आकृति' को 'नाइँनाइँ नभन न...' को म्युजिक भिडियोको छायांकनका क्रममा गायक मदनगोपाल, मोडल विनिता बराल तथा मोडल कमल कोइराला ।

### कन्हैयाको आलाप

गायक कन्हैया सिंहले आफ्ना आधुनिक गीतिसंग्रहको शीर्षक 'आलाप' राखेका छन् । केही महिनाअघि डेढ वर्ष लामो अमेरिका बसाइपछि स्वदेश फर्किएका गायक सिंहको यो एकल गीतिसंग्रह यही पुसको अन्त्यसम्ममा श्रोतामाझ आउनेछ । आमा स्व. टीका माई तथा बुबा गोपाल सिंहको स्मृतिमा यो गीतिसंग्रह तयार पारिएको गायक सिंहले बताएका छन् । संग्रहका गीतहरू सन्तोष श्रेष्ठ, आशिष अबिर, कमल सिह, सुरेश सिंह, राजकुमार सिंह आदिले संगीतबद्ध गरेका हुन् ।

### कृतिको रकम असहायको सेवामा

आधुनिक गीतिसंग्रह 'मेरो माया' तथा भजन कृति 'ओम नमः शिवाय' श्रोतामाझ प्रस्तुत गरिसकेकी गायिका राधिका श्रेष्ठले आफ्ना गीति-संग्रहको बिक्रीबाट संकलित रकम अशक्त-असहायहरूको सेवामा खर्चिएकी छिन् । गत महिना ताहाचलस्थित आस्था वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूलाई लत्ताकपडासहित आर्थिक सहयोग गरेकी गायिका श्रेष्ठले हालै निर्माणकार्य प्रारम्भ भएको चलचित्र 'मन परेपछि' को शुभमुहुर्तको अवसर पारेर 'आउटहोम' मा आश्रित अनाथ बालबालिकाहरूलाई स्वीटर तथा टोपी प्रदान गरेकी छिन् । चलचित्र 'मन परेपछि' को प्रदर्शनबाट हुने मुनाफा पनि दीनदुःखीको सेवामा खर्चिने घोषणा गायिका श्रेष्ठले गरेकी छिन् ।

### गायक शिव श्रेष्ठ

नायक शिव श्रेष्ठ गायक बनेका छन् । साईभक्तका रूपमा चिनिने नायक श्रेष्ठले कमलपोखरी, काठमाडौंस्थित अग्रवाल भवनमा आयोजित साई महोत्सवमा साईभजन गाएका हुन् । जनगायक नौलखा तथा उनको समूहले दिउँसो एकदेखि साँझ सात बजेसम्म साईबाबाको भजन प्रस्तुत गरेको थियो । महोत्सवमा ५ हजार भक्तजन सहभागी भएको संस्थाले जनाएको छ ।

### गायिकाको शिक्षिका बन्ने रहर

गायिका सत्यकला राई लोक तथा आधुनिक गीत गाएर श्रोतामाझ परिचित छिन् । 'तिमीलाई हङकङ पुर्‍यायो आईडी कार्डैले...' लोकप्रिय भएपछि उनी फुर्सदमा बस्नुपरेको छैन । यसबीच गायिका राईले सांगीतिक सफलतासँगै शिक्षिका हुने चाहना व्यक्त गरेकी छिन् । अंग्रेजी साहित्यमा एमएड उत्तीर्ण गरेपछि उनलाई प्राज्ञिक क्षेत्रमा काम गर्ने चाहना बढेको हो । 'भर्खरै अंग्रेजीमा एमएड गरें, गायिका राई भन्छिन्– 'अब कुनै कलेजमा अध्यापन गर्न मन लागेको छ ।'

### ब्यान्ड च्यालेन्ज निर्णायक चरणमा

सांगीतिक समूहहरूबीचको प्रतिस्पर्धा 'स्प्राइट ब्यान्ड च्यालेन्ज' निर्णायक चरणमा प्रवेश गरेको छ । कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको यो सांगीतिक कार्यक्रममा अब उत्कृष्ट तीनवटा समूहबीच कडा प्रतिस्पर्धा हुनेछ । अघिल्लो सातासम्पन्न सेमिफाइनल चरणको प्रतियोगितामा 'ब्याप्टिज्मा', 'साउन्ड कडल्स' तथा 'इन्फ्लेक्टेड' समूह फाइनल राउन्डमा पुग्न सफल भएका हुन्। सेमिफाइनल चरणबाट द टाइम, डेड बोन तथा कलश समूह बाहिरिएका छन् । यो प्रतियोगितामा रविन तामाङ, देव राना तथा अभाया सुब्बा निर्णायकका रूपमा सहभागी छन् । ब्यान्ड च्यालेन्जको निर्णायक प्रतियोगिता आगामी महिना सम्पन्न गरिनेछ ।

### बस्ती सार्वजनिक

थुप्रै गायक-गायिकाका लागि कर्णप्रिय गीत रचना गरिसकेका गीतकार किरण घिमिरे माइकलले यसपटक आफ्ना एकल गीतहरूको संग्रह 'बस्ती' तयार पारेका छन् । अघिल्लो साता सार्वजनिक गरिएको यो गीतिसंग्रहमा पप शैलीका गीतहरू समावेश छन् ।

### संगीतमा पर्यटन व्यावसायी

अढाई दशकदेखि पर्यटनक्षेत्रमा रमाइरहेका गणेश न्यौपाने विगत दुई वर्षदेखि सांगीतिक क्षेत्रमा पनि सक्रिय छन् । लैलैमा कान्छी, जाउँ हिंड धरान बजार, कञ्चनजंघा शिर...लगायत थुप्रै लोकप्रिय लोक तथा दोहोरी गीत गाइसकेका गायक न्यौपाने धनकुटाको बुढीमोरङका स्थायी बासिन्दा हुन । 'झुल्को सल फिरिरी' शीर्षकको दोहोरी गीति संग्रहमार्फत सांगीतिक क्षेत्रमा आएका गायक न्यौपानले 'धनकुटा डाँडाबजार' संग्रहबाट इमेज म्युजिक एवार्ड समेत जितेका थिए ।

## ● ब्याण्ड ●

# इन्फ्लेक्टेड



ब्यान्ड च्यालेन्ज प्रतियोगिताको घोषणा हुनुभन्दा करिब एक महिनाअघि मात्र स्थापना भएको यो समूहमा छ जना संगीतकर्मी सक्रिय छन् । समूहमा एउटी महिला सहकर्मी पनि छिन् । आयुषा गिरी समूहकी एक्ली गायिका हुन् । उनकै सुमधुर गायनका कारण समूहले फाइनल चरणमा स्थान पक्का गरेको भन्नेहरू पनि धेरै छन् । समूहका अन्य सहकर्मीमध्ये चन्दन सिंह बेस गिटारिस्ट हुन् भने किरण मानन्धर ड्रमरका रूपमा कार्यरत छन् । धीरज क्षेत्रीले रिदम गिटारिस्ट तथा ब्याक भोकलिस्टको भूमिका निर्वाह गरिरहेका छन् भने भाष्करराज घिमिरे लिड गिटारिस्ट हुन् । रूपेन तुलाधर भने जिम्बो बादक हुन् । उनी समूहका हरेक प्रकारका बाजा बजाउन सक्ने संगीतकर्मीका रूपमा चिनिन्छन् ।

प्रोगेसिभ रक शैलीमा आधारित गीत-संगीत गाएर श्रोताहरूको मन जितिरहेको यो समूहले ब्यान्ड च्यालेन्ज प्रतियोगिताकै क्रममा दुईवटा नयाँ गीत सिर्जना गर्न सफल भएको छ । समूहले सेमिफाइनल चरणमै 'एकताको उदाहरण...' गीत सार्वजनिक गरेको थियो भने त्यसपछिको चरणमा पिस सङ्ग प्रस्तुत गरेको थियो । त्यसो त समूहले प्रतिस्पर्धाकै क्रममा सबिन राई, मुक्ति एन्ड द न्यू रिभोलुसन, अभाया एन्ड इस्टिम इन्जिन्स आदि गायक तथा सांगीतिक समूहका गीत पनि गाइसकेको छ । 'उत्कृष्ट तीन' मा छनौट भएपछि यो समूहका सहकर्मीहरूको व्यस्तता अचानक बढेको छ । बेस गिटारिस्ट चन्दन भन्छन्– 'लगातार कन्सर्टमा सहभागी भैरहेका छौं ।' उनका अनुसार यो समूहलाई विभिन्न कलेजले सांगीतिक कार्यक्रम प्रस्तुत गर्न आमन्त्रण गरिरहेका छन् । यसबीच गत शनिबार राजधानीको भृकुटीमण्डपस्थित खुला चौरमा ब्यान्ड च्यालेञ्चको निर्णायक चरणमा पुगेका तीनवटै सांगीतिक समूहले लाइभ कन्सर्ट प्रस्तुत गरेका छन् । 'दर्शकहरूले हामीलाई साथ दिइरहेका छन्, गिटारिस्ट चन्दन थप्छन्– 'हाम्रो समूहमा गायिका पनि भएकाले दर्शकले हाम्रो प्रस्तुतिलाई विशेष रूपमा लिइरहेका छन् ।'

# सूर्य लाइट्सले झूमायो



## रिदम नाइट डान्सपार्टी

कमल रिमाल

विराटनगर– साँझ पर्न लाग्दा बढ्दै गएको चिसोसँगै संगीतको धुन पनि बढ्न थाल्छ । संगीतको आवाज चर्कन थालेपछि ठुलो संख्यामा भेला भएका युवायुवतीहरू बिस्तारै हल्लन थाल्छन् । त्यसमाथि स्टेजबाट आग्रह आउनासाथ युवायुवतीहरू संगीतको तालमा नाच्न थाल्छन् । केही क्षणमै वातावरण संगीतमय हुन्छ ।

गएको शनिबार विराटनगरको नमस्कार होटल परिसरमा आयोजित रिदम नाइट डान्सपार्टीमा तन्नेरीहरू यसरी नै झुमेका थिए । पार्टी नेपालको आयोजना तथा विराटनगर जेसिसको संयोजनमा भएको डान्सपार्टी बेलुका ५ देखि राति १० बजेसम्म चलेको थियो । घाँसको चौरमा खुल्ला आकाशमुनि नाच्न तल्लीन युवा पुस्ताले जाडोको महसुस गरेन । नाच्दानाच्दै पसिनाले पँरै शरीर भिजाएर पनि उनीहरूको धीत मरेको थिएन । अझ डिजेद्वय राजु र किरणको संगीत–संयोजनले उनीहरूलाई नाच्न बाध्य पारेको थियो । मञ्चअगाडिको चौरमा ठुलो संख्यामा रहेका युवायुवतीलाई नाच्न हौस्याउदै हेमा स्टेज डान्समा व्यस्त भइन् । उनी धेरैवटा गीतमा नाचिन र चौरभरि रहेका युवायुवतीलाई नचाइन् ।

## रिमिक्समय रिदम नाइट्स

भीषण राई

धरान– काठमाडौंबाट विभिन्न सहरका युवापुस्तालाई डान्सपार्टीमा उफार्दै धरान आइपुगेका दुई डिजेले धरानमा पनि आफ्ना सांगीतिक हिट डान्सिङ नम्बरहरू सुनाएर उफारे । अहिलेका रिमिक्स नम्बरहरू नै बढी बजाएका डिजेहरूले धराने पार्टीक्रेजीको चाहना बुझेकाले होला, फास्टबिटका थुप्रै गीत बजाए । डिजेको गीतमा धराने युवापुस्ता ननस्टप व्यस्त रहेको देखेर डिजेहरू मख्ख देखिन्थे । डिजेद्वय राजु र किरणको संयुक्त प्रस्तुतिले उपस्थितहरू पार्टीक्रेजीहरू पुसको जाडोमा पनि पूरै खलखली पसिनाले निथ्रुक भए । गत शुक्रबार धरानको निर्वाणा कन्ट्री क्लबमा आयोजित क्रिसमस रिदम नाइट्समा तिर्खाएका धराने पार्टीक्रेजीको प्यास मेटिएझैं आभास मिल्थ्यो । पार्टीमा आ–आफ्नो समूहमा नाच्ने र जोडी–जोडी नाच्नेहरूको खाँचो थिएन । स्थानीय थर्ड जेनेरेसनको आयोजनामा सञ्चालित रिदम नाइट्समा बी–बोइङ गर्ने पार्टी क्रेजीहरू पनि उत्तिकै सक्रिय



थिए । उनीहरूको फरक बी–बोइङले पनि पार्टीमा उपस्थितहरूको मन प्रफुल्ल बनेको थियो । जसमा अन वान्टेड र द युनिटीको बी–बोइङ हेर्न लायक थियो । बेलुकी छ बजे प्रारम्भ भएको रिदम नाइट्स पार्टी मध्यरातसम्म चलेको थियो ।



# दुबईमा मीत लगाउँदै

दुबईमा एक दर्जनभन्दा बढी तामाङ युवायुवतीको जमघट । जाडोयामको मौसम उस्तै अनि हरियाली सफा, सुन्दर चौरको बीचमा क्यासेटबाट तामाङ गीत घन्किन्दै थियो लैबरी मेन्दो चट्टै...., त्यसमाथि शुक्रबार अनि इस्लामिक हिज्री वर्ष १४३१ को पहिलो दिन । दुई जना युवतीले उपस्थित पाहुनाहरूलाई खादा लगाइदिँदै स्वागत गरे । दुवै जना सिन्धुपाल्चोक बोताङका हुन् । एक जना दुबई बसेको ३ वर्ष भयो भने अर्कीको १ वर्ष हुँदैछ । भेटघाट त दुबईमै भएको हो । उमेर उस्तै, अनुहार उस्तै, शरीरिक बनौट उस्तै, बोल्ने शैली उस्तै, नाम पनि उस्तै दुई जनाको । दुवै जना अविवाहित गंगा तामाङ र माया तामाङ । कार्यक्रममा निमन्त्रणा दिने यिनै रहेछन् । भीडमा ती दुई युवती आमने-सामने बसेर बीचमा कपडाले छेकेका छन् । दुवैतर्फ एक-एक बोतल जुसमा खादा, घ्यूँ, फूल सजाइएको छ । कागजको थालमा मोहर रुपैयाँ, फलफुल, मिठाई, केक र विभिन्न थरीका घरायसी खानेकुराको सजावट छ । बेलुका ६ बज्नै लागेको थियो, अगरबत्ती र घ्यूको बत्ती बाल्दै दुई जना युवा लामा मन्त्र पढ्न थाले । लामा गुरुले दुई जनालाई खादा लगाइदिइसकेपछि आमने-सामने बस्ने दुई युवतीले पालैसँग एक-अर्कालाई खादा लगाइदिएर खाम एवं उपहारहरू सटासाट गरे । एक-अर्कालाई केक ख्वाएर टाउको ठोके, अनि अँगालोमा दुवैका आँखा रसाए । त्यसपछि उपस्थित सबैले ती दुई जना नायिकासँग हात मिलाउँदै कोही अँगालो हाल्दै, कोही ढोग्दै नगद र उपहारहरू प्रदान गरे भने सहयोग गरिरहेका युवतीहरू पाहुनाहरूलाई चिया, चिसो, बिस्कुट वितरणमा व्यस्त थिए ।

कार्यक्रमका नायिकाहरूले रात्रिभोजन शुभारम्भ गरे । त्यसपछि क्रमैसँग उपस्थित पाहुनाहरूले कागजको थालीमा नेपाली परिकार आफ्नै घरमा आमाको हातले पकाएजस्तै स्वाद लिए । त्यसपछि ठूलठूलो स्वरमा गीत घन्कियो अनि १० दर्जन युवायुवती एकसाथमा छमछम कम्मर मर्काउँदै दोहोरी गीत र नाचमा जमे । यसरी प्रवासमा पनि गाउँघरको सम्झना दिलाए, कहाँ बिर्सिन्छ र आफ्नो चलन ? जति नै आधुनिक युगका युवा हुन्, कहाँ छोड्छ र चलिआएको चलन जस्तै आधुनिक सहरमा बसे पनि ।

# यसपटकको हिट्स एवार्डमा









## विजेताहरू

नवप्रतिभा : श्रेया सोताङ (फूलमा पातमा)
पपसंगीत : राम सिटौला (पलपल)
रकसंगीत : लोचन रिजाल (प्रश्न)
संगीत : महेश खड्का (नबिर्से तिमीलाई)
संगीत–संयोजन : फणीन्द्र राई (आओ यादहरू)
लोकएल्बम : गुडिजाने रेल (चक्रबहादुर राई)
एल्बम : सन्धि ( शैलेश सिंह)
गीत : माधवप्रसाद घिमिरे (यो छहारी)
चलचित्र गीत : सत्य–स्वरूप आचार्य (सायद मायामा)
गायक : जगदीश समाल (आओ यादहरू)
समूह गायन : द भाइब्ज (थाकिसकेँ)
रक गायन : एड्रियन प्रधान (आकाशैको)
पपगायिका : श्रेया सोताङ (फूलमा पातमा)
गायिका : अञ्जु पन्त (नबिर्से तिमीलाई)
पप गायक : दीपेशकिशोर भट्टराई (गर्नु छ रमाइलो)
पप/रक एल्बम : मेरो साथी (रामकृष्ण ढकाल)
लोकगीत : नौतुनाको रेल (कृष्ण, खुमन र देवी घर्ती)
युगल गायन : उदय–मनिला सोताङ (तिमीलाई देखेँ)
सर्वोत्कृष्ट गीत : नबिर्से तिमीलाई (अञ्जु पन्त)





**साप्ताहिक समाचार**

काठमाडौं– 'हिट्सका अरू आरजेहरू कता लागेछन् ? एउटैले फतर-फतर बोलिरहेका छन् त,' एक जना सञ्चारकर्मीले मुखै फोरेर भने । हिट्स एफएमका आरजे मनोज केसीको एकोहोरो 'फतर-फतर' सुनेर ती सञ्चारकर्मीले प्रतिक्रिया जनाएका थिए, अधिकांश दर्शक वाक्क भएको देखियो । गत शुक्रबार राजधानीको आर्मी अफिसर्स क्लबमा आयोजित क्लोजअप हिट्स एफ.एम. म्युजिक एवार्डको बाह्रौं संस्करणको वितरण कार्यक्रम सञ्चालन गर्ने अभिभारा आरजे मनोजले एक्लै उठाए । एवार्डको यो संस्करणको कार्यक्रमलाई उनले आफ्नो एकोहोरो अस्पष्ट व्यंग्यात्मक अभिव्यक्तिले अनावश्यक तन्काएको महसुस सबैले गरे ।

सरकारी टेलिभिजन च्यानलबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रमको मूल आकर्षण गायक शिव परियारको एकल गायन बन्यो । शिवको सुफी गायनमा सबै झुमेका थिए । गायक रामकृष्ण ढकाल तथा माण्डवी त्रिपाठीले स्वरसम्राट् स्व. नारायणगोपाल तथा गायिका ज्ञानु राणाले वर्षौंअघि गाएको गीतकार डा. राममान तृषितद्वारा रचित गीत 'मान्छेको माया यहाँ खोलाको पानीजस्तो' गाएर वातावरणलाई संगीतमय बनाएका थिए । गीतकार डा. तृषितलाई कार्यक्रममा लाइफटाइम एचिभमेन्ट सम्मान प्रदान गरिएको थियो । उनलाई समकालीन गायक प्रेमध्वज प्रधान तथा गायिका मीरा राणाले सम्मान प्रदान गर्दा उपस्थित सम्पूर्ण दर्शक आ-आफ्नो स्थानबाट उठेका थिए ।

रक समूह १९७४ एडीका गायक तथा ड्रमर एडरियन प्रधानसहितको समूहका सदस्यहरूबाट राष्ट्रिय भावनाले ओतप्रोत रक गीतको लाइभ प्रस्तुतिपछि शुभारम्भ भएको कार्यक्रममा एकपछि अर्को एवार्ड वितरण गर्न विभिन्न कलाकार तथा व्यवसायीहरू मञ्चमा आउने-जाने क्रम कुल २० वटा एवार्ड नसकिउन्जेल चलिरह्यो । १९७४ एडीका गायक तथा ड्रमर एडरियन प्रधानकै एकल गायनबाट यो वर्षको कार्यक्रम सकिएको थियो ।

गायिका सुवानी मोक्तान, गायक जगदीश समाल, डम्बर नेपाली, आनन्द कार्की आदि कलाकारले कार्यक्रममा आ-आफ्ना गीत सुनाएका थिए । सुर समूहको प्रत्यक्ष वाद्यवादनमा उनीहरूको गायनले कार्यक्रमलाई स्तरीय सांगीतिक कार्यक्रम बनाएको थियो । त्यस्तै कामना कला केन्द्रका कलाकारहरूको नृत्य पनि राम्रो थियो । एवार्ड घोषणापछि पनि सम्बन्धित कलाकार वा निकटका मानिस उपस्थित नभएकाले हिट्सका कर्मचारीले नै आफैंले पाएजस्तै गरी एवार्ड ग्रहण गरेको दृश्य रमाइलो थियो ।

बारम्बार सञ्चालकले 'उहाँको यो एवार्ड हामीसँगै सुरक्षित रहनेछ' भनिरहँदा एउटा दर्शकले प्याच्च बोलिहाले- 'कलाकारहरूलाई निम्तो गर्दा तपाईं आउन नपाए आफन्तलाई भए पनि पठाउनुहोला नभनेका हुन् कि कलाकारले आउन इन्ट्रेस्ट नदेखाएका हुन् ?' शुभारम्भमै नवप्रतिभाको एवार्ड लिन नपुगे पनि गायिका श्रेया सोताङ अनुपस्थित बुबाआमाको एवार्ड तथा आफैंले पाएको अर्को एवार्ड लिन भने स्टेजमा उक्लिएकी थिइन् । त्यस्तै गायक दाजुभाइ सत्यराज-स्वरूपराज आचार्य, गीतकार माधवप्रसाद घिमिरे, गायक दीपेशकिशोर भट्टराई, गायिका अन्जु पन्त आदि कलाकार एवार्ड पाए पनि कार्यक्रममा देखिएनन् । आचार्य दाजुभाइ तथा दीपेशकिशोर विदेशमा रहेकाले कार्यक्रममा उपस्थित हुन नसकेका हुन् ।



# धरानमा आदिवासी चलचित्र महोत्सव

धरानमा दुईदिने अन्तराष्ट्रिय आदिवासी चलचित्र महोत्सव सम्पन्न भएको छ । आदिवासी जनजातिका परम्परागत संस्कृति एवं उनीहरूका राजनैतिक अधिकारका मुद्दाहरू समेटिएका चलचित्र प्रदर्शन गरी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव शनिबार सम्पन्न भएको हो । धरानको सभाहलमा सम्पन्न दुईदिने अन्तराष्ट्रिय आदिवासी चलचित्र महोत्सवमा मुख्य रूपमा आदिवासीहरूका कुरा समेटिएका चलचित्र प्रस्तुत गरिए । महोत्सवमा लामा चलचित्रहरूमा संविधानसभाका लागि बोलिभियाली आदिवासी जनताले गरेको आन्दोलनको गाथा समेटिएको चलचित्र विल्डङ डिग्नीटी (बोलिभिया), तामाङ गोठालोले आफ्नो गाउँमा शिक्षाको उज्यालो छर्न गरेको संघर्षको चलचित्र गोदेवा (तामाङ), परम्परागत कुमाले पेसा अपनाउनेहरूले झेल्नुपरेको दुःखमा आधारित चलचित्र ग्वाय मरु (नेवार), लाहुरे परम्पराको सामाजिक प्रभाव र त्यसले तुहाइरहेको सपनाको कथा तिनागा (तमु) प्रस्तुत गरिएका थिए । महोत्सवमा नवीन सुब्बा निर्देशित आदिवासी जनजातिहरूले अधिकार खोज्दा गरेको संघर्षको अभिलेखरूपी चलचित्र द ल जर्नी आदि चलचित्र पनि प्रदर्शन गरिएको थियो । छोटा चलचित्रमा थाक्थाक्मा (लिम्बूँ), द चिउरी (चेपाङ), नाराम (मगर), महिटा (तमु) र गेइटमाला (फिनल्यान्ड) प्रदर्शन भएका थिए । अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवको पहिलो दिन विभिन्न जातिको जातीय झाँकीसहितको र्‍यालीले नगर परिक्रमा गरेको थियो । लामा तथा छोटा गरी १५ वटा चलचित्र प्रस्तुत गरिएको अन्तराष्ट्रिय आदिवासी चलचित्र महोत्सव–२०६६मा पूर्वाञ्चलवासीको बाक्लो उपस्थिति थियो । महोत्सवमा विभिन्न जनजातिको जातीय परिकारको स्टल पनि आकर्षण बनेको थियो ।

–भीषण राई

# लाप्चाहरूलाई नयाँ वर्षको रमझम



इलाम– ऐतिहासिक फेन्सोङ्ग गुम्बा डाँडामा भेला भएका लोपोन्मुख लाप्चा जातिका तन्नेरीदेखि वृद्धासम्मका सबै नागरिक सडकमा ओर्लिए । आफ्नै जातिको पहिचान झल्कने झन्डा ठड्याए अनि ऐतिहासिक पृष्ठभूमिलाई सम्झेर जयजयकार गरे । सडकमा कमै मात्रामा देखिने नेपालका अल्पसंख्यक लाप्चाजाति त्यस दिन भिन्नै रौनकमा थिए । पारिपट्टि सिक्किममा १५ दिनसम्म अनेकौं मनोरञ्जनात्मक कार्यक्रम गरेर मनाइने 'नामआल नामवन' पर्व अर्थात् नयाँ वर्षलाई नेपालका लाप्चा जातिले यस वर्ष भने आफ्नो छुट्टै राज्य र अधिकारको ग्यारेन्टीको माग गर्दै मनाए ।


बिहानीपख आफ्नै गुम्बामा प्रकृतिलाई पूजा गरेर मध्याह्नतिर ब्यानर र प्लेकार्ड बोकेर सडकतिर लागेका लाप्चा समुदायका मानिसहरू जातीय नाच एवं गीतमा रमाइलो पनि गरिरहेका थिए । इलाम जिल्लाको पूर्वी भागमा मात्र बसोबास गर्दै आएको यो समुदायका मानिसहरूले प्रत्येक वर्षको पौषे औंसीदेखि मनाउने यो पर्व यसपालि डिसेम्बर १७ तारिकका दिन परेकाले उनीहरू यस दिनलाई भव्य रूपमा मनाइरहेका थिए ।

गाउँ-गाउँबाट आफ्नो जातीय पोसाक 'दाम्प्रा दामबोन'मा सजिएर सयौं लाप्चा नयाँ वर्षको शुभकामना आदनप्रदान कार्यक्रममा जम्मा भएका थिए । सोही अवसरमा उनीहरूले जातीय नाच नाचे, गाए अनि देउसी खेलेर मजा लिए । त्यतिमात्र होइन, उनीहरूको ऐतिहासिक महत्त्वको धनुकाँड हान्ने प्रतिस्पर्धा चलाए र प्रकृतिका देवताका रूपमा कन्दमूल र तरुल प्रसादका रूपमा सबैलाई बाँडे ।

–युवराज गौतम

# पुराना कलाकार रौसिए

● शंकर खरेल



सुनसरी- २०२३ सालमा इटहरीमा मञ्चित नाटक 'विवशता' देखाउँदा उनीहरू १७-१८ वर्षका थिए । त्यही नाटक चार दशकपछि देखाउन पाउँदा उनीहरूले बुढ्यौलीलाई पूरै बेवास्ता गरी अभिनयमा डुब्ने प्रयास गरे । महिला कलाकार नभेटिएपछि आफू महिलाको भूमिकामा देखिएको कुरा सुनाउँदै रमेशकुमार विष्ट भन्दै थिए- 'त्यो बेला महिला कलाकार नै नपाएपछि एक अवोध नारीको भूमिकामा म प्रस्तुत भएको थिएँ ।'

संविधानसभामा कांग्रेस समानुपातिकबाट उम्मेदवारी पाएकी पुराना कलाकार कल्पना चौधरीले 'माइतीघर....' गीतमा पुरानै फुर्ती देखाउँदै नृत्य गरिन् । गायक प्रकाश ओझा कल्पनालाई हौस्याउँदै भन्दै थिए- 'हामी केटाकेटी छँदा कल्पना दिदी नाचेको बेला सिठ्ठी बजाउन नआए पनि दुईवटा औंला मुखमा कोचेर 'वान्समोर' भन्थ्यौं ।'

तीन दशकअघि गीत गाएर पूर्वका श्रोतामाझ चर्चित भएका गायक चण्डिका निरौलाले मज्जाले आफ्नो स्वर प्रस्तुत गर्दा दर्शकहरू नाचिरहे । ३३ वर्षअघि सुनसरीको इटहरीमा आफ्नै भाकामा सतार नृत्य नाच्ने र हाल इलाका प्रहरी कार्यालय इटहरीमा लेखन्दासको काम गर्दै आएका ठाकुर भट्टराईले धेरै दर्शकको मन जिते ।

कार्यक्रम थियो पुराना कलाकारहरूको प्रस्तुति । चाँजोपाँजो मिलाएको थियो- कलाकालय इटहरीले । उनीहरूलाई हौस्याइरहेका थिए कलाकार प्रकाश ओझा, राम कार्की, शिशिर सुवेदी, विक्रमश्री आदिले । आजभन्दा ४० वर्षअघि इटहरी र आसपासका क्षेत्रमा मञ्चन भएका नाटक 'विवशता', 'अभियोग' मात्र होइन, धेरै दृष्टिले कार्यक्रममा नौलो एवं पृथक प्रस्तुति थियो । 'यस्तो कार्यक्रम भारतवर्षमा धेरै पटक भएको थियो तर नेपालमा थिएन,' प्रमुख अतिथिमा निम्त्याइएका स्रष्टा अभि सुवेदीले भने- 'यसलाई अरू जिल्लाले पनि पछ्याउनुपर्छ ।'

कार्यक्रममा प्रमुख अतिथि सुवेदी तथा विशिष्ठ अतिथि प्रकाश सायमीले ८६ जना कलाकारलाई सम्मान गरे । 'कलाकार मर्दैनन्' भन्ने बोध गराउन आयोजकले मरेका कलाकारका परिवारसमेतलाई आमन्त्रण गरेर दोसल्लासहित सम्मान गरे । चार दशकअघि कलाकारितामा लागेका ठाकुर भट्टराई, चण्डिका निरौला, कालीप्रसाद बस्ती, रमेशकुमार विष्टमात्र होइन, मधु रिमाल, रामकुमार सुब्बा आदिलाई दोसल्लासहित सम्मान गरिएको थियो ।

# छातीमा रौं भएका दुई मात्र नेता छन्

पृष्ठ ५ बाट जारी

एक्ला छन् । नारायणमान माओवादीले कम्युनिस्ट भएर जात, धर्म र क्षेत्रको राजनीति गऱ्यो भनेर कराइरहेका छन्, तर उनी पनि एक्ला छन् ।

**त्यसबेला नेपाली कांग्रेसले तपाईंजस्ता युवालाई आन्दोलनमा होम्यो, अहिले माओवादीले त्यही गर्दैछ । अहिले आएर यस्ता सबै आन्दोलन निरर्थक छन् भन्ने लाग्दैन ?**

हिजो प्रजातन्त्र थिएन । एकदलीय शासन थियो । व्यक्तिका अधिकार खोसिएका थिए । त्यसैले हाम्रो आन्दोलन जायज थियो । अहिले माओवादीको आन्दोलन नागरिक सर्वोच्चताजस्ता हावादारी कुरामा केन्द्रित छ । सत्तामा जान जनतालाई बेबकुफ बनाउने आन्दोलन र एकदलीय शासनविरोधी आन्दोलनलाई एउटै स्थानमा राख्न मिल्दैन ।

**आफूले गरेको आन्दोलनचाहिँ ठीक अरूले गरेको आन्दोलन बेठीक भन्न खोज्नुभएको हो ?**

आफ्नो स्वार्थका लागि जनतालाई बेबकुफ बनाउने कुनै पनि आन्दोलन ठीक होइन । अहिले माओवादी आफू सत्तामा जान चाहन्छ तर मलाई सत्ता चाहियो भन्दा लाज हुने भयो । किनभने हिजो आफैले सत्ता छोडेको थियो । त्यसो भएपछि उसले नागरिक सर्वोच्चतालाई बाहाना बनाएको हो । नेपालीले धेरै दुःख पाइसके । अझै पनि साम्यवादको सपना देखाएर गरिब जनतालाई उचाल्ने, जंगल मास्ने, अर्काको सम्पत्तिमा जबरजस्ती धावा बोल्ने रोमाञ्चक सपना माओवादीले देखाइरहेको छ । राजनीति रोमाञ्चक खेल होइन, यसमा देश र जनताको भविष्य जोडिएको हुन्छ ।

**गरिब जनताको गाँस, बास रकपासको अधिकार सुनिश्चित गर्नु त राम्रो कुरा होइन ?**

अर्काले जीवनभरि दुःख गरेको कमाइ खोसेर ? सरकारी जंगल, सम्पत्ति मासेर ? हेर्नुहोस्, जसरी नेपाली माओवादी अगाडि बढिरहेको छ त्यसले देशको इतिहास त मेटाउँछ नै, भविष्य पनि बर्बाद पारेको छ । यसैगरी जात, क्षेत्र र धर्मका नाममा देश विभाजन गर्दै जाने हो भने हाम्रो अस्तित्व बाँकी रहनेछैन । न देश रहन्छ, न जनता सुखी हुन्छन् । आफ्नो स्वार्थका लागि जनता-जनताबीच भाँजो हालेर कसमाथि शासन गर्न खोजिएको हो, म त छक्क परिरहेको छु ।

**अल्पमतमा परेका जनतालाई क्षेत्रीय, जातीय एवं धार्मिक रूपमा उठाउनुलाई तपाईंजस्तो राजनीति बुझेकाले स्वागत पो गर्नुपर्ने, होइन र ?**

राजनीति बुझेकैले माओवादीले गरिरहेका क्रियाकलापको विरोध गर्नुपरेको हो । अहिलेसम्म मैले अध्ययन गरेअनुसार कम्युनिस्ट सिद्धान्तले न त धर्मलाई प्राथमिकता दिन्छ, न क्षेत्रलाई, न त जातजाति उसको प्राथामिकतामा पर्छ । कम्युनिस्टहरू संसारका जनता एउटै मालामा गाँसिऊन्, आफ्नो मात्र वर्ग राख्न चाहन्छन् । धर्मका नाममा, जातजातिका नाममा गरिब नेपालका माओवादीहरू भने धर्म, जातजाति र क्षेत्रीय राजनीति गरिरहेका छन् । अर्काको लुटेर खानुमा गौरव मान्छन् । जुन देशलाई पृथ्वीनारायण शाहले बनाए, उनकै अस्तित्व मेटाउने प्रयास गरिरहेका छन् ।

**धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नु तपाईंकै सिद्धान्तअनुरूप छ, होइन र ?**

यदि तपाईंले शब्दकोशमा धर्मनिरपेक्ष शब्दको अर्थ खोज्नुभयो भने निसहाय, एक्लो, वैरागी, कसैसँग नजिक नहुने भन्ने पाउनुहुन्छ । धर्म कहिल्यै पनि एक्लो, वैरागी र टाढा हुँदैन । त्यसैले धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्ने काम शाब्दिक रूपमा गलत छ । अर्को कुरा विश्वका विकसित एवं ठूला राष्ट्रहरूले पनि एक-एकवटा राष्ट्रिय धर्म मानेका छन् । विश्वमा ८९ वटा राष्ट्र इसाई धर्मावलम्बी छन् । त्यसमध्ये ६६ रोमन क्याथोलिक छन् । संसारमा इस्लामलाई राष्ट्रिय धर्म मान्ने देशको संख्या ४९ छ । भुटान, बर्मा, ताइवानजस्ता राष्ट्र बुद्धिष्ट छन् । इजरायल विश्वको एकमात्र यहुदी मुलुक हो । जुन देशमा ८४ प्रतिशत हिन्दू छन्, जुन देश विश्वको एकमात्र हिन्दू राष्ट्र थियो, त्यो देशलाई चाहिँ हतार-हतार धर्मनिरपेक्ष मुलुक किन बनाउनुपऱ्यो ?

**धर्मनिरपेक्ष बनाउँदा बिग्रिएको पनि के छ र ?**

हरेक धर्मका मानिस चाहन्छन्, आफ्नो धर्म फलोस्, फूलोस् । विश्वका झन्डै २ अरब हिन्दू धर्मावलम्बीका लागि विश्वमा एउटा हिन्दू राष्ट्र हुनु सबै हिन्दूका लागि गौरवको विषय थियो । जसरी विश्वको सर्वोच्च शिखर नेपालमा छ, जसरी बुद्ध नेपालमा जन्मिएका हुन्, त्यसैगरी विश्वको एकमात्र हिन्दू राष्ट्रको पहिचान नेपालको थियो । त्यो पहिचान मेटाउनु भनेको नेपालमा बुद्ध जन्मिएका होइनन् वा विश्वको सर्वोच्च शिखर नेपालमा छैन भनेजस्तै हो । यो कुरामा सबै नेपालीको चित्त दुख्नुपर्ने हो । यदि १६ प्रतिशत अन्य धर्मावलम्बीका लागि नेपाललाई धर्मनिरपेक्ष घोषणा गरिएको तर्क गर्ने हो भने यो घोषणापछि अन्य धर्मका मानिस धेरै मारिन थालेका छन् । गत वर्ष ललितपुरको एजम्सन चर्चमा बम विस्फोट हुँदा १३/१४ जना मान्छे मारिए, एउटी अबोध बालिका मारिइन् । इटहरीमा एकजना फादर पनि मारिए । विराटनगरको मस्जिदमा विस्फोट भयो, त्यहाँ पनि धेरै घाइते भए । हिजो हामी सबै धर्मावलम्बीहरू मिलेर बसेका थियौं, यो धर्मनिरपेक्षताले हामीलाई एक-अर्काबाट टाढा पुऱ्याएको छ, यो दुःखद कुरा हो । आजभोलि क्रिश्चियनलगायत अन्य धर्मावलम्बीहरू पनि नेपाल हिन्दू राष्ट्र रहोस् भन्ने चाहन्छन् साथै म अध्यक्ष रहेको अन्तर्धार्मिक परिषद्ले धर्मनिरपेक्ष ठीक होइन भनेर पास गरेको छ ।

**तपाईं विश्व हिन्दू महासंघको अध्यक्ष पनि हो, नेपालको हिन्दू राष्ट्रको पगरी फर्काउन के गर्दै हुनुहुन्छ ?**

म प्रचार-प्रसार गर्दैछु । नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्दा नेपाललाई के बेफाइदा भयो प्रचार गर्दैछु । नेपालको पहिचान बनेको हिन्दू राष्ट्र हटाउन कसको षड्यन्त्र छ त्यसको भण्डाफोर गर्दैछु– नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुहुन्न, संघीयता नेपालजस्तो सानो राष्ट्रलाई सुहाउने कुरा होइन, जातीय गणराज्य त झन् राष्ट्रघात हो ।

**नेपालको हिन्दू राष्ट्र हटाउन कसको षड्यन्त्र छ ?**

मैले माथि नै भनिसकें, हरेक व्यक्ति संसारमा आफ्नै मात्र धर्म फैलियोस् भन्ने चाहन्छन् । इसाई धार्मिक संगठनहरू नेपाल पनि बिस्तारै क्रिस्चियनिटीतर्फ जाओस् भन्ने चाहन्छन् । हिन्दू राष्ट्र हुन्जेल त्यो सम्भव थिएन । त्यसैले उनीहरूले धर्मनिरपेक्षताका लागि लबिङ गरे । त्यो लबिङमा उनीहरूले माओवादीलाई प्रयोग गरे । अहिले पनि धेरै युरोपेली राष्ट्र माओवादीप्रति नरम हुनुका पछाडि यो मुख्य कारण हो ।

**विश्व हिन्दू महासंघको अध्यक्ष हुँदाहुँदै पनि तपाईं अन्तरधार्मिक संघको अध्यक्ष चुनिनुभएको छ, यो विरोधाभास होइन ?**

विश्व हिन्दू महासंघको अध्यक्षका रूपमा मैले हिन्दू धर्मको रक्षालाई प्रमुखता दिएको छु तर अन्तरधार्मिक संघको अध्यक्षका रूपमा सबै धर्ममा सहिष्णुता कायम राख्न एवं धर्मनिरपेक्षताको घोषणापछि भएका हिंसात्मक क्रियाकलाप रोक्न सबै पक्षसँग मिलेर काम गर्नुपर्ने बाध्यता भयो । यदि यहाँ धार्मिक सद्भाव बिथोलियो भने त्यसको दोष हिन्दूलाई लाग्न सक्छ, किनभने यहाँ ८४ प्रतिशत हिन्दू बसोबास गर्छन् । सबै धर्मका धर्मगुरुसँग सम्बन्ध कायम राख्नु अहिलेको आवश्यकता हो । यो विरोधाभासको कुरा होइन ।

**तपाईं तीन दशकदेखि वीर अस्पतालमा गरिब बिरामीको उपचारमा सक्रिय हुनुहुन्छ । यति लामो समयसम्म बिरामीलाई सहयोग गर्दा तपाईंले अनुभव गरेको रमाइलो पक्ष के हो ?**

२०५७ सालमा सोलु-सल्लेरी बिग्रेडका जनसेना भोला अर्याल आफैले बोकेको बम विस्फोट हुँदा सख्त घाइते भएछन् । त्यसबेला माओवादीलाई सहयोग गर्नु सरकारको निगरानीमा पर्नु थियो । नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता भए पनि मैले रिस्क लिएर उनको सम्पूर्ण उपचार गराएँ । २२ प्वाइन्ट रगत लाग्यो । हात काट्नुपरे पनि उनी बाँचें । समाजसेवामा विरोधीको झन् बढी सेवा गर्न मन लाग्दो रहेछ । यो मेरा लागि रमाइलो घटना हो ।

–अश्विनी कोइराला

## सचित्र
















### चलचित्र एवार्ड समारोहमा सेलिब्रेटी

१ सर्वोत्कृष्ट अभिनेता भुवन के.सी. सँग छोरा तथा निर्माता अनमोल के.सी.

२ गायिका कोमल वलीसँग बलिउड अभिनेता राहुल राय

३ नायिका ऋचा घिमिरेसँग श्रीमान् शंकर घिमिरे

४ प्रसन्न मुद्रामा नायिका अरुणिमा लम्साल

५ गायिका अञ्जु पन्त र गायक राजेश पायल राई 'सागर सरी...' गाउँदै ।

६ नायिका शर्मिला मल्लसँग श्रीमान् तथा नायक कृष्ण मल्ल

७ शास्त्रीय नृत्य प्रदर्शन गर्दै नायिका झरना थापा

तस्बिरहरू : महेश प्रधान

# चलचित्र एवार्ड समारोहका केही रोचक प्रसंग

● कृष्ण भट्टराई

**मिति** : पुस १ गते बुधबार
**समय** : साढे तीन बजेपछि नौ बजेसम्म
**समारोह** : केटिभी चलचित्र एवार्ड २०६६ वितरण समारोह

**प्रसंग एक :**

कान्तिपुर टेलिभिजनले साँझ ४:३० बजेदेखि प्रत्यक्ष प्रसारण गर्ने भएकाले एवार्ड समारोह आयोजना हुने प्रेक्षालयमा चार बजेसम्ममा आसनग्रहण गरिसक्नुपर्ने आग्रह निमन्त्रण कार्डमै उल्लेख थियो, तर अधिकांश निम्ताल् तथा चलचित्रकर्मी साढे चार बजिसक्दा समेत आफ्नो कुर्सीमा बसिसकेका थिएनन् । तोकिएकै समयमा कार्यक्रम प्रारम्भ भएपछि भने निम्तालुहरू बस्ने ठाउँ नपाएर यताउता गरिरहेका थिए ।

**प्रसंग दुई**

गायक रामकृष्ण ढकाल बसेको कुर्सी–प्रसंग अत्यन्त रोचक रह्यो । प्रारम्भमा उनलाई गायिका कोमल ओलीले आफ्नै छेउको कुर्सीमा बस्न आग्रह गरिन् । सांगीतिक संघकी अध्यक्ष ओलीले सोही संघका महासचिव ढकाललाई सँगै बस्न गरेको आग्रह ढकालले अस्वीकार गर्ने कुरै थिएन, तर मोबाइलमा कसैले फोन गरेपछि रामकृष्णले 'यहाँ कसैलाई पनि बस्न नदिनु है' भन्न बिर्सिए र कुर्सीबाट जुरुक्क उठेर कुरा गर्दै बाहिरिए । लगत्तै बलिउड अभिनेता राहुल राय त्यही ठाउँमा आइपुगे । आयोजकले कोमलको छेउमा खाली कुर्सी देखेपछि राहुललाई त्यहीं बसाइदिए । केही मिनेटपछि रामकृष्ण फर्किए, आफ्नो स्थानमा बलिउडका अभिनेता बसेको देखेपछि उनी अवाक भए । सुगम संगीतका लोकप्रिय गायक उभिरहेको देखेपछि पूर्व प्रधान सेनापति तथा गीतकार रुक्माङ्गत कटुवाललाई असहज लागेछ क्यार, उनले रामकृष्णलाई आफ्नै छेउमा रहेको कुर्सीमा बस्न बोलाए ।

रामकृष्ण उक्त कुर्सीमा बसेको केही समयपछि पूर्व प्रधानसेनापतिसँग भलाकुसारी गर्ने उद्देश्यले कान्तिपुर टेलिभिजनका समाचार प्रमुख तीर्थ कोइरालाले रामकृष्णलाई 'कुर्सी साट्ने हो ?' भन्दै ठाउँ साटासाट गर्ने प्रस्ताव राखे । रामकृष्णले कोइरालाको प्रस्ताव सहजै स्वीकार गरे । कोइरालासँग कुर्सी साटेको केही क्षणपछि नै 'ट्वाइलेट गएर आउँछु' भन्दै प्रेक्षालयबाट बाहिरिएका रामकृष्ण पुनः समारोहमा फर्कंदा उनको स्थानमा राजेशपायल राई बसिसकेका थिए । यो सबै प्रसंगलाई नजिकबाट नियालिरहेकी गायिका कोमल ओली भन्दै थिइन्– 'आज रामकृष्णले आफ्नो कुर्सी सुरक्षित राख्न सकेको छैन ।'

**प्रसंग तीन**

गायिका अञ्जु पन्तका श्रीमान् मनोज पनि गायक नै हुन् । अधिकांश संगीतकर्मी उनीहरूलाई दम्पती संगीतकर्मीका रूपमा चिन्छन् । एवार्ड समारोहमा भने अञ्जु-मनोज एउटै ठाउँमा नबसेको देखेर धेरैले अचम्म माने । कार्यक्रम अवधिभर मनोज अर्की गायिका मल्लिका कार्कीसँग थिए भने अञ्जुचाहिँ अर्कै स्थानमा बसेकी थिइन् ।

**प्रसंग चार**

कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण प्रारम्भ भैसकेपछि समारोहस्थल पुगेका नवदम्पती निर्देशक शंकर घिमिरे-नायिका ऋचा घिमिरेले अधिकांशका चलचित्रकर्मीको ध्यान आफूतिर आकर्षित गरे । इभिनिङ गाउनमा प्रस्तुत भएकी नायिका घिमिरेलाई वैवाहिक जीवनको सफलताको शुभकामना दिनेहरू प्रशस्तै थिए । केटिभी एवार्ड समारोहमा नेपाली नायिकाहरूको इभिनिङ गाउन मोह आमदर्शकले समेत नियाल्ने मौका पाए । नायिका उषा पौडेल मात्र होइन, अरुणिमा लम्साल, रञ्जना शर्मा, ऋचा घिमिरे तथा सर्वोत्कृष्ट नव-नायिकाको उपाधि जित्ने सोभिता सिम्खडा पनि इभिनिङ गाउनमा थिइन् ।

**प्रसंग पाँच**

एवार्ड वितरण समारोह प्रारम्भ भैसकेको थियो । गायक राजेशपायल राई तथा गायिका अञ्जु पन्त 'सागरसरि चोखो माया...' गाइरहेका थिए । ब्याक स्टेजबाट कार्यक्रम उद्घोषणको जिम्मा पाएका नायक राजबल्लभ कोइराला तथा नायिका गरिमा पन्त सरासर स्टेजमा प्रस्तुत भए । गीतको पहिलो अन्तरा मात्र सकिएकाले केही क्षणमै दुवै फर्किए । गीत सकिएपछि पुनः स्टेजमा आएर राजबल्लभले आफ्नो गल्ती सच्याए– 'गीत सकियो होला भनेर आएको त सकिएकै रहेनछ, माफ गर्नुहोला ।'

**प्रसंग छ**

एउटा गीतमा नृत्य प्रदर्शन गर्न नायिका रेजिना उप्रेती तथा शुभेच्छा थापासँगै निर्देशक सोभित बस्नेत स्टेजमा प्रस्तुत हुँदा धेरैले अचम्म माने । नाच्न जान्ने थुप्रै नायक दर्शकदीर्घामा हुँदाहुँदै निर्देशकले नै किन नाच्नुपरेको होला भन्नेहरू धेरै थिए । सोभित चलचित्र निर्देशकका साथै कुशल नृत्यकार पनि हुन् भन्ने कुरा अधिकांश चलचित्रकर्मीलाई नै थाहा रहेनछ !

**प्रसंग सात**

चलचित्र 'नसिब आफ्नो' बाट सहअभिनेताको विधामा सर्वोत्कृष्ट एवार्ड जित्न सफल दिवस उप्रेती (नायक रमेश उप्रेतीका सहोदर भाइ) तथा नायिका रञ्जना शर्माको नृत्य पनि दर्शकको रोजाइमा पर्‍यो । नीलो रंगको गाउनमा प्रस्तुत भएकी नायिका शर्माको नृत्य आकर्षक त थियो नै, तर उनको कामुकता प्रस्तुत गरिरहेको पहिरनका कारण नृत्य हेर्नेहरूले भने केही असहज महसुस गरे । गायिका कोमल ओलीले 'रञ्जनाको लुगाले धोका दिने भयो' भनिरहँदा रञ्जनाको गाउनको माथिल्लो भाग आवश्यकताभन्दा बढी नै खुलिरहेको थियो । प्राविधिकहरूले पनि असहजता महसुस गरेरै होला, उनीहरूले बजिरहेको गीत बीचैमा काटेका थिए । संयोग नै मान्नुपर्छ, नृत्य प्रस्तुत गरेको केही मिनेटपछि अर्कै पहिरनमा कोमल ओलीकै छेउमा बस्न आएकी रञ्जनालाई कोमलले कानमा खुसुक्क केही भनिन् । 'आम्मै हो र !' रञ्जनाले यस्तो प्रतिक्रिया मात्र दिइनन्, आफ्ना निर्देशक श्रीमान् श्याम भट्टराईले के सोचे होलान् भन्ने पीर पनि उनको अनुहारमा देखिन्थ्यो । त्यसपछि उनले जिज्ञासा राखिन्– 'श्यामजी कहाँ बस्नुभएको छ ?'

**प्रसंग आठ**

नायकद्वय राजबल्लभ कोइराला तथा महानायकको उपाधिबाट सम्मानित राजेश हमालले समारोहमा अविस्मरणीय प्रस्तुति दिए । कवितालाई नाटकीय ढंगले चित्रण गर्ने क्रममा दुवैले दर्शकको लामो ताली पनि पाए ।

**प्रसंग नौ**

एवार्ड वितरण गर्ने क्रममा भएका रमाइला ठट्यौलीले दर्शकदीर्घामा लामो समयसम्म हाँसोको फोहोरा छुट्यो । निर्माता-निर्देशक अशोक शर्माले सर्वोत्कृष्ट सह-अभिनेताको एवार्डको विजेता 'कैलाश सिरोहिया' भनेपछि कान्तिपुर पब्लिकेशन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहियालगायत प्रेक्षालयमा उपस्थित सबै दर्शक ठूलो स्वरमा हाँसेका थिए । त्यसको जवाफमा हास्यकलाकार हरिवंश आचार्यले 'सर्वोत्कृष्ट बालकलाकारको एवार्ड विजेता हुन् अशोक शर्मा' भनेपछि थप हाँसो गुञ्जिएको थियो । लगत्तै मदनकृष्ण श्रेष्ठले महजोडीको युनिटमा 'बालकलाकार' का रूपमा तीतोसत्यमा मन्त्रीको भूमिका निर्वाह गरिरहेका कमल मैनाली चर्चित रहेको प्रसंग उल्लेख गरेका थिए । 'कमल मैनालीको शरीरमा बालैबाल (कपाल) भएकाले हामी सबै उनलाई बालकलाकार भन्छौं' भनेपछि दर्शकको हाँसो लामो समयसम्म थामिएन ।

‘ लाहुरेकी छोरी। हरेक दिन हेयर स्टायल चेन्ज। गेट-अप बेलाअनुसार दमदार। उनको सुन्दरता र हिंडाइलाई उनका सहपाठी ठिटाहरूले ढल्केर घुमेको लप्सीको गेडासँग दाँज्थे। तिनै मीना १० कक्षा पढ्दासम्म सोच्थिन्- शिक्षिका हुन्छु। १५ वर्षको उमेर, भर्खर एसएलसी दिएर बसेकी। बा-आमाले भने- ‘छोरी अब विवाह गर्नुपर्छ।’ मीनाले बा-आमाको कुरा काटिनन्। मीनालाई १५ वर्षको उमेरमा ब्रिटिस लाहुरे मनबहादुर तमुले जीवनसँगिनी बनाए। लाहुरेसँग विवाह होला भन्ने सोंच थियो ? भन्ने प्रश्नमा उनको उत्तर छ- ‘विवाहकै बारेमा सोंचेकी थिइनँ तर बा-आमाले भनेपछि गर्नैपर्‍यो।’ शिक्षिका हुने सपना लाहुरेनी भएपछि पनि मरेन। ’

# पार्लरबाट पाएको सफलता

बेलायतले पूर्व-गोर्खा सैनिकका परिवारहरूलाई आवासीय भिसा दिने भएपछि पोखराका धेरै लाहुरे परिवार हौसिए। कति त यहाँ भएको जायजेथा बेचेर गैरआवासीय नेपाली पनि भैसके तर सबै त्यस्ता छैनन्। तीमध्ये एक हुन्– मीना गुरुङ। उनले कुनै समय गोर्खा सैनिकका परिवारहरूलाई आवासीय भीसा दिनुपर्छ भन्ने आन्दोलनमा महिला संघको पश्चिमाञ्चल अध्यक्ष भएर संघर्ष पनि गरिन्। अहिले भने मीना आफूले करिब दुई दशकदेखि सुरु गरेको व्यवसाय छाडेर परदेसिने पक्षमा छैनन्। नेपालमै बसेर केही गर्न सकिन्छ भन्ने उदाहरणका रूपमा लाहुरे परिवारबीच मात्र होइन, उनी अन्य महिलाहरूबीच पनि प्रस्तुत भएकी छिन्। मीनाको जीवनका आरोह-अवरोहका बारेमा पोखराबाट **त्रिभुवन पौडेल** लेख्छन् :

करिब ३० वर्षअघि पोखराको अमरसिंह स्कुलमा पढ्ने विद्यार्थीहरू लप्सीको गेडा घुमाउने खेल खेल्थे। जसको राम्रोसँग घुम्थ्यो अर्काले भनिहाल्थ्यो- ‘ऊ मीना घुमी।’

लाहुरेकी छोरी। हरेक दिन हेयर स्टायल चेन्ज। गेट-अप बेलाअनुसार दमदार। उनको सुन्दरता र हिंडाइलाई उनका सहपाठी ठिटाहरूले ढल्केर घुमेको लप्सीको गेडासँग दाँज्थे। तिनै मीना १० कक्षा पढ्दासम्म सोच्थिन्- शिक्षिका हुन्छु। १५ वर्षको उमेर, भर्खर एसएलसी दिएर बसेकी। बा-आमाले भने- ‘छोरी अब विवाह गर्नुपर्छ।’ मीनाले बा-आमाको कुरा काटिनन्। मीनालाई १५ वर्षको उमेरमा ब्रिटिस लाहुरे मनबहादुर तमुले जीवनसँगिनी बनाए। लाहुरेसँग विवाह होला भन्ने सोच थियो ? भन्ने प्रश्नमा उनको उत्तर छ- ‘विवाहकै बारेमा सोंचेकी थिइनँ तर बा-आमाले भनेपछि गर्नैपर्‍यो।’ शिक्षिका हुने सपना लाहुरेनी भएपछि पनि मरेन।

उनी भर्ना भइन् शिक्षाशास्त्र संकाय विषयमा। त्यही क्रममा टिचिङ प्राक्टिसमा जाँदा र प्रहरी निरीक्षक सासू-ससुरासँग एक वर्ष दमौली बस्दा पूरा भयो शिक्षिका बन्ने सपना।

त्यसपछि उनी लागिन् श्रीमान्सँगै हङकङतिर। त्यसबीचमा ब्रिटिस फोर्सेस ब्रोडकास्टिङ सर्भिसमा नेपाली कार्यक्रम चलाउन पनि भ्याइन्। मीनाको त्यहाँ पनि उस्तै सौखिन जीवन बित्यो। हरेक साता पार्टीमा गइरहनुपर्ने। स्कुल पढ्दाको उनको बानी फेरिएको थिएन। ‘अरूभन्दा कम देखिएर जान मन लाग्दैनथ्यो।’ मीनाले भनिन्- ‘नयाँ-नयाँ हेयर स्टाइल बनाउनुपर्ने, मेक-अप गर्न पनि धेरै समय लाग्थ्यो। श्रीमान्ले तिमी ब्युटिसियन तालिम लिएर त्यही व्यवसाय गर भन्नुभयो।’ अनि ब्युटी कोर्स सिक्न थालिन्। उनलाई त्यतिबेलै श्रीमान्को होइन, आफ्नै कमाइमा बाँच्नुपर्छ भन्ने लाग्थ्यो।

करिब डेढ वर्षको कोर्स पूरा गरेपछि, हङकङमै सुरु भयो मीनाको ब्युटिपार्लर व्यवसाय। करिब १८ वर्षअघि श्रीमान् रिटायर्ड भएपछि उनी पनि फर्किइन् नेपाल। पहिलेकै सपना मनबाट हटेको थिएन। ‘स्कुल खोलौं कि जस्तो लाग्यो तर के भयो के भयो मनै मानेन।’ शिरमा सिउरिएको कालो गगल्स झिकेर केस मिलाउँदै मीनाले भनिन्- ‘तर ब्युटिपार्लर नै खोल्ने निर्णय गरें। अनि टाँगियो मीनाको घरमा हङकङ ब्युटि पार्लरको साइन बोर्ड।

पोखरा, महेन्द्रपुल नजिकैको रानीपौवाको भित्री गल्लीमा घर। बाटोबाट भित्रसम्म चार-पाँचवटा स-साना साइनबोर्डको संकेतले उनको ब्युटिपार्लर भएको घरतर्फ संकेत गर्थ्यो। भर्खर एक-दुई ब्युटिपार्लर खुलेका थिए पोखरामा। मानिस जानै हिच्किचाउने। केश बनाउन आएकाहरू पछ्यौराले केश छोप्दै घर फर्कन्थे।

एकपटक एउटी महिला केश कर्ली गर्न आइन्। साँझपख घरमा आएका श्रीमान् राति ती महिलासँग बोलेनछन्। बिहान पनि त्यस्तै। श्रीमान्ले मार झपारेछन्- यस्तो के बनाएको भनेर। त्यसपछि उनी फेरि स्ट्रेट बनाएर फर्किन्। मीनाले भनिन्- ‘केश कर्ली गर्ने क्रम घटेको त्यही बेलादेखि हो।’ सुन्दरताको कमीले श्रीमान्बाट अपहेलित हुनुपरेको गुनासो गर्दै धेरै विवाहितहरू उनको पार्लर आउँथे। ‘सौता हालेको समेत सुनाउँथे।’ मीना भन्छिन्- ‘ती महिलाहरूलाई मैले घरमै बसेर पनि सुन्दरताको ख्याल गर्न सकिने उपाय बताएँ।’ छोराछोरी साना हुन्जेल घरमै पार्लर चल्यो। पोखरा आउने विदेशीले बजारमा पार्लर नसार भन्थे। ‘घरवरिपरिको गार्डेन देखेर।’ उनले भनिन्।

त्यसपछि मीनालाई लाग्यो, यो व्यापारलाई विस्तार गर्नुपर्छ। उनले महेन्द्रपुलमा हङकङ ब्युटिपार्लरलाई इन्स्टिच्युटका रूपमा समेत विकास गरिन्। घरमै बस्ने महिलाहरूलाई सीप सिकेर आत्मनिर्भर हुन उक्साइन्। पहिलेको पार्टटाइम पेसा अब फुलटाइम हुन थाल्यो। पैसा हुने त सिक्न आउने भए। नहुनेले कसरी सिक्ने ? समाजसेवाको भावना जाग्न थाल्यो मीनामा। अनि खोलिन्- ‘परोपकार ब्युटी सैलुन।’ परोपकार ब्युटी सैलुनबाट उनले तेस्रो लिङ्गी, एकल महिला, पूर्व लागूऔषध प्रयोगकर्ता तथा सामुदायिक सेवाकेन्द्रका करिब ४ सय महिलालाई निःशुल्क तालिम दिइन्।

मीनाले भनिन्- ‘आफैले तालिम दिएका दिदीबहिनीहरू स्वरोजगार भएको देख्दा खुसी लाग्छ।’ सुरुमा श्रीमान्बाट खर्च माग्नुपर्ने मीना अहिले पार्लरबाट मासिक १ लाखभन्दा बढी आम्दानी गर्छिन्। आफ्नै कमाइले किनेको कार चढेर हिंड्छिन् उनी। सूर्यदर्शन बचत तथा ऋण सहकारीकी उपाध्यक्ष, गोर्खा सञ्चार सहकारीकी उपाध्यक्ष तथा तमु सञ्चारकर्मी महासंघको केन्द्रीय कोषाध्यक्ष पनि हुन् मीना। गोर्खा एफएम र गृहणी डिपार्टमेन्टल स्टोर्स काठमाडौंमा उनको लगानी छ। दुई छोरा प्रज्वल र प्रञ्जित हङकङमा आफ्नै व्यवसाय चलाइरहेका छन्। पार्लरमा साथ दिइरहेकी छोरी प्रेरणाको केही पहिले विवाह भयो।



अहिले पार्लर आफै धानिरहेकी मीना अब यो कोर्सलाई पाठ्यक्रममा पनि समावेश गराउने सुरमा छिन्। ‘अब ब्युटिसियन शिक्षा पाठ्यक्रममा समावेश गर्नुपर्छ।’ सौन्दर्यकर्मी युनियनकी केन्द्रीय अध्यक्षसमेत रहेकी मीनाले भनिन्- ‘सीप भएकाहरूको स्किल टेस्ट गरेर योग्यताको प्रमाणपत्र दिनुपर्छ।’

‘मुलुक संघीयतामा जाँदैछ। महिलाहरू अझै आर्त्मनिर्भर हुन सकिरहेका छैनन्।’ मीना अब संगठनको नेतृ भएर बोल्न थालिन्- ‘आर्थिक अवस्था कमजोर भएका महिलाहरूको स्तर सुधारेर देशको विकास गर्नेतर्फ सरकार र संविधानसभामा छलफल गर्नुपर्ने बेला भएको छ।’

लाहुरेकी श्रीमती, अहिले त बेलायत सरकारले आवासीय भिसा दिने भएको छ। बेलायत नजाने त ? प्रश्नमै प्रश्न गर्दै भनिन्- ‘किन जाने ? गए पनि थप सीप सिक्न जान्छु, सधै बस्ने गरेर होइन।’

अब ब्युटिसियन स्कुल खोल्ने सोंचमा छिन् मीना जसबाट दिइने प्रमाणपत्र देशभित्र मात्र होइन, बाहिर पनि बिकोस्। यसले सीपविहीन भएर विदेश जाने महिलाहरूलाई राहत दिने उनको सोंच छ। पोखरामा ब्युटिसियनको नाम लिनेबित्तिकै मीनाको नाम अग्रपंक्तिमा आउँछ। अहिले विभिन्न कार्यक्रममा सौन्दर्यकर्मी युनियनका तर्फबाट उनलाई पनि बोलाइन्छ। त्यसमा पनि गर्वित छिन् मीना।

बुढेसकालमा पनि चिरिच्याँट्ट परेर हिंड्ने मीना अरूलाई पनि सुन्दर भएर हिँड्न आग्रह गर्छिन्। आफैचाहिँ कत्तिको सुन्दर छु जस्तो लाग्छ ? लामो हाँसोपछि उनले भनिन्- ‘मैले भन्ने हो त ? अरूले पो भन्नुपर्‍यो’ तर छोरीसँगै हिंड्दा अझै पनि उनलाई गिज्याउनेहरू गुनगुनाउँछन्- ‘छोरीभन्दा आमा तरुनी...।’

## मैले यसरी गरें



वरिष्ठ चित्रकार के-के कर्मचार्य २००४ सालमा जन्मिएका हुन्। कर्मचार्यले नेपालका ३ सय ५० भन्दा बढी हुलाक टिकट डिजाइन गरिसकेका छन्। हुलाक सेवाबाट अवकाश पाएपछि उनले आफूलाई सिर्जना कलेज अफ फाइन आर्टको अध्ययापनमा लगाएका छन्।

मैले सानै उमेरदेखि यो प्रयास थालेको हुँ। चित्र कोर्न औधी रुचाउँथें, अरू कामतिर मनै जाँदैनथ्यो। मैले सम्झन सक्ने भएदेखि नै चित्र कोर्न थालें। म अत्यन्तै विपन्न परिवारमा जन्मिएको मान्छे हुँ। मेरा बा-आमाको आफ्नो घर थिएन। अर्काको घरको कोठामा, छिंडीमा बस्नुपर्थ्यो। मेरो कामका लागि बा-आमाले एक पैसा पनि खर्च गर्न सक्ने स्थिति थिएन। ‘तेरा लागि खर्च गर्नु कि भात खानु ? भन्नुहुन्थ्यो। चित्र बनाउन मसँग कपी, कलम, रंग केही हुँदैनथ्यो तर पनि आफ्नो चित्र बनाउने धोको समतल परेको जमिनमा सिक्काले कोरेर, फालेका कागज, पेन्सिलले चित्र बनाएर पूरा गर्थें। कहीं-कतैं सफा ठाउँ देख्नु हुँदैनथ्यो, त्यहाँ म चित्र बनाउन थालिहाल्थें। कसैको घरको भित्ता, आँगन सफा देखें भने त्यहाँ पनि चित्र बनाइहाल्थें। मन पराउनेहरूले त केही गर्दैनथे तर मन नपराउनेहरूले त पिट्थे पनि।

त्यसबेला चित्रकारितालाई तुच्छ मानिन्थ्यो। चित्र कोरेर पनि खान पाइन्छ ? अक्षर पढ्नुपर्छ, हाकिम हुनुपर्छ।’ मेरा बा-आमालगायत सबैले यही भन्नुहुन्थ्यो तर म चित्र बनाउन छोड्दिनथें। मेरो परिवार गरिब भएकाले प्रायः सबैले हेप्थे। कसै-कसैले मात्र मेरो प्रशंसा गर्थे। प्रशंसा गर्नेमध्ये एकजना दाजुले मलाई जुद्धकला स्कुलमा पुर्‍याउनुभयो। उहाँ पनि त्यही स्कुलमा पढ्नुहुन्थ्यो। मलाई उहाँले प्रधानाध्यापक भएको ठाउँमा लिएर जानुभयो र मेरो बारेमा भन्नुभयो। त्यहाँ भर्ना हुन १२ वर्ष पुग्नुपर्ने रहेछ तर मेरो उमेर १० वर्ष मात्र थियो। भर्ना गर्न नमिल्ने भएपछि मलाई लिएर जाने दाजुले ‘भर्ना नगरे पनि स्कुलमा चाहिँ आउन दिनुहोस्’ भनेर अनुरोध गर्नुभयो। प्रधानाध्यापकज्यूले मेरा चित्र हेर्नुभयो र असाध्यै प्रभावित हुनुभयो। उहाँले मलाई स्कुलमा आउन अनुमति दिनुभयो। स्कुलमा मैले गुरुहरूबाट धेरै साथ पाएँ। मलाई सबैजसो शिक्षकले मन पराउनुहुन्थ्यो। चित्रकारिताको लगावले नै होला म अरूभन्दा छिट्टै स्कुल पुग्थें भने अरूभन्दा ढिलो फर्कन्थें।

यसरी जुद्धकला स्कुलबाट २०२१ सालमा कला-प्रशिक्षण उत्तीर्ण गरेपछि म आफ्नो काम र साधनामा लागिरहें, अवसरको खोजी गरिरहें। सीप भएपछि कसो प्रयोग गर्न नपाउँला र ? मनमा अठोट राखें। आफूभन्दा सानासँग पनि सिकें। अग्रजहरूसँग पनि सिकें। आफ्नो सीपमा कसेले केही खोट देखाइदिए भने आफूलाई परिमार्जन गर्दै गएँ। मैले अग्रजहरूका विभिन्न पुस्तकमा कभर, चित्रहरू पनि बनाउँदै गएँ। त्यसले मेरो आर्थिक भार कम गर्दै लग्यो। चित्रकलाकै माध्यमबाट हुलाक सेवामा टिकट डिजाइनको काम पाएँ। चित्रकारिता अध्यापनको पनि काम पाएँ जसले बाँच्न सुलभ बनाइदियो। अहिले हुलाक सेवाको अवकाशपछि पनि सिर्जना कलेज अफ फाइन आर्टमा अध्यापन गरिइरहेको छु। चित्र बनाउने काम पनि आइनै रहन्छन्। म अवसर खोज्दै पाएको अवसरलाई समाउँदै अघि बढ्दै यहाँसम्म आइपुगें।

**– यशु श्रेष्ठ**

# थेरापीका रूपमा सहवास



● रोजिन शाक्य

यौन जीवनको महत्त्वपूर्ण पक्ष हो। प्रेम व्यक्त गर्ने तरिका पनि हो। यौनस्वास्थ्यका लागि पनि लाभदायक छ।

**हृदयलाई सुरक्षित राख्छ**

यौनमा सक्रिय रहने व्यक्ति यो क्रियामा कम सक्रिय रहने व्यक्तिको तुलनामा बढी सुरक्षित हुन्छ। त्यस्ता व्यक्तिमा हृदयसम्बन्धी बिरामीको खतरा कम हुन्छ। केही समयअघि ब्रिटिस अनुसन्धानकर्ताहरूले गरेको अध्ययनअनुसार सातामा दुई वा त्यसभन्दा बढी यौनमा संलग्न हुने पुरुष कम यौन क्रियामा संलग्न हुने पुरुषको तुलनामा हृदयाघातको खतरा कम भएको पाइयो। यो अध्ययन ९ सय पुरुषमा गरिएको थियो। यौनका लागि उत्तेजित हुनेबित्तिकै पल्स रेट प्रतिमिनेट ७० देखि १ सय ५० सम्म पुग्छ। त्यसैगरी मनको धड्कन पनि बढ्छ, रगत तीव्र रूपमा पम्प हुन्छ जसबाट अक्सिजनको सप्लाइ पनि बढ्छ। यसबाट हृदय स्वस्थ रहन्छ।

**महिलालाई एन्डोमेट्रिओसिसबाट बचाउँछ**

नियमित सहवासले महिलाको सुन्दरता र फिटनेस बढाउँछ। यसले एन्डोमेट्रिओसिसबाट पनि सुरक्षा प्रदान गर्छ। एन्डोमेट्रिओसिस महिलामा हुने अर्को समस्या हो जसमा उनीहरूलाई पेल्भिसमा पीडा र इन्फर्टिलिटीको गुनासो हुन्छ। अनुसन्धानअनुसार यौन प्रक्रियामा सक्रिय रहने महिलामा एन्डोमेट्रिओसिस हुने खतरा कम हुन्छ। महिनाबारीको समयमा यौन प्रक्रियामा सक्रिय रहने महिलामा पनि एन्डोमेट्रिओसिसको खतरा १ दशमलव ५ गुना कम हुन्छ।

**प्रोस्टेट क्यान्सरबाट जोगाउँछ**

अर्को अनुसन्धानअनुसार बारम्बार स्खलन हुनाले प्रोस्टेट क्यान्सरबाट सुरक्षा प्राप्त हुन्छ। यो रिसर्च २० वर्षको आयु वर्गका पुरुषमा गरिएको थियो। जसअनुसार सातामा पाँचपटकसम्म यौनको आनन्द उठाउने पुरुषमा प्रोस्टेट क्यान्सर हुने खतरा एक तिहाइ कम भएको पाइयो।

**राम्रो वर्कआउट**

यौनक्रियाले क्यालोरी नष्ट मात्र हुँदैन यसबाट तौल पनि घट्छ। साथै मल टोनमा पनि सुधार आउँछ। अध्ययनअनुसार यौनमा प्रतिघण्टा ३ सय ६० क्यालोरी नष्ट हुन्छ। यसबाट फिगर मेन्टेन रहन्छ र व्यक्तिले सधैं स्वस्थ महसुस गर्छ।

**राम्रो निद्रा आउँछ**

यौनमा आर्गेज्म (चरमसुख) प्राप्त भएपछि शरीरमा अक्सिटोसिन, वेसोप्रेसिन तथा प्रोलेक्टिन नामक हर्मोन्स श्रावित हुन्छ। यसबाट भावनात्मक सन्तुष्टि प्राप्त हुन्छ। राम्रोसँग निद्रा आउँछ र व्यक्तिले ताजापन एवं स्फूर्ति महसुस गर्छ। अनुसन्धानअनुसार स्लिपिङ ट्याबलेटको तुलनामा यौन प्रक्रिया निद्राका लागि १० गुना बढी फाइदाजनक छ।

**सेल्फ एस्टिममा वृद्धि र डिप्रेसनमा कमी**

यौन सक्रियताले आफ्नो पार्टरप्रति सकारात्मक विचार बढ्छ। यसबाट सेल्फ एस्टिम बढ्छ र डिप्रेसन कम हुन्छ। यौनका बखत निस्कने एन्डारफिन हर्मोनको स्तर बढ्नाले यस्तो हुन्छ। यसका अतिरिक्त चरमसुखबाट दुवै पक्ष सन्तुष्ट हुन्छन्। यसबाट उनीहरूको शरीरलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउँछ।

**पेनकिलर हो स्वस्थ सहवास**

सहवासमा टाउको एवं शरीर, प्रि-मेन्स्ट्रुअल पीडा, आर्थराइटिस आदिबाट राहत प्राप्त हुन्छ। अध्ययनअनुसार चरमसुखका बखत अक्सिटोनिक र एन्डारफिन हार्मोन निस्कन्छ, जसले पीडामा राहत प्रदान गर्छ। यसका अतिरिक्त यौन जीवनबाट सुखी रहने महिलामा महिनाबारीको समयमा हुने पीडा कम हुन्छ। समग्रमा यौनले पेनकिलरको काम गर्छ।

**इम्युन क्षमतामा वृद्धि**

विभिन्न अनुसन्धानअनुसार सातामा दुई वा तीन पटकसम्म यौन प्रक्रियामा संलग्न रहनेहरूमा एन्टिबडीको स्तर बढ्छ। इम्युनोग्लोब्युलिन एले संरक्षकको कार्य गरेर शरीरलाई रुघाखोकी, साधारण ज्वरोका साथै अन्य संक्रमणबाट जोगाउँछ। अनुसन्धानअनुसार गहिरो चुम्बन लिनेहरूमा कोलेस्ट्रोल पनि कम भएको पाइएको थियो।

**स्ट्रेस फ्रि राख्ने काम गर्छ**

शारीरिक बिमारीका साथै तनाव, चिन्ता, अवसादजस्ता मानसिक विकारबाट शरीरलाई टाढा राख्न यौनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। नियमित यौनमा संलग्न रहने व्यक्तिले आफूलाई ऊर्जावान्, ताजा, स्फूर्त एवं तनावरहित महसुस गर्छन्। यौनका बेला निस्कने अक्सिटोसिन हार्मोन यसपछाडिको कारण हो।

**बैंस कायम राख्छ**

यौन विशेषज्ञहरूका अनुसार सातामा चार पटकसम्म यौनक्रियामा संलग्न रहने महिलाहरू आफूसरह उमेरका अन्य महिलाको तुलनामा ८ देखि १० वर्ष साना देखिन्छन्। यौनको समयमा मानव शरीरको इन्सुलिन ग्रोथ फ्याक्टरबाट यस्तो पदार्थ निस्कन्छ जसले शरीरलाई मेन्टेन गर्न र मुहारको मांसपेशीमा कसिलोपन ल्याउन मद्दत गर्छ।

**स्किनमा ग्लो**

सहवासले महिलाहरूको सुन्दरता बढ्छ, हार्मोन श्राव हुन्छ र रक्तप्रवाह पनि सुचारु रूपले चल्छ। यसबाट छालाको सुन्दरतामा निखार आउँछ। सम्पूर्ण शरीरमा छाएको मादकताले मुहारमा ग्लो प्रदान गर्छ। महिला शरीरमा एस्ट्रोजन नामक हार्मोन श्राव हुन्छ। यसले केशमा चमक एवं मुहारमा निखार ल्याउँछ।

**सुँघ्ने क्षमतामा वृद्धि**

सहवासपश्चात् प्रोलेक्टिन हार्मोन निस्कन्छ। यसले मस्तिष्कको लवको स्टेम सेल्समा नयाँ न्युरोन्स बनाउन प्रेरित गर्छ। यो नै स्लेम सेन्टर हुन्छ, यसबाट नै सुँघ्ने क्षमता पनि बढ्छ।

**कार्डियोभास्कुलरमा सुधार**

यौन संसर्गका बखत हृदय एवं स्वासको गति बढ्छ यसले कार्डियो भास्कुलर स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ।

**वजनमा नियन्त्रण**

वजन कम गर्न पनि यौनसम्बन्ध सहायक सावित हुन्छ। नियमित रूपमा यौनसम्पर्कमा संलग्न रहनाले पेट बढ्दैन र शरीरका मांसपेशीहरूमा पनि तनाव देखिँदैन। यसले मांसपेशीहरूलाई टोनिङ गर्ने कार्य गर्छ।

---

# चिसो मौसममा थर्मल वेयरको न्यानो



कालीमाटीनिवासी ४८ वर्षीय कुबेर महर्जनलाई जाडो होस् वा गर्मी, एकाबिहानै स्वयम्भूको उकालो नचढी चित्त बुझ्दैन। गएको जाडोमा चिसो लागेर नराम्रोसँग बिरामी पनि परे, तर पनि उनले बानी छाड्न सकेका छैनन्। यसपटक भने चिसोबाट जोगिन उनले आफ्नो छोराले ल्याइदिएको थर्मल वेयर प्रयोग गरेका छन्। थर्मल वेयरको प्रयोगबाट शरीर न्यानो भैरहने उनको अनुभव छ। असिजलो हुने गरी कपडामाथि कपडा लगाइरहनु नपर्ने भएकाले पनि थर्मल वेयर आफूलाई आरामदायक लागेको कुबेर बताउँछन्।

एक एफएम स्टेसनमा प्राविधिकका रूपमा कार्यरत अनुज मर्निङ ड्युटी गर्छन्। जाडो मौसममा चिसो सिरेटोसँगै बाइक चढेर आफ्नो गन्तव्यमा पुग्न थर्मल वेयर निकै लाभदायक भएको उनी बताउँछन्। बाक्लो पहिरनभन्दा थर्मल वेयर चिसो सहन बढी उपयोगी भएको अनुजको अनुभव छ।

'अफिसमा आफू बस्ने कोठा त्यसै पनि चिसो छ। जाडोमा त झन् हातखुट्टा कठ्याङ्ग्रिएर बस्नै सकिँदैन।' एजुकेसनल कन्सल्टेन्सीमा कार्यरत सुमित्रा आफू चिसो सहनै नसक्ने कुरा यसरी बताउँछिन्। थर्मल वेयरका बारेमा आफ्नो साथीबाट जानकारी पाएपछि त्यसको प्रयोग गर्न थालेयता भने अहिले धेरै हदसम्म राहत महसुस भएको उनको कथन छ। 'थर्मल वेयर प्रयोग गरेपछि शरीरमा तातोपन कायम भएको महसुस हुन्छ,' -सुमित्रा बताउँछिन्।

उल्लेखित प्रसंगले जाडो मौसममा थर्मल वेयरको उपयोगितालाई निर्देशित गर्छ। भोटाहिटीस्थित इनर वेयर पसलका एक विक्रेताका अनुसार तीन-चार वर्षयता थर्मल वेयरका प्रयोगकर्ताहरू बढ्दै गएका छन्। शरीरलाई न्यानो राख्ने, लगाउँदा आरामदायक एवं सुविधाजनक भएकाले यसप्रति लगाव बढ्दै गएको उनको विचार छ। खिचापोखरीस्थित इनर वेयरका विक्रेताहरूका अनुसार बालबालिका, युवा र प्रौढ सबैका लागि सबै साइजमा उपलब्ध भएकाले थर्मल वेयरको प्रयोग बढेको हो। अहिले चिसो बढेसँगै थर्मल वेयरको बजार तातेको छ। बडी वार्मर, थर्मोकोट, थर्मल आदि नामबाट थर्मल वेयरका विभिन्न रेन्ज बजारमा पाइन्छन्। त्यसो त अन्तर्राष्ट्रिय ब्रान्डका थर्मल वेयर बजारमा नपाइने होइन, तर भारतीय ब्रान्डको प्रयोग भने बढिरहेको विक्रेताहरूको कथन छ। ब्रान्डअनुसार एक जोडी थर्मल वेयरको ३ सय ५० रुपैयाँदेखि १ हजार २ सय रुपैयाँसम्म पर्ने विक्रेताहरू बताउँछन्।

**के हो थर्मल वेयर ?**

थर्मल वेयर उच्च क्वालिटीको फ्याब्रिकहरूजस्तै पोलिप्रोपाइलिन, नियोप्रिन, लाइक्रा, पोलिस्टर माइक्रो फलीस, पोलियुरेथेन आदिबाट बनेका इनर वेयर हुन्। उच्च क्वालिटीका यी फ्याब्रिकले शरीरलाई न्यानोपन प्रदान गर्नुका साथै शरीरको तापक्रमलाई कायम राख्न मद्दत गर्छ र इन्सुलेटरका रूपमा कार्य गर्छ। आरामदायक, सुविधाजनक, अत्यन्त सुकोमल, चाँडै सुक्ने, हल्का र अल्ट्राभ्वाइलेट इन्सुलेसन थर्मल वेयरका प्रमुख विशेषता हुन्। कन्डक्सन, कन्भेक्सन, र्‍याडिएसन र इभ्यापोरेसन गरी चार मुख्य तरिकाले मानव शरीरबाट तातोपन क्षीण हुन्छ। थर्मल वेयरले शरीरलाई यिनै प्रक्रियाबाट सुरक्षा प्रदान गर्छ र शरीरमा न्यानोपन कायम रहन्छ।

**थर्मल वेयरमा विविधता**

घट्दो वातावरणीय तापक्रम र चिसो सिरेटोको मौसममा थर्मल वेयरको आवश्यकता र उपयोगितालाई नकार्न सकिँदैन। अन्य पहिरन शैलीमा जस्तै थर्मल वेयरमा पनि अनेकन विविधता देख्न सकिन्छ। बालबालिका, युवायुवती, प्रौढ सबैका लागि सबै बडी साइजमा उपलब्ध थर्मल वेयर मूलतः ह्वाइट, ग्रे, ब्ल्याक, ब्राउन, नेभी ब्लू, डार्क ग्रीन, मरुन आदि रंगमा पाइन्छ। पुरुष रेन्जअन्तर्गत जिप नेक टप, लङ स्लिभ सर्ट, ट्राउजर, अन्डर सुट, अक्वा टप, स्मक टपजस्ता भेराइटीमा यस्ता थर्मल वेयर उपलब्ध छन्। फिमेल रेन्जमा भने थर्मल वेयरमा माइक्रो फलीस टप, मोजा, सर्ट स्लिभ टिसर्ट, लेडिट शोर्ट, लेडिज लेगिङ आदि शैली पाइन्छन्। जुनियर अर्थात् बालबालिकाको रेन्जभित्र भने वन पिस सुट, अक्वा टप, लङ स्लिभ, अन्डर सुट आदिको विविधता पाइन्छ। उल्लेखित शैलीका अतिरिक्त थर्मल वेयरभित्र प्यास भेस्ट, डिङ्गी टप, शोर्ट्स, ओभरटप, हाल्फ स्लिभ आदिजस्ता स्टाइल उपलब्ध हुन्छ।



## • तालुमा आलु •



प्रकाश ओझा

श्रीमती बजारबाट फर्केर श्रीमान्‌सँग 'बजारबाट आउँदा मैले बाटोमा एउटा भिखारी भेटेँ, जब म उसको छेउमा पुगेँ उसले मलाई 'हे सुन्दरी भिखारीलाई केही दिनुस्' भन्यो। मलाई त त्यो भिखारीले नाटक गर्‍यो जस्तो लाग्यो।'

'होइन होइन प्रिय, श्रीमान्‌ले बोल्यो- 'यदि उसले तिमीलाई सुन्दरी भन्यो भने त्यो साँच्चै अन्धो थियो।'

०००

एउटा मानिस नियमित रूपले गैरहने सैलुनमा पुग्यो, तर त्यहाँ पहिले काम गर्ने व्यक्ति थिएन। 'काम गर्ने अर्को भाइ चाहिँ खोई ?' उसले कुसीमा बस्दै सोध्यो।

'म त नयाँ छु हजुर, अगाडि काम गर्ने मानिस चाहिँ पागल भयो'- नाइले भन्यो।

'ए हो र ? कसरी पागल भयो ?'

'के भन्नु हजुर, धन्दा राम्रो चलिरहेको थिएन भाडा पनि महँगो छ भन्दै जहिले पनि टेन्सनमा बस्थ्यो। एक दिन सैलुनमा कस्टमर आयो अनि उसले ग्राहकलाई सेम्पु गरिदिऊँ हजुर भनेको थियो, ग्राहकले 'नाइँ गर्दिन' भन्यो। ग्राहकले गर्दिन भन्नेबित्तिकै उसलाई खै के भयो छुरा निकालेर ग्राहकको घाँटी काटिदियो ग्राहक मर्‍यो..., अहिले ऊ पागलखानामा छ।'

'ए त्यो त साह्रै नराम्रो पो भएछ...'

'हो त... सेम्पु गरिदिऊँ हजुर ?'

'गर्नुस् न... गर्नुस्, किन नगर्नु... मैले गर्दिनँ भनेकै छैन... गरौँ-गरौँ।'

०००

एउटी महिलाको फोनमा गफ गर्नुपर्‍यो कि आधा घन्टाभन्दा बढी गफ गर्ने बानी थियो। एक दिन फोन आयो, ती महिलाले ५ मिनेट मात्रै फोनमा गफ गरिन्। श्रीमान्‌ले सोधे- 'किन आज त फोनमा ५ मिनेट मात्रै गफ गर्‍यौ नि ?'

'रंग नम्बर परेछ' महिलाले उत्तर दिइन्।

०००

एउटा पूरै खुइले मानिस सैलुनमा गयो र भन्यो-

'हेयर ट्रान्स प्लान्ट एकदमै दुःखदायी काम हो। यसरी कपाल राख्दा धेरै दुख्छ, यदि तिमीले मलाई कुनै दुःख-कष्ट नदिई तिम्रो टाउको जस्तो मेरो टाउको बनाइदियौ भने म तिमीलाई दस हजार दिन्छु।'

हजामले तुरुन्त छुरा निकाल्यो

### मेरो कुरो

**कर्मचारीलाई सुझाव**

जुन काम सधैंका लागि टार्न सकिन्छ त्यो कामलाई भोलिका लागि नसार्नुस्।

०००

एयर कन्डिसनको सबैभन्दा ठूलो फाइदा के छ भने तपाईंलाई सर्दी, रुघा लाग्नलाई पुस माघ महिना पर्खिरहनुपर्दैन बाह्रै महिना सर्दी, रुघा लाग्न सक्छ।

## • कविता •

## इन्द्रकुमार श्रेष्ठका कविता



### तिम्रै रात, तिम्रै दिन

अर्कै देख्छु लुगा आज सुहाएछ नानी
सुझाव दिन कसले होला काम पाएछ नानी
टोलाएकी देख्छु निकै के-के भयो भन
पक्कै कसले मायाजालमा फसाएछ नानी
जोगाउनुपर्थ्यो तर थाहा पाएँ मैले
कसले होला ? गालामा ओंठ लगाएछ नानी
मैले पनि तिमीलाई सोंचेको थें तर
अर्कैले पो हृदयमा सजाएछ नानी
हामी भयौं दर्शक मात्र नाट्यशाला तिम्रै
तिम्रै रात तिम्रै दिन लौ आएछ नानी।

### आजकल

पत्र लेख्न छोडे 'मिस्कल' को जमाना आयो
इमान्दारिता हराएर कलछलको जमाना आयो
छलफल तर्क हराउँदै गए, मूढेबल नै महान् भयो
एक्लै दोक्लै भन्दा दलबलको जमाना आयो
शान्त, सौम्य स्वस्थ विचार, कहीं खोज्दा पाइन्छ र
नम्र व्यवहारभन्दा खलबलको जमाना आयो
मान्छे-मान्छे चिन्न छोडी 'लेबल' बाट चिन्न थाले
साथीभाइभन्दा दलदलको जमाना आयो
बाटो सीधा सरल हिंडी पुग्नु थियो गन्तव्यमा
अघि बढनुभन्दा अलमलको जमाना आयो।

### जीवन बनाउने बेलामा

वर्षामासको टिलपिल टिलपिल जस्तो तलाउ छ
मेरो मनमा व्यथा-पीरको भरिभराउ छ
अबदेखि मनलाई रोक्छु भन्दा पनि हुन्न
केले होला मलाई खाली यस्तो गराउँछ
राती पनि सपनीमा छट्पटिन्छु सधैं
बिउँझेदेखि निन्द्रासम्म प्रीति पलाउँछ
हेरूँ-हेरूँ लाग्ने अनि भेटूँभेटूँ लाग्ने
हेरे-भेटेपछि फेरि आँखा लजाउँछ
केही गरी आफ्नो जीवन बनाउने बेलामा
बिग्रिएँ म त मेरो होस कसले जगाउँछ।

### आउँछ्यौ भनी

हेर्दाहेर्दै तिमी पुग्यौ कहाँबाट कहाँ
आउँछ्यौ होला भनी मचाहिँ पर्खी बसेँ यहाँ
घाम उस्तै जून उस्तै हावापानी उस्तै
बदलिएन मेरो पनि आनीबानी उस्तै
कुरो पुगिसक्या रै छ कहाँबाट कहाँ
आउँछ्यौ होला भनी म चाहिँ पर्खी बसेँ यहाँ
भन्छन् अरू पाइला समेत मेटिसक्यो अरे
जुरेलीले आफ्नो भेटिसक्यो अरे
समय नै दौडिएछ कहाँबाट कहाँ
आउँछ्यौ होला भनी मचाहिँ पर्खी बसेँ यहाँ।

### अरूकै हालीमुहाली

झलक्क हेर्दा गोरी, तिमीलाई काली देख्छु
हेर्दै गएको छु म झन्झन् उज्याली देख्छु
त्यसै पनि त राम्री सुनमा सुगन्ध फेरि
प्रगति अझै भएछ आँखा गाजली देख्छु
लुकेर हेर्छु कहिले, झुकेर हेर्छु कहिले
सधैं भरिली प्यारी सिउँदो त खाली देख्छु
चालू नक्कली भन्छन्, वेश्या र जाली भन्छन्
मेरो नजरमा तिमीलाई भोलिभाली देख्छु
हेरेको मात्र मैले रमिता रमाई राम्री
तिम्रो शरीरमा अरूकै हालीमुहाली देख्छु।

## • लघुकथा •



### सिडियो कार्यालय

ऊ ठीक त्यसैबेला सिडियो कार्यलयमा पुगेछ जुनबेला सिडियोसाबमाथि हातपात भएको थियो। नागरिकता बिना पासपोर्ट बन्दैन, पासपोर्ट बिना वैदेशिक रोजगारीमा जान सकिंदैन। गाउँकै भद्र पुरुषले यति कुरा बुझाएपछि ऊ सिडियो कार्यालय पुगेको थियो तर ऊ सिडियो कार्यालय पुग्दा सिडियोसाब तनावमा हुनुहुन्थ्यो। कार्यालयका कर्मचारी काम छाडेर बाहिर निस्किएका थिए। ऊ केहीबेर अलमलमा पर्‍यो। एकजना लेखनदासले उसलाई यताबाट उता उताबाट यता घुमाइरह्यो। अन्त्यमा लेखनदासले भन्यो, 'मेरो पारिश्रमिकबापत मलाई एक सय रुपैयाँ देऊ। त्यसपछि म एउटा महत्त्वपूर्ण कुरा भन्छु।' उसले जतनसँग राखेको पैसामध्येबाट सय रुपैयाँ दियो। पैसा लिंदै लेखनदासले भन्यो, 'एक वर्षपछि आउनू, त्यतिखेरसम्म कार्यालय खुल्न सक्छ।'

**जीवन लामा**

## दुलहीजस्तै सिंगारियो स्याङ्जा



**वसन्ती बाँस्तोला**

स्याङ्जा- जिल्ला उद्योग वाणिज्य संघको आयोजनामा यही पुस ९ देखि १८ गतेसम्म सदरमुकाम पुतलीबजारमा हुन लागेको महोत्सवका लागि जिल्लाबासीले बजारलाई दुलहीझैं सिंगारेका छन्। घर-घर र टोल-टोलबाट स्थानियवासीले सकेको साजसज्जा गर्न थालेपछि जिल्ला रङ्गिएको छ। १० दिन चल्ने दोस्रो स्याङ्जा महोत्सवको तयारीका लागि आफ्नो व्यक्तिगत काम छोडेर सबै जना ठूलो चाड मनाउन लागेजसरी काम गरिरहेका छन्। महोत्सव स्थलमात्र होइन, पूरै जिल्ला नै ध्वजापताका एवं तुल-ब्यानरले रङ्गीचङ्गी बनेको छ। घरअगाडि गाग्रीमा फूल सजाउनेदेखि सडक, बाटो सफा गर्ने काममा बालबालिकादेखि वृद्धसम्म लागेका छन्। हातमा कुचो लिएर बाटो बढार्दै हिँडेका उद्योग-वाणिज्य संघका कोषाध्यक्ष तीर्थलाल श्रेष्ठ भने- 'घरमा बरु बुहारीहरूले बढार्छन्, बाटोचाहिँ सफा गर्नुपर्‍यो।'

कागजको ध्वजापताका चाँडै बिग्रन्छ भनेर गृहिणीहरूले कपडाको ध्वजापटाका टाँसेका छन् भने गण्डिकी यातायात बस व्यवसायी समितिले महोत्सव अवधिभर गाडीमा १० प्रतिशत छुट दिने भएको छ। गण्डकी यातायात बस व्यवसायी समितिका अध्यक्ष भगवत प्रकाश मल्लले भने- 'महोत्सवमा सबैको पहुँच होस् भनेर हामीले बसभाडा छुट दिएका हौं।'

'स्याङ्जा महोत्सवको आधार, कृषि पर्यटन नै आर्थिक विकासको पूर्वाधार' भन्ने मूल नाराका साथ हुन लागेको महोत्सवमा स्थानीय लोकसंस्कृति, कषिजन्य वस्तुको बजार अनुसन्धान, हस्तकला व्यवसायको प्रवर्द्धनलाई मुख्य उद्देश्य बनाइएको छ। १ लाख ५० हजारभन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकलाई स्याङ्जा भित्र्याउने लक्ष्य लिइएको महोत्सवमा २ करोडभन्दा बढीको आर्थिक कारोबार हुने जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष एवं महोत्सवका संयोजक दीपक लम्सालले बताए।

जिल्लाको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनजस्ता विविध क्षेत्रको प्रवर्द्धनमा टेवा पुर्‍याउनुका साथै जिल्लाको पहिचानलाई राष्ट्रिय स्तरसम्म पुर्‍याउनु महोत्सवको लक्ष्य रहेको लम्सालले जानकारी दिए। महोत्सव स्थलमा १ सय ५० वटा स्टल निर्माण गरिएका छन्। स्टल व्यवस्थापन उपसमितिका संयोजक लालप्रसाद श्रेष्ठले भने- 'अधिकांश स्टल बुकिङ भैसकेका छन्।' महोत्सवलाई सफल एवं प्रभावकारी बनाउन जिल्लाभन्दा बाहिर रहेका स्याङ्जालीहरूसमेत घर फर्किएका छन्।

महोत्सवमा बालउद्यान, पर्यटन, कृषि तथा व्यापार मेला, सांस्कृतिक कार्यक्रम, स्थानीय वेशभूषाको प्रदर्शनी, अन्तरमाध्यमिक विद्यालयस्तरीय नृत्य प्रतियोगिता, दोहोरी गीत प्रतियोगिता मुख्य आकर्षण रहनेछन्। यसैगरी कृषि मेलाअन्तर्गत सुन्तला, कफी, ताजा तरकारी, अदुवा तथा जडिबुटीको प्रदर्शनी गरिने उद्योग वाणिज्य संघले जनाएको छ। महोत्सव अवधिमा जिल्लामै पहिलो पटक स्याङ्जा लोकतारा प्रतियोगिता सञ्चालन गरिनेछ। कलाकार व्यवस्थापन उपसमितिका संयोजक हिक्मत श्रेष्ठका अनुसार जिल्लाका २ नगरपालिकाका प्रत्येक वडा र ६० गाविसबाट २-२ जनाका दरले छनौट भएका स्थानीय कलाकारमध्येबाट उत्कृष्ट १० जनाले महोत्सव अवधिमा आ-आफ्नो कला प्रस्तुत गर्न पाउनेछन्।

## औद्योगिक प्रदर्शनीको रमाइलो



बुटवल- देशका ठाउँठाउँमा मेला-महोत्सवको लहर चलिरहेका बेला बुटवलमा पनि एघारौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सवको रमाइलो छाएको छ। बुटवल रामनगरस्थित बुटवल मण्डपको मैदानमा 'स्वदेशी उत्पादन प्रयोग गरौं नेपाली हुनुमा गर्व गरौं' नाराका साथ रूपन्देही उद्योग संघको आयोजनामा बिहीबारदेखि प्रारम्भ प्रदर्शनीमा दिनहुँ आउने हजारौं दर्शकको मनोरञ्जनलाई मुख्य प्राथमिकतामा राखिएको छ।

सांस्कृतिक कार्यक्रमअन्तर्गत 'माया जाल बुन्छु म', 'पछ्यौरी लेऊ बैना' र 'कहिले भने र मैले पिरती लाउदिनँ' जस्ता भाकामा हुने राष्ट्रिय स्तरको दोहोरी गीत प्रतियोगिताले अधिकांश दर्शकलाई पुसको जाडो बिर्साएर तताउने गरेको छ। देशका विभिन्न जिल्लाबाट आएका कलाकारबीच दोहोरीको घम्साघम्सी चल्दा मैदानमा खचाखच दर्शकबीच कम्मर मर्काई-मर्काई नाच्ने होडबाजी नै चल्छ। अन्तरविद्यालय लोकनृत्य, आधुनिक गायनको प्रदर्शनी आइडल, राष्ट्रिय स्तरको महिला भलिबल प्रतियोगिताले युवापुस्ताका दर्शकहरूलाई तानेको छ।

यसबाहेक राष्ट्रिय स्तरका कलाकारहरू बद्री पंगेनी, राजु परियार, विष्णु खत्री, पुरुषोत्तम न्यौपाने, खुमन अधिकारी, हेमन्त शर्मा तथा हास्यकलाकार जितु नेपाल, मनोज गजुरेल आदिलाई पालैपालो प्रदर्शनीमा उतार्ने सांस्कृतिक कार्यक्रम संयोजक लोकबहादुर खत्रीले साप्ताहिकलाई बताए। विभिन्न आदिवासी जनजाति संस्कृतिको प्रस्तुति, परम्परागत परिकारको स्वाद पनि यो मेलाको आकर्षणमा रहनेछ।

स्वदेशी उत्पादनको प्रदर्शन र व्यापार प्रवर्द्धन, उत्तपादक र उपभोक्ताबीच प्रत्यक्ष संवाद उपभोक्तामाझ देशभरका स्वदेशी उद्योगमा उत्पादित विभिन्न प्रकृतिका सामानका ३ सयभन्दा बढी स्टल सहभागी छन्। सूचना-प्रविधिबाहेक स्वदेशी उद्योगका सामान मात्र राखिएको प्रदर्शनीमा कृषि, हस्तकला, गार्मेन्ट, घरेलु तथा महिला उद्यम एवं स्थानीय पर्यटन प्रवर्द्धन आदिलाई प्राथमिकता दिइएको छ। पुस १९ गतेसम्म चल्ने प्रदर्शनी ३ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने तथा १० करोडभन्दा बढीको कारोबार हुने महोत्सव संयोजक एजाज आलमले बताए।

**टोपराज शर्मा**

## ● सन्देश ●

साथीहरू सरु, मीना, देविका, शारदा, कला, प्रिया, पवित्रा, टीका, पूजा, सुनिता, जुना, अञ्जली, रविना, सम्झना, तपाईंहरू सबैलाई मिस गरेको छु । पत्र पठाउनुहोला ।

**अविनाश**

प्रिसकिला, उपहार के दिऊँ म तिमीलाई, मागिदनँ सहारा तिमीबाहेक अरूलाई, केवल माया मात्र दिनेछु जसको बदलामा के लिऊँ मैले, यदि दिन्छ्यौ भने एक चुम्मा लिनेछु, जुन तिम्रो सम्झना र यादसँगै बाँच्ने आधार हुनेछ ।

**सालु**

पूजा, जन्मदिनको शुभकामनाका साथ शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**पी.**

प्रेमबहादुर, तपाईंले हामीलाई बिर्सिनुभयो कि क्या हो ? दाइ सम्झेर बस्नु, राम्रोसँग पढ्नु, म भेट्न आइरहन्छु भन्नुभा'को थियो । तपाईं आउहन्छ भन्ने आशा गर्दागर्दै तीन-चार वर्ष बितिसक्यो तर आउनुभएन, तपाईं कहाँ हुनुहुन्छ जहाँ भए पनि समय मिलाएर एकपटक भेट्न आउनुहुन्छ भन्ने ठूलो आशा राखेकी छु ।

**सुमी**

अध्ययनबिना कुनै पनि काममा दक्षता हासिल गर्न सकिँदैन भन्दै मोडलिङमा पाइला चालेकी स्वस्तीलाई सफलताको कामना । मेल गर्न अनुरोध छ ।

goog–deepak20@yahoo.com

मेरो घर-परिवार, साथीहरू अमृत सुजु, भरत, नागेन्द्र, प्रेम, धुव्र एवं दाजुहरू राजु, राजन, सोल्टीहरू लक्षिण, विमलहरूलाई धेरै-धेरै माया र सम्झना ।

sherchan_69@yahoo.com



साथीहरू भक्त, विष्णु, नारायण, गोपाल, दामु, युवराज, राजन, पार्वती, तोया, वसन्ती, लक्ष्मी, जीवन, देवी, सविना आदिलाई अध्ययनको सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**टीकाराम**

प्रिय साथी प्रकाशराज, हजुर कहाँ हुनुहुन्छ ? भेट अथवा सम्पर्क नभएको पनि धेरै भयो, मोबाइल नम्बरसहित पचाचार गर्न अनुरोध छ ।

**टीकाराम**

समझदारीले शान्ति ल्याउँछ असमझदारीले फाटो, शान्ति नै देशका निम्ति प्रगतिको बाटो खुलोस् ।

**रामेश्वर सिलवाल**

सं., तिमी स्वार्थी रहिछौ । मेरो मायालाई लत्याइदियौ । बाँच्नैपर्ने बाध्यताले यस धर्तीमा बोझ भै जिउँदो लाससरि बाँचिरहेको छु । तिम्रो नजरमा म सधैं दोषी भएँ, मेरो नजरमा खोइ को...? गल्ती तिम्रो थियो वा मेरो त्यो पनि भनिनौ, अनयासै टाढियौ । भावी जीवन सधैं सुखमय बितोस्, तिमीलाई सहारा दिने मान्छेको मन कहिले नदुखोस् ।

**सुबोध**

एफएम मित्र, पत्रमित्र तथा फोन मित्रहरू सबैको मीठो सम्झना गर्दै विशेषगरी उनलाई तिमीले दिएको समयमा मैले समय दिन सकिनँ, त्यसैले आइएम सरी भन्न चाहन्छु ।

**निर्मल बलामी**

प्रभु येशु ख्रिष्टको शुभजन्मोसव तथा नयाँ वर्ष २०१० को सुखद उपलक्ष्यमा हाम्रा मित्र, शुभचिन्तक, मण्डली परिवार तथा समस्त नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको मंगलमय कामना ।

**जोन लामा**

कान्छा, मलाई किन-किन तिम्रो धेरै माया लाग्छ । तिम्रो जति माया आजसम्म कोही कसैको लागेन । जहाँ गए पनि तिम्रो याद आइरहन्छ । तिमी असाध्यै मायालु छौ, अरु मानिस र तिमीमा भिन्नता छ, किन हो थाहा छैन । देखुन्जेल हेर्न मन लाग्छ । एकैछिन नदेख्दा छटपटी हुन्छ ।

**एन.आर.**

## ● जीवनको गोरेटोमा ●



# मित्रता गहिरिंदै

२०५९ साल तिरको हो जुन बेला म एस.एल.सी. दिँदै थिएँ । परीक्षाको अन्तिम दिनको दिन मैले एउटी युवतीलाई देखें । परिचय भयो, मित्रता गहिरिँदै गयो । पत्र आदान-प्रदान हुन थाल्यो । एक दिन अकस्मात् घुम्ने क्रममा काठमाडौंको स्वयम्भूमा हाम्रो भेट भयो । उनी बहिनीसँग आएकी थिइन् । यो हाम्रो दोस्रो भेट थियो । परीक्षा सकेपछि उनीसँग भेट नहुँदा मैले असजिलो महसुस गरिरहेको थिएँ ।

त्यही भेटमा उनी पनि काठमाडौंमै बसेर पढिरहेको कुरा थाहा भयो । केही समय विगत र वर्तमानका बारेमा कुरा गरिसकेपछि मैले नै साहस गरेर उनको फोन नम्बर मागें । उनले पनि कुनै संकोच बिना नम्बर दिइन् । सायद हामीले अब एक-अर्कालाई कुनै न कुनै रूपमा माया गर्न थालेका थियौं । त्यसपछिका दिनहरू फोन र भेटघाटमै बित्न थाले ।

हामीलाई थाहै भएन, हामी एक-अर्कामा माया गर्न थालिसकेका रहेछौं । एक दिन रातको करिब १२ बजेको हुनुपर्छ जाडोको महिना म मस्त निद्रामा थिएँ, मेरो मोबाइलमा फोन आयो । मैलै कल रिसिभ गरें । फोन उनकै थियो । के भयो किन यति राति फोन गरेको भनेर सोधें । उनले केही समयको मौनतापछि म तिमीलाई माया गर्छु भन्दै फोन बन्द गरिन् ।

म अचम्ममा परें, यो के भनेकी उनले ? त्यो पनि यति राति ? मैले फेरि फोन गर्ने प्रयास गरें, फोन बन्द थियो । बिहान फोन गरेर भेट्न भनेपछि बेलुकि उनको अफिसपछि पैदल हिंड्दै हामीले उनको घरसम्मको यात्रा तय गर्‍यौं । त्यसपछिका दिनहरूमा हामी काठमाडौंका विभिन्न रमणीय स्थलहरूमा घुम्दै जीवनयात्रा चलायौं । उनी मेरो भावनाको कदर गर्थिन् । सुशील एवं सरल स्वभावकी उनीसँगको मेरो प्रेमयात्रा राम्रोसँग चलिरहेको थियो ।

यसै क्रममा म धेरै पटक उनको घर पनि गएँ तर जीवन सोंचे जस्तो कहाँ हुँदो रहेछ र ? भगवान्ले पनि चाहेनन् हाम्रो जोडी हाँसीखुसी बसेको । जीवनको गोरेटो चलिरहेका बखत एक्कासी मेरो परिवारमा म विदेशिनुपर्ने कुरा चल्न थाल्यो । मैले विदेशिनु नै पर्ने भयो । यो कुरा मैले नचाएरै पनि उनलाई भनें । म फर्केर तिमीलाई मेरो घरकी बुहारी बनाउँछु भन्ने बाचा गरें ।

मैले सोचेको जस्तो कहाँ हुँदोरहेछ र ? त्यस दिनदेखि उनमा धेरै परिवर्तन महसुस गरें । सम्झाउने धेरै प्रयास पनि गरें तर उनले मेरो बाध्यतालाई बुझिनन् । उनमा आएको परिवर्तनको कारण खोज्ने प्रयास पनि गरें । अनि मैले लेखें तिनै निष्ठुरी मायालाई पत्र... । जहाँ काँडै-काँडा सरी मेरो यात्राको वस्तविकता लुकेको छ । आज यो विदेशी भूमिमा पनि उनकै यादमा छट्पटाइरहेको छु ।

**–अन्जान वनवासी, इराक**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..............................................................................

उमेर : ........................................ उचाइ : ..................................

पेसा : .................................... शिक्षा : ..................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ....................................वर्ण : ....................................

इमेल : ..............................................................................

ठेगाना :..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।


## ● साथी ●




स्नातक दोस्रो वर्षमा अध्ययनरत रमेशप्रसाद जोशी राष्ट्रसेवा तथा समाजसेवामा रुचि राख्छन् । २१ वर्षीय जोशी ५ फिट ४ इन्च अग्ला छन् । स्पष्टवक्ता तथा मिलनसार स्वभावका रमेश गहुँगोरो वर्णका छन् । सुखदुःखमा साथ दिने, मिलनसार, अध्ययनशील, परिश्रमी, घमन्ड नगर्ने, पेसामा अडिग रहने साथीको खोजीमा रहेका रमेशलाई साथी बनाउन चाहनेहरूले डिलाशैनी-५, रेवतागाउँ, बैतडीमा पत्राचार गर्न सक्नुहुन्छ ।



५ फिट ७ इन्च अग्ला दिवान बहिङ हाल धरानमा प्लस टु तह अध्ययनरत छन् । कम बोल्ने दिवस पत्रपत्रिका अध्ययन एवं भ्रमणमा रुचि राख्छन् । १९ वर्षीय दिवान गहुँगोरो वर्णका छन् । गफमा भन्दा काममा ध्यान दिने, शिक्षालाई महत्त्व दिने एवं नयाँ सिर्जनामा मन लगाउने साथीको खोजीमा रहेका दिवानलाई bahing_2009@yahoo.com इमेल गर्न सकिन्छ ।




हेम सरोबर साउद 'हेमु' अध्ययनका साथै व्यापारमा पनि संलग्न छन् । आईएड दोस्रो वर्षमा अध्ययनरत समूह हालसम्म अविवाहित छन् । ५ फिट ५ इन्च अग्ला हेम कम बोल्ने तथा अरूलाई चाँडै विश्वास गर्ने स्वभावका छन् । १७ वर्षीय हेम गहुँगोरो वर्णका छन् । हेम मित्रतालाई सधैं कायम राख्ने, अरूको दुःख बुझ्ने, नम्र एवं झूटो नबोल्ने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले दिपायल, सिलगडी नगरपालिका-९, डोटीमा पत्राचार गर्न सक्नुहुन्छ ।



गोविन्द लामिछाने ५ फिट ९ इन्च अग्ला छन् । २५ वर्षीय गोविन्द प्रहरी सेवामा कार्यरत छन् । एम.ए. दोस्रो वर्षमा अध्ययनरत लामिछाने मिलनसार स्वभावका छन् । बन्दुक चलाउने अभिरुचि राख्ने अविवाहित लामिछाने गहुँगोरो वर्णका छन् । भ्रष्टाचारविरुद्ध लड्ने, समाज तथा राष्ट्रसेवाको भावना भएका साथीको खोजीमा रहेका लामिछानेलाई साथी बनाउन चाहनेहरूले जिल्ला प्रहरी कार्यालय नख्खु, सैंबु-४, ललितपुर कारागारमा पत्राचार गर्न सक्नुहुन्छ ।



गीत संगीतमा अभिरुचि राख्ने २० वर्षीय पुष्प श्रेष्ठ धेरै साथी बनाउने अभिरुचि राख्छन् । चार्टड एकाउन्ट अध्ययनरत श्रेष्ठ ५ फिट ४ इन्च अग्ला छन् । गहुँगोरो वर्णका पुष्प आफू एकल भएको उल्लेख गर्छन् । अरूको भावना बुझ्ने, सहयोगी, मिलनसार तथा सादा जीवन उच्च विचारमा विश्वास गर्ने साथीको खोजीमा रहेका पुष्पलाई पोष्ट बक्स नम्बर ८९१५ काठमाडौंमा पत्राचार गर्न सक्नुहुन्छ ।



गहुँगोरो वर्णका कृष्ण गौली 'असफल' हाल कक्षा १० मा अध्ययनरत छन् । ५ फिट ३ इन्च अग्ला कृष्ण हँसिलो स्वभावका छन् । मिलनसार स्वभाव तथा सुख-दुखमा साथ दिने साथीको खोजीमा रहेका कृष्ण पत्रमित्रता तथा पत्रपत्रिका अध्ययनमा रुचि राख्छन् । उनलाई साथी बनाउन चाहनेलहरूले विरौटा-१७, पोखरा, कास्कीमा पत्राचार गर्न सक्नुहुन्छ ।

# मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?

ढाकेको, छोपेको चीज हेर्न जति खुल्दुली हुन्छ त्यस्तै अर्काका श्रीमान्-श्रीमतीमा नयाँपनको आशाले राम्रा लाग्छन् । उखानै छ, छोराछोरी आफ्ना राम्रा, श्रीमान्/श्रीमती अर्काका राम्रा त्यसैले होला ।

**मल्लिका मल्ल** (१८), **धादिङ**

कस्तो प्रश्न गर्नुभएको, कतै तपाईंकी श्रीमतीका गाला च्याउरिसके कि कसो ? मैले त बिहे नै गरेको छैन, के भनूँ र खै ?

**प्रवीण ज्ञवाली, स्याङ्जा**

एउटै फूलमा न त पृथक सुन्दरता रहन्छ न त रसमा स्वाद ।

**मिनु हिताङ**

थाहा भएन, आफू त अविवाहित परियो ।

**हरिशप्रसाद अवस्थी** (१८), **भीमदत्त नगर**

यो प्रश्न त मलाई दिनदिनै एउटै आलुको तरकारी मात्र किन मन नपरेको होला ? जस्तो लाग्यो ।

**टीकाराम अर्याल, स्याङ्जा**

किनकि नेपालीहरू अरूको राम्रो चीज देखिसहँदैनन् र आफ्नो बनाउन चाहन्छन् ।

**पेशल दाहाल, धनकुटा**

त्यो त राम्रै देखिएपछि राम्रै लाग्ने होला । दृष्टिभ्रम पनि हुनसक्छ ।

**प्रदीप सुनुवार**

यो आधुनिक युगमा राम्रा जतिको पहिले नै विवाह भैहाल्छ । बाँकी सबै नराम्रा मात्र रहन्छन् अनि अर्काका श्रीमान्/श्रीमती राम्रो नलागेर कसको लाग्छ त ?

**एस.बी. रोदन**

दूरका ढोल सुहाना लगाता है

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
२ पढेर जानिन्छ कि परेर ?
३. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
४. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
५. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
६. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
७. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
८. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
९. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
१०. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?

भन्ने उखान छ नि, यो त्यसकै उदाहरण हो ।

**राजेन्द्र गुप्ता** (२७), **विराटनगर**

मलाई त राम्रा लाग्दैन, तपाईंलाई लाग्छन् भने म केही भन्न सक्दिनँ ।

**विविध तिमिल्सिना** (२३)

राम्रा कुरा राम्रै हुन्छन् नि, बरु तिनको घरकी बूढीसँग किन तुलना गर्नुपर्‍यो ?

**केशव झा** (२१), **जनकपुर**

राम्रो-नराम्रो भन्ने आँखा र मनमा भर पर्ने कुरा हो, सबै त राम्रा लाग्दैनन्, आँखा र मनले राम्रो मानेका थोरै मात्र हुन्छन् ।

**बी.बी. धर्मात्मा** (१९)

यो असन्तुष्टहरूको कुरा मात्र हो । त्यस्ता लोभी-पापीहरूको मन सधैं भट्किरहन्छ, एक ठाउँमा अड्दैन क्या !

**शिशिर विष्ट** (१९), **काठमाडौं**

एउटै तरकारी सधैं खाँदा त्यस्तै हुन्छ । मानिसको मन सधैं नयाँ-नौलो खोजिरहन्छ । यो त्यसकै परिणाम हो ।

**हरि यादव** (२३), **राजविराज**

आँखा लोभी मन पापी त्यसै भनिएको त होइन नि ?

**विश्वनाथ साह** (२२)

मनै त हो हजुर, कुन बेला कहाँ गएर अडिन्छ पत्तो हुँदैन, तपाईंको पनि कहीं अड्कियो कि क्या हो ?

**बद्री तिवारी, काठमाडौं**

राम्रा लाग्नुसम्म ठीकै हो, त्यसभन्दा अघिचाहिँ बढ्नु हुँदैन, नत्र तिनका ऊ वा उनीले ढाड खुस्काउन बेर लाउँदैनन् ।

**श्रवण खाती** (२४)

यो त मानिसलाई प्रकृतिले दिएकै कुरा भयो नि, यसमा आश्चर्य मान्नुपर्ने कुरै के छ र ?

**नियमराज प्याकुरेल** (२१),

तपाईंजस्तो अर्काको बूढी ताक्दै हिंड्ने हो र म ?

**विकास आचार्य** (२७)

## • यौन जिज्ञासा र समाधान •

प्रश्न : म १८ वर्षीय युवक हुँ। मेरो छाती अर्थात् दूधमा गिल्ठागुल्ठी छन्। यो मेरो छातीको दुईतर्फ नै छ। यो समस्या मलाई १४ वर्षको हुँदादेखि नै छ। मैले आजसम्म यौन सम्पर्क गरेको छैन, तर हस्तमैथुनचाहिँ गर्छु। मेरो परिवारका सदस्यहरू यो सामान्य समस्या हो, धेरैजसोमा हुन्छ, पछि आफैं ठीक हुन्छ भन्थे तर चार वर्ष भयो, ठीक भएको छैन। यसकै कारण मलाई कतै आफ्नो सर्ट उतार्नुपर्दा पनि लाज लाग्छ। के यो गिल्ठा (गाँठो) ठीक हुन्छ ? हैन भने यसको समाधान के छ ?

अभि.



डा. राजेन्द्र भट्टा

उत्तर : पुरुषको स्तन

स्तन भन्नासाथ हामीले सामान्यत: महिलाको नै सम्झन्छौं, तर पुरुषमा पनि स्तन विकसित नभए पनि तन्तुहरू हुन्छन् । महिलाको छातीमा रहेको यो विशेष ग्रन्थिले शिशुको पोषणका लागि आवश्यक दूध उत्पादन गर्छ, तर स्तन यौनका दृष्टिकोणले पनि एकदम महत्वपूर्ण अंग हो । पुरुषको मुन्टो र वरिपरिको भाग यौन संवेदनशील हुनसक्छ । बाल्यकालमा केटा र केटीको स्तन उस्तै हुने भए पनि किशोरावस्थामा पुगेपछि हार्मोनको प्रभावले केटीहरूमा स्तनको विकास तीव्र गतिमा हुन थाल्छ, तर केटामा भने त्यस्तो हुँदैन ।

**स्तनको आकार र आयतनको महत्त्व**

महिलाको हकमा विकसित स्तनले यौन आकर्षक बढाउँछ र महिलाको स्तनको स्पर्श महिला तथा पुरुष दुवैलाई यौनआनन्दको स्रोत हुन सक्छ । कतिले यसलाई आत्मसम्मानको कुरा नि मान्छन् । महिलाहरूमा स्वास्थ्यभन्दा सुन्दरताका कारणले बढी चिन्ता पाइन्छ, तर पुरुषमा विकसित स्तन हुनुलाई नकारात्मक रुपमा लिइन्छ । पुरुषको स्तन बढे साथीभाइमाझ लाजको कुरा हुन्छ । यसलाई सक्दो लुकाइन्छ ।

**स्तनका गिर्खा के होलान् ?**

हामीलाई थाहै छ, महिलाको स्तनमा विभिन्न किसिमका गिर्खा आउन सक्छन् । प्रकृति हेरी केही हानिकारक हुँदैनन् भने केही साह्रै नै गम्भीर प्रकृतिका हुन्छन् । पुरुषमा केही हदसम्म त्यस्तै कुरा लागू हुन्छ । यदि यस्ता गिर्खा प्यापिलोमा वा फाइब्रोएडेनोमा भए हानिकारक हुँदैनन्, तर यस्ता कुरा पुरुषमा विरलै मात्र पाइन्छन् । अति नै विरलै हुने भए पनि केही गम्भीर प्रकृतिको स्थिति पुरुषको स्तनमा पनि हुनसक्छ । त्यसैले उपचारका लागि चिकित्सकको सहयोग लिनुपर्ने हुन्छ ।

सीमित जानकारीका आधारमा तपाईंको स्तनको गिर्खा के होला भन्न सकिने स्थिति छैन, तर कतिपय स्थितिमा किशोरावस्थाका केटाको स्तन बढ्ने कुरालाई नै कतै भन्नुभएको होइन भन्ने लागेको छ । त्यसलै त्यसका बारेमा चर्चा गर्न गैरहेको छु ।

**के किशोरावस्थाका केटाहरूको स्तन बढ्न सक्छ ?**

किशोरावस्थामा पुगेपछि केटाहरूको स्तन नबढ्नुपर्ने हो, तर केहीमा स्तन ठूलो हुन पुग्छ । स्तन ठूलो हुने यस्तो अवस्थालाई अंग्रेजीमा gynecomastia भनिन्छ । यो शब्द ग्रीक भाषाको gyne शब्द जसको अर्थ 'महिला' र mastos शब्द जसको अर्थ 'स्तन' हुन्छ, मिलेर बनेको छ, तर व्यावहारिक रूपमा यो शब्दले पुरुषहरूमा असामान्य रूपमा स्तन ठूलो हुनुलाई नै बुझाउँछ ।

यस्तै ४० देखि ६० प्रतिशत पुरुषले कुनै न कुनै बेला यस्तो भएको अनुभव गरेका हुन्छन् । यसरी स्तन ठूलो हुने सम्भावित कारणमा किशोरावस्थामा प्रवेशसँगका परिवर्तन, स्टेरोइड औषधीको दुरुपयोग, मोटोपन, ट्युमर, वंशाणगत खराबीहरू, कतिपय औषधीका कुअसर अनि उमेर बढ्नुजस्ता अनेक कारण पर्छन् । मूलभूत रूपमा भन्नुपर्दा धेरैजसो स्थितिमा सामान्य रूपमा पाइने हार्मोनको मात्रामा भएका गडबडीले स्तनका तन्तुमा पारेको असरले यस्तो देखिन्छ । स्तन यसरी बढ्ने स्थिति किशोरावस्थाका केटाहरूमा निकै देखिन्छ । यस्तै ४० प्रतिशतसम्म किशोरहरूमा पनि यस्तो हुन्छ ।

किशोरहरूमा यसरी स्तन बढ्ने स्थितिलाई अंग्रेजीमा pubertal gynecomastia भनिन्छ । यस्तै १४ वर्षको उमेर सम्ममा यस्तो हुन्छ । यस्तै ४ सेन्टिमिटरसम्म बढेको स्तनका तन्तु ७५ प्रतिशतजति किशोरमा कुनै उपचारविना आफैं हराएर जान्छ र ३ वर्षभित्रमा यस्तै ९० प्रतिशतमा यो लक्षण आफैं नै केही महिनामा वा किशोरावस्था सकिएपछि हराएर जान्छ । बाँकी १० प्रतिशत जसको स्तन ठूलै रहन्छ उनीहरूलाई भने मानसिक तथा सामाजिक रूपमा पनि समस्या परेको हुनसक्छ । म तपाईंमा परेको मानसिक दबाबलाई बुझ्छु । लाज लाग्ने, उत्पीडन, अपमानका साथै आफैंलाई घृणा गर्नेजस्ता कतिपय कुरा पनि हुन्छन् । व्यक्तित्व नै नभएको जस्तो लागेको कुरा त तपाईंले उल्लेख गरि नै सक्नुभएको छ ।



**समाधान के होला ?**

तपाईंलाई थाहै होला, कारणअनुसार नै समाधान हुन्छ । त्यसैले किन त्यस्तो भएको हो पत्ता लगाउनु आवश्यक छ । कारक तत्त्व हटाउन सकिए यो समस्यामा कमी आउने नै भयो । किशोरावस्थामा हुने स्तनको वृद्धि मात्र हो भने त खासै चिन्ता गर्नुपरेन । धेरैजसो स्थितिमा हराएर जानुपर्ने हो । हाल तपाईं किशोरावस्थाको अन्त्यतिर आइपुग्नुभएको छ र यो आफैं कम भएर गएको छैन त्यसैले निश्चित उपचारका लागि अन्य उपायका बारेमा विचार गर्नुपर्ने हुन्छ । स्तन ठूलो हुनु समस्याका रूपमा कायम रहे शल्यक्रिया गरेर सानो पार्नुपर्ने हुन्छ । यसका लागि शल्य चिकित्सकसँग सम्पर्क राख्नुहोला ।

शारीरिक रूपमा शल्यचिकित्साबाट स्तनको आकार कम गरेर पनि यसरी स्तन ठूलो हुनुले पारेको मानसिक पक्षमा पनि सामाञ्जस्यता ल्याउन विचार गर्नुपर्ने हुन्छ । स्तन ठूलो हुँदैमा तपाईंको जीवन नै बर्बाद हुने होइन, त्यसैले अनावश्यक रूपमा निराश हुनुको सट्टा अब कसरी स्तनलाई सानो बनाई सकारात्मक रूपमा लाने विचार गर्नुहोस् । निराश हुनुको सट्टा यसको उपचारतिर ध्यान दिनुहोला ।

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

Learn to Speak English
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

सौन्दर्यका सामान
● Height बढाउने (Yoko Japanese) - 1050/-
● मोटोपन घटाउने (Sauna Belt)
● अनुहार गोरो बनाउने (Roop Amrit)
● स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
● डण्डीफोर, चाया पोतो हटाउने (Cream)
● धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
● कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
● एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार
हाडजोर्नी तथा नसा — सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी — ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक — डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु — पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन — सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग नि:सन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता — अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मण्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६


सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी ३०-३५ वर्षका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 9721315801

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:-
जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377


# बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

एक जना हजुरबुवा आफ्ना नातिसँग घुम्न निस्केका थिए। त्यसैबेला भेट भएका हजुरबुबाका साथीले सोधे- कति वर्षको भयो तपाईंको नाति ? हजुरबुबाले जवाफ दिए- ऊ जति वर्षको भयो त्यसको चार गुणालाई फेरि ४ ले गुणा गर्दा ठ्याक्कै मेरो उमेर निस्किन्छ। मेरो उमेर त तपाईंलाई थाहै छ। के तपाई भन्न सक्नुहुन्छ ? हजुरबुवा र नातिको उमेर कति-कति वर्षको होला ?

# साप्ताहिक कोठेपद




**दायाँ**

१. शब्दहरूको संग्रह (४)
२. जालझेल (४)
३. रोबोट (५)
५. बाटो, मार्ग (३)
७. नराम्रो कुराप्रतिको घृणा (३)
१०. गणना गर्ने व्यक्ति (३)
११. पाइला (३)
१२. थिचोमिचो, दबाउने काम (३)
१४. स्याहा, स्रेस्ता (३)
१५. महत्त्व, गौरव (३)
१७. पृथ्वी, जमिन (४)
१८. अष्ट सिद्धिमध्ये एक (३)
१९. स्वेच्छाचारी शासक (४)
२०. घुम्ने काम वा प्रक्रिया (३)
२१. भगवान, देव (३)
२३. भीष्मको नाम (४)
२४. मनमा उठ्ने विचार (३)
२५. काममा मद्दत गर्ने सहायक (३)
२६. कुनै काममा पाइने हैरानी (३)
२७. जरामा फल्ने तरकारी विशेष (४)
२८. मनको इच्छा वा चाहना (४)

**तल**

१. धेरै मार्ग वा शाखा भएको (४)
२. छवटा कोण भएको (४)
३. चार वेदमध्ये एक (४)
४. धर्ती, जमिन (४)
६. पृथ्वी घुम्ने घेरा (२)
८. नोकर, दास (३)
९. जाडोमा शरीरमा हुने कम्पन (४)
१०. फुल रोप्ने भाँडो (३)
११. एक प्रकारको पानी खाने भाँडो (३)
१२. अगो निभाउने यन्त्र (४)
१३. रामकथा (४)
१५. बारा, बरियापुरकी देवी (४)
१६. दरबारमा स्त्रीहरूको निवास (४)
१७. मनी अर्डर (४)
१८. सानोभन्दा सानो (४)
१९. तत्त्वज्ञानले युक्त (३)
२१. पानीको एक स्रोत (३)
२२. एक प्रकारको मिठाई (३)
२३. मुलुक, राष्ट्र (३)
२४. त्रिगुणमध्ये एक (२)

# पत्याउनु हुन्छ ?



प्यालेष्टाइनको वेष्ट बैंकमा विगत ४ सय वर्षदेखि सञ्चालनमा रहेको हमाम अलसेफा स्नानागारमा एक दिन पुरुष र अर्को दिन महिलाले मात्र नुहाउने व्यवस्था मिलाइएको छ। ओटोमान शासनकालबाट प्रारम्भ भएको यो स्नानागार हाल २४ सैं घन्टा सञ्चालनमा छ।



मध्यएसियास्थित ताक्लामेकन मरुभूमि विश्वकै सर्वाधिक चिसो यो मरुभूमि विश्वका ठूला मरुभूमिहरु मध्ये एक मानिन्छ। प्रचीन सिल्क रोडले चिर्ने यो मरुभूमि १ हजार किलोमिटर लामो तथा ४ सय किलोमिटर फराकिलो छ।

अस्ट्रेलियाका वैज्ञानिकहरूले हालै पत्ता लगाएको एक प्रजातिको अक्टोपसले समुन्द्रको किनारमा पाइने नरिवलको बोक्राभित्र लुकेर शिकार गर्छ।



जर्मन कार निर्माता मे ब्याचले निर्माण गरेको लक्जरी कार २१ फिट लामो हुन्छ र यो कारको मूल्य करिब १० करोड रुपैयाँ पर्छ।




## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी





# बक्सिङको तयारी तीव्र

शिव मुखिया

काठमाडौं- बंगलादेशको ढाकामा हुने एघारौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) का लागि नेपाली बक्सिङ टिमका सात खेलाडी यतिबेला कडा अभ्यासमा जुटेका छन् । उनीहरूलाई बन्द प्रशिक्षणमा मंगोलियन प्रशिक्षक छेरेन नेमा तथा नेपाली प्रशिक्षकहरूले अभ्यास गराइरहेका छन् । दैनिक बिहान-बेलुकी ६ घण्टा प्रशिक्षण लिइरहेका उनीहरूबाट पदकको आशा गर्न सकिएला भन्ने प्रश्नमा अधिकांश खेलाडी 'गोल्ड मेडल जित्ने लक्ष्य' राखेको बताउँछन् । आफ्नो कमजोरी सुधारेर नयाँ प्राविधिक ज्ञान हासिल गरिरहेकाले आफूहरूमा कन्फिडेन्ड बढेको उनीहरूको भनाइ छ । तीन महिनाको बन्द प्रशिक्षणपछि उनीहरूलाई थाइल्यान्डको राजधानी बैंककमा थप प्रशिक्षण दिइने नेपाल बक्सिङ संघका महासचिव राजीव श्रेष्ठले साप्ताहिकलाई बताए ।

'प्रशिक्षणमा दोष दिने ठाउँ छैन,' सशस्त्र प्रहरीका सुशील घिमिरे भन्छन्- 'स्पायरिङ पार्टनर नहुँदा आफ्नो खेलस्तर उकास्न गाह्रो भयो ।' उनी नेपाली बक्सिङ टोलीका तर्फबाट सागमा पदकको सम्भावना बोकेका खेलाडी हुन् । घिमिरेले दसौं सागमा रजत पदक जितेका थिए । नवौं सागको समेत अनुभव सँगालिसकेका घिमिरेले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा भाग लिइसकेका छन् । आक्रमक शैलीमा प्रस्तुत हुन नसक्नु उनको कमजोरी हो । यद्यपि आफ्नो कमजोरीमा केही सुधार आइरहेको घिमिरेले बताए ।

घिमिरेले ६४ किलोग्राम तौल समूहमा खेल्नेछन् । सशस्त्रकै सचिन राउतले ४८ किलोग्राम तथा अजित गुरुङले ६० किलोग्राम तौल समूहमा प्रतिद्वन्द्वीको सामना गर्नेछन् । त्रिभुवन आर्मी क्लबका देवेन्द्रराजसिंह ठकुरी ५४ किलोग्राम, नेपाल प्रहरीका दिनेश श्रेष्ठ ५७ किलोग्राममा भिड्नेछन् । त्यसैगरी मध्यमाञ्चलका दीपक महर्जनले ८१ किलोग्राममा एवं सुदँर पश्चिमका लक्ष्मण साउद ५१ किलोग्राम तौल समूहमा भिड्नेछन् । पाँचौं राष्ट्रिय खेलकुदको प्रदर्शनलाई आधार मानेर ढाका सागका लागि खेलाडी छनौट गरिएको हो । हालै इटालीमा सम्पन्न विश्व च्याम्पियनसिपमा सहभागिता गरेका नेपाली बक्सर राजन शिल्पकार भने छनौट हुन सकेनन् । विश्व च्याम्पियनसिपमा सहभागिता गरेका खेलाडी सागमा किन छनौट भएनन् ? भन्ने प्रश्नमा संघका महासचिव श्रेष्ठ भन्छन्- शिल्पकार निरन्तर प्रशिक्षणमा सहभागी नभएका कारण उनलाई छनौट नगरिएको हो तर केही प्रशिक्षक उनको अनुभवले सागमा नेपालको मनोबल बढ्ने कुरा बताउँछन् ।

बन्द प्रशिक्षणमा रहेका बक्सिङ खेलाडीहरू यसपटक राष्ट्रिय खेलकुद परिषद्ले विगतका सागभन्दा लामो प्रशिक्षण दिएको बताउँछन् । लामो समय र अन्तर्राष्ट्रिय प्रशिक्षकमार्फत् 'पहिलेभन्दा धेरै टेक्निकल कुरा सिक्न पाएका छौं,'- दिनेश श्रेष्ठ भन्छन् । विगतभन्दा फरक शैलीको प्रशिक्षण खेलाडीहरूले पाएको उनले बताए । सागमा अन्य राष्ट्रका खेलाडीहरूको तुलनामा भारतीय प्रतिद्वन्द्वीहरूसँग कडा प्रतिस्पर्धा हुने उनको अनुमान छ । 'हामी पनि कडा परिश्रम गरिरहेका छौं,' श्रेष्ठले भने- 'अहिलेको प्रशिक्षणले पदक जित्ने आत्मबल बढेको छ ।'

प्रतियोगिताको मुखैमा खेलाडीको खोजी गर्ने र हतार-हतार प्रशिक्षण दिएजस्तो गर्ने विगतको प्रचलन यसपालिदेखि केही हदसम्म तोडिएको छ । सागका लागि राष्ट्रिय खेलकुद परिषदले गरेको लामो तयारीले अहिले यही कुरालाई पुष्टि गर्छ । यद्यपि विगतमाझैं प्रतियोगिता नजिकिँदै जादाँ गुनासाहरू आउने क्रम यसपटक पनि रोकिएको छैन । व्यवस्थापकीय कमजोरीका कारण आफूहरू 'हतोत्साही' बनेको बताउने प्रशिक्षक एवं खेलाडीहरूको संख्या बढ्दै गएको छ ।

कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागितामा *गैरअफिसियलले* भ्रमण गर्ने परम्परा नै बसिसकेको छ । यसपालि पनि बक्सिङमा यस्तै किसिमको घटना दोहोरिने देखिएको छ । बक्सिङसँग सम्बन्धित एक स्रोतका अनुसार 'नातावाद र कृपावादको आडमा' गैरव्यक्तिलाई अफिसियल बनाएर लगिने चलखेल सुरु भैसकेको छ । त्यसैगरी प्रशिक्षण छनौटमा पनि यस्तै चलखेल सुरु भएको बक्सिङका राष्ट्रिय प्रशिक्षक ओम मास्केले बताए । 'प्रशिक्षकको नाममा अन्य व्यक्तिलाई लाने खेल सुरु भएको' उनले दावी गरे ।

कुनै पनि प्रतियोगितामा खेलाडीलाई उचित मार्गदर्शन दिन प्रशिक्षकको अहं भूमिका हुन्छ । रिङमा खेलाडी भिडिरहेका बेला कस्तो रणनीति अपनाउने भन्ने कुरा खेलाडीले नभै प्रशिक्षकले नै बताउँछन् । खेलाडीका कमी-कमजोरी र सबल पक्षका बारेमा प्रशिक्षकलाई नै बढी जानकारी हुने भएकाले खेलाडीलाई जुनसुकै बेला प्रशिक्षकको निर्देशन आवश्यक हुन्छ तर राजनैतिक नियन्त्रणबाट मुक्त हुन नसकेको नेपाली खेलकुदमा यी सबै कुरालाई खासै महत्त्व दिइँदैन । फलत: अपेक्षित सफलता हात पार्ने सम्भावनाबाट नेपाली बक्सरहरू चुक्न सक्छन् ।

'खेलाडीले जति मिहेनत गर्छन् उति नै प्रशिक्षणको आवश्यकता हुन्छ,' दिनेश श्रेष्ठ भन्छन्- 'आफू भिडिरहेका बेला अब कस्तो रणनीति अपनाउने भन्ने कुरा प्रशिक्षकले नै बताउने हो ।' बक्सिङ प्रशिक्षक छनौटमा भेदभाव हुने छनक पाइसकेको मास्के बताउँछन् । 'मैले सधैं भेदभाव खेपें' डेढ दशकदेखि राष्ट्रिय प्रशिक्षकका रूपमा खटिइरहेका मास्केले गुनासो गरे- 'यसपालि पनि त्यस्तै भेदभाव गरिँदैछ ।' मास्केकै प्रशिक्षणमा पाँचौं राष्ट्रिय खेलकुदमा मध्यमाञ्चलले टिम च्याम्पियन हुने अवसर पाएको थियो । उनले प्रशिक्षण दिएका थुप्रै खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा अब्बल ठहरिसकेका छन् ।

दक्षिण एसियाली खेलकुदमा नेपाल सधैं पदकको दाबेदार राष्ट्रका रूपमा रहँदै आएको छ । सागमा मार्शल आर्टका खेलहरूले प्रवेश पाउनुभन्दा अघि नेपालले स्वर्ण पदकको आशा राख्ने खेल बक्सिङ नै थियो । सागमा नेपालका तर्फबाट पुष्करध्वज शाही, दलबहादुर रानामगर र चित्रबहादुर गुरुङले बक्सिङमा दिलाएको सफलता पछिल्ला प्रतियोगिताहरूमा दोहोरिन सकेका छैनन् । पछिल्लो पटक नेपाली बक्सिङमा रामचन्द्र थापामगर प्रतिभावान् खेलाडीका रूपमा देखा परे पनि उनी रोजगारीका लागि विदेश भास्सिएपछि नेपाली बक्सिङले स्वर्ण पदकको आशा मारेको थियो । त्यसपछि केबल रजत र कांस्य पदकमा सीमित भएको नेपालले यो पटकको सागमा कुन किसिमको सफलता हात पार्ने हो, अहिले नै केही भन्न सकिने अवस्था छैन ।

थुप्रै नेपाली मुक्केबाजलाई उनले प्रशिक्षित गरेर रिङमा उतारेका छन् र पदकको भागिदार बनाएका छन् । झन्डै डेढ दशक बक्सिङ प्रशिक्षणको अनुभव सँगालिसकेका ओम मास्के यतिबेला सागको तयारीमा रहेका खेलाडीहरूलाई मुक्का बर्साउने कला सिकाइरहेका छन् । सात वर्ष नेपाल आर्मी र हाल प्रहरीका जवानलाई बक्सिङ प्रशिक्षण दिइरहेका मास्के २०४२ सालदेखि नै व्यावसायिक खेलजीवनमा होमिएका थिए । पाँचौं र छैटौं सागबाट कांस्य पदक जितेका मास्केसँग अल इन्डिया च्याम्पियनसिपमा स्वर्ण पदक जितेको स्मरण अझै ताजै छ, तर लामो समय खेलजीवनमा होमिएका मास्के खेल वृत्तमा व्याप्त भेदभावबाट दिक्क छन् । यहाँ खेलाडीको योगदान र योग्यताको मूल्यांकन हुँदैन, यतिबेला उनलाई यस्तै लाग्न थालेको छ ।



ओम मास्के
राष्ट्रिय प्रशिक्षक, बक्सिङ

## ५ प्रश्न

**साग नजिकिँदैछ, कस्तो तयारी हुँदैछ ?**

छनौट भएका खेलाडीलाई बन्द प्रशिक्षणमा राखेका छौं । मंगोलियन प्रशिक्षकले नयाँ टेक्निक सिकाइरहेका छन् । व्यक्तिगत पहलमै भारतबाट खेलाडी झिकाएर स्प्यारिङ पनि गराएका छौं । यसबाट नेपाली खेलाडीमा थप आत्मबल मिल्ने आशा छ । त्यस्तै हाम्रो गल्ती कहाँ छ र कसरी सुधार गर्ने भन्ने कुरा जान्न पनि यो स्पेयरिङ महत्त्वपूर्ण हुनेछ ।

**नेपाली खेलाडीको खास कमजोरी के हो ?**

थुप्रै प्राविधिक कमजोरी छन् । हाल त्यसमा धेरै सुधार आइसकेको छ ।

**खेलाडीमा कस्तो सम्भावना देख्नुभएको छ ?**

दुई जना खेलाडीले अन्तर्राष्ट्रिय खेलको अनुभव लिइसकेका छन् । उनीहरूबाट धेरै आशा गर्न सकिन्छ, तर टाइसिटले पनि यसमा प्रभाव पार्छ । सुरुमै भारतीय खेलाडीसँग भिड्नुपर्‍यो भने गाह्रो हुन सक्छ । किनभने हाम्रा लागि चुनौती भनेकै भारतीय खेलाडी हुन् ।

**तुलनात्मक रूपमा नेपाली बक्सिङको स्थितिमा के फरक पाउनुभएको छ ?**

साँच्चै भन्नुपर्दा विगतको जस्तो राम्रो छैन । नियमित प्रतियोगिता नहुनु, अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न नपाउनुजस्ता कारणले खेलाडीहरूमा पर्याप्त आत्मबल छैन । नियमित अभ्यासको समेत खाँचो छ ।

**नेपाली बक्सिङलाई उकास्न के गर्नुपर्ला ?**

नियमित प्रतियोगिता हुनुपर्‍यो । यो खेललाई विद्यालयस्तरमा पुर्‍याउनुपर्‍यो ।

● मैदान बाहिर ●

# खेलाडीलाई भियाग्राको सहयोग




आगामी वर्ष हुने विश्वकप फुटबल प्रतियोगितामा सहभागिता गर्ने इङ्ल्यान्डका खेलाडीहरूलाई भियाग्रा ख्वाइने भएको छ । यौन क्षमता वृद्धि गर्ने औषधी भियाग्रा खेलाडीहरूको शारीरिक क्षमता वृद्धि गर्न टिमका चिकित्सकको सल्लाहअनुसार दिइने भएको हो । हाल समुद्री सतहभन्दा ४ हजार ९ सय फिटमा प्रशिक्षण गरिरहेका इङ्ल्यान्डका खेलाडीहरूलाई चिकित्सकहरूको सल्लाहमा भियाग्रा दिन लागिएको हो । रस्टेनबर्गमा अभ्यास गरिरहेका खेलाडीहरूलाई स्पोर्ट्स वैज्ञानिक रिचर्ड पुलेनको सल्लाहमा भियाग्रा ख्वाउन लागिएको हो ।

पुलेनका अनुसार उचाइमा गरिएको अभ्यासका क्रममा खेलाडीहरूलाई भियाग्रा सेवन गराउँदा उनीहरूको शारीरिक क्षमता वृद्धि हुन्छ । भियाग्राले केवल यौनउत्तेजना मात्र बढाउँदैन, यौन उत्तेजना बढ्ने क्रममा शरीरको रक्तसञ्चार बढेजस्तै खेलाडीहरूमा पनि रक्तसञ्चार वृद्धि गरेर खेल्ने क्षमता वृद्धि गर्छ । हाल दक्षिण अमेरिकी राष्ट्रका खेलाडीहरूले आफ्नो क्षमता बृद्धि गर्न भियाग्रा सेवन गर्न थालेका छन् । खेलाडीहरूलाई भियाग्रा सेवन गर्न प्रतिबन्ध नभएका कारण यो औषधी अहिले उनीहरूलाई सहयोगी देखिएको छ, भियाग्राको अधिक सेवनले विभिन्न समस्या पार्ने हुनाले चिकित्सकहरूको सल्लाहमा मात्र यसको सेवन गर्न खेल अधिकारीहरूले अनुरोध गरेका छन् ।



# विश्वकपमा दक्षिण अमेरिकाको सम्भावना



● विश्वकप फुटबल विशेष ●

उत्तर कोरिया एउटै समूहमा पर्नु ब्राजिलका लागि राम्रो हुन सक्छ, तर युरोपको बलियो राष्ट्र पोर्चुगल र सबैभन्दा फर्ममा रहेको अफ्रिकी राष्ट्र आइभोरिकोस्ट एउटै समूहमा परेपछि ब्राजिलले पहिलो चरणमै कडा प्रतिस्पर्धा गर्नुपर्नेछ। जून २५ मा डर्बानमा ब्राजिल र पोर्चुगल भिड्दा दुवै टिम दोस्रो चरणमा प्रवेश गरिसकेका हुन सक्छन्।

एउटै समूहमा परेपछि यी दुई पूर्व साम्राज्यवादी र पूर्व साम्राज्यका बीचमा आफ्नै खाले प्रतिक्रिया व्यक्त भैसकेको छ। ब्राजिलका प्रशिक्षक डुंगाले पोर्चुगललाई ब्राजिल 'बी' को सज्ञा दिएका छन् भने पोर्चुगलले ब्राजिललाई नभएर छिमेकी राष्ट्र स्पेनलाई विश्वकपको दावेदारका रूपमा चित्रण गरिसकेको छ।

इतिहास सम्झने हो भने ब्राजिलका लागि पोर्चुगलको उपस्थिति खतरनाक हुन सक्छ। यी दुईबीच पहिलो पटक सन् १९६६ मा भएको पहिलो चरणको भेटमा साविक विजेता पेलेसहितको ब्राजिल पराजित भएको थियो। सोही पराजयका कारण ब्राजिल पहिलो चरणबाटै बाहिरिएको थियो। केही महिनाअघिको मैत्रीपूर्ण खेलमा ब्राजिल पोर्चुगलसँग ६-२ ले पराजित भएको थियो। पोर्चुगल टेनिसको स्कोरझैं लाग्ने उक्त पराजयलाई पुनः ब्यूँताउन चाहन्छ। यद्यपि समूह जी कठिन भए पनि पाँच पटकको विश्वविजेता आत्मविश्वासी छ।

नाइजेरियासँगको खेलबाटै खेलाडी जीवन अन्त्य गरेका अर्जेन्टिनाका प्रशिक्षक डिएगो म्याराडोनाले प्रशिक्षकका रूपमा पहिलो विश्वकपमा पनि नाइजेरियाकै सामना गर्नेछन्। १२ जूनका दिन जोहन्सबर्गमा हुने नाइजेरियासँगको खेल नै समूह 'बी' का लागि सबैभन्दा महत्त्वपूर्ण हुनेछ।

यो खेलमै सन् २००५ को युथ विश्वकप फाइनलको पुनरावृत्ति हुनसक्छ। लियोनेल मेसी, फर्नान्डो गागो र सर्गुइरो अगुइरो सम्मिलित उक्त टोलीका अन्य सदस्य अहिले पनि यथावत् छन्। शारीरिक रूपले बलियो नाइजेरियालाई अर्जेन्टिनाले पछिल्लो ओलम्पिकको फाइनलमा १-० ले पराजित गरिसकेको छ।

संघर्षपूर्ण छनौट यात्रा बिर्संदै प्रशिक्षक म्याराडोना अन्तिम २३ को संरचनामा व्यस्त भैसकेका छन। पक्कै पनि उनको ध्यान रक्षापंक्तिमै केन्द्रित हुने अनुमान छ। अर्जेन्टिनाले आफ्नो कमजोर रक्षापंक्तिलाई छाड्नेछ। यी दुईबीच सन् २००२ मा भेट हुँदा अर्जेन्टिना १-० ले विजयी भए पनि दुवै टोली पहिलो चरणबाटै बाहिरिएका थिए। आफ्नो खेलजीवनमा अन्तिम गोल गरेको ग्रीससँग पनि म्याराडोनाले प्रशिक्षककै रूपमा भेट गर्नेछन्। समूहमा दक्षिण कोरिया पनि समावेश छ।

समूह 'एच' को सबैभन्दा बलियो टिम स्पेनका प्रशिक्षक भिसेन्टे डेल बोस्क्युले चिली नै सबैभन्दा बलियो प्रतिद्वन्द्वी भएको बताइसकेका छन्। तीन फरवार्ड राखेर आक्रामक खेल खेल्ने चिली आसन्न विश्वकपको आश्चर्यजनक टिम हुन सक्छ। होन्डुरससँग पहिलो खेल खेलेपछि स्वीजरल्याण्डसँगको दोस्रो खेल नै चिलीका लागि सबैभन्दा महत्त्वपूर्ण हुनेछ। सन् १९६२ मा आफैंले आयोजना गर्दा अमेरिकालाई पराजित गरेयता कुनै विश्वकप खेलमा नजितेको चिली यस पटक इतिहास फेर्न चाहन्छ।

लगातार चौथो पटक विश्वकप खेलिरहेको पाराग्वेका लागि भने समूह चरणले सहजता दिएको छ। समूहमा साविक विजेता इटाली रहे पनि न्युजिल्यान्ड र स्लोभाकियाजस्ता प्रतिद्वन्द्वी पनि छन्। पछिल्लो पटक इङ्ल्यान्ड र स्वीडेनसँग प्रारम्भिक दुई खेलमा साँघुरो पराजयका कारण पाराग्वे बाहिरिएको थियो।

समूह 'ए' मा रहेको उरुग्वेले दोस्रो चरणको यात्रा तय गरे पहिलो चरणबाटै बाहिरिने पहिलो आयोजक राष्ट्रका रूपमा दक्षिण अफ्रिकाले खराब इतिहास कोर्ने प्रबल सम्भावना छ। उरुग्वेले समूहको पहिलो खेल दक्षिण अफ्रिकासँग खेल्नेछ। फ्रान्स र मेक्सिकोसँगको पछिल्लो खेलभन्दा सोही खेल महत्त्वपूर्ण पनि हुनेछ।

# दशकका उत्कृष्ट फुटबल खेलाडीहरू



फ्रान्सको सन् २००० को युरोकपको उपाधि यात्रा तथा सन् २००६ को विश्वकपमा फाइनलको यात्रा। स्टार मिडफिल्डर जिनेदाने जिदानको क्षमतालाई पुष्टि गर्न यी दुई प्रतियोगिता नै पर्याप्त हुन्छ। फुटबलका विज्ञहरूले जिदानलाई दशकको उत्कृष्ट फुटबलर घोषित गरेका छन्। फाइनल खेलमा इटालीलाई २-१ ले पराजित गर्दै युरोपको उपाधि जित्नुअघि फ्रान्सले युरोकप २००० को नकआउट चरणमा स्पेन र पोर्चुगलजस्ता दुई बलिया टिमलाई पराजित गरेको थियो। स्पनेसँगको क्वार्टरफाइनल खेलमा जिदानको प्रदर्शन साँच्चै सनसनीपूर्ण थियो।

दुई वर्षअघि ब्राजिलसँगको फाइनल खेलमा सानदार प्रदर्शन गर्दै विश्वकप दिलाएका जिदानको प्रेरणामा फ्रान्सले २००० को दशकको सुरुमा विश्वकप, कन्फरडेसन कप तथा युरोकप तीनवटै उपाधि साथमा राख्ने कीर्तिमान कायम गरेको थियो। यसबीच सन् २००३ मा रियल म्याड्रिडलाई युरोपेली च्याम्पियन्स लिगको उपाधि दिलाएका जिदान तीन पटक फिफा वर्ष खेलाडी घोषित भए। ड्रिब्लिङ, बलमाथिको नियन्त्रण तथा डरलाग्दो गोल अवसर सृजना गर्ने क्षमताका कारण उत्कृष्ट मानिएका जिदान डेड बलमा पनि माहिर थिए। यसबीच जिदान सन् २००० र २००३ मा वर्ष खेलाडी पनि घोषित भए।

सन् २००५ र २००६ मा प्रतिस्पर्धीहीन देखिएका ब्राजिलियन मिडफिल्डर रोनाल्डिन्होलाई जिदानपछिको दशकको उत्कृष्ट खेलाडीको कोटिमा राखिएको छ। ब्राजिललाई सन् २००२ को विश्वकप दिलाएका रोनाल्डिन्होले बार्सिलोनालाई लगातार दुई पटक स्पेनिस लिगको उपाधि दिलाए। बार्सिलोनालाई २००६ को युरापेली च्याम्पियन्स लिगको उपाधि दिलाउने क्रममा सानदार प्रदर्शन गरेका रोनाल्डिन्होको प्रेरणादायी खेलमा बार्सिलोनाले कुल तीन पटक स्पेनिस लिगको उपाधि हात पाऱ्यो।

युरोकपमा तीन पटक म्यान अफ द म्याच घोषित भएका थीएरी हेनरी चार पटक इङ्लिस प्रिमियरसिपका शीर्ष गोलकर्ता पनि भए। सन् २००३ र २००४ को फिफा वर्ष खेलाडीको होडमा उनी दोस्रो स्थानमा रहे। आर्सनललाई दुई पटक इङ्लिस प्रिमियरसिपको उपाधि दिलाएका हेनरी अहिले बार्सिलोनामा छन्।

पोर्चुगलका स्टार मिडफिल्डर लुइस फिगो सन् २००० र २००१ मा आफ्नो खेलजीवनको उच्च फर्ममा थिए। २००१ मा फिफा वर्ष खेलाडी घोषित हुनुअघि उनी २००० मा दोस्रो स्थानमा थिए। रियल म्याड्रिडलाई सातवटा उपाधि दिलाएपछि फिगो इन्टर मिलान पुगेका थिए। फिगोको उपस्थितिमा इन्टरले लागातार चार पटक घरेलु लिगको उपाधि जितिसकेको छ।

इटालीका रक्षक फाबियो कानभारो दशकका उत्कृष्ट रक्षकको कोटिमा छन्। कानभारोको प्रेरणामा इटालीले सन् २००६ को विश्वकप फुटबलको उपाधि जितेको छ। कानभारोले इटालीलाई विश्वकप दिलाएको केही महिनापछि उनको क्लब युभेन्ट्स खेल मिलोमतो प्रकरणमा मुछिएका कारण रियल म्याड्रिड पुगेका थिए। उनी पछिल्लो विश्वकपमा उत्कृष्ट खेलाडीसमेत घोषित भए।

ब्राजिललाई ओलम्पिक वा विश्वकपको उपाधि दिलाउन नसके पनि ब्राजिलियन महिला फुटबलर मार्टा उत्कृष्ट मानिन्छिन्। कालो वर्णकी मार्टा सन् २००६ देखि लगातार तनि पटक वर्षको उत्कृष्ट महिला खेलाडी घोषित भैसकेकी छिन्।

यसबाहेक विश्वकपमा सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाउनुका साथै २००२ को विश्वकप दिलाएका रोनाल्डो दशकका अर्का स्टार भएको दाबी गर्नेहरूको संख्या कम छैन। क्रिस्टियानो रोनाल्डो, आन्द्रेइ सेभचेन्को, फ्रान्क लाम्पार्ड, वायन रोनी, काका, लियोनेल मेसी, सामुयल इटो, राउल गोन्जालोज, डेविड बेकह्याम, ओलिभर कान तथा स्टेफन जेरार्ड पनि यो दशकमा छाए।


साप्ताहिक Classified Advertisement

## रोजगार

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

## तालिम

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

सस्तोमा solar बाट CFL बाल्न ९८०८३२५०१८

संगित शास्त्र प्रशिक्षण ४२७२३८१, ९८४१२०५५७८, ९८०८४०५२७३, ९८०३१९३६७९

ब्युटिसियन ट्रेनिङ्ग Basic, Advance, Deploma Special Course गौशाला, २१००५६३, ९८४१७७९८८९

## उपचार

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# बार्सिलोना विश्व च्याम्पियन




स्पेनी क्लब बार्सिलोना 'क्लब विश्वकप' फुटबल च्याम्पियन बनेको छ । अर्जेन्टिनाको इस्टुडियन्टेसलाई रोमाञ्चक खेलमा २-१ ले पराजित गर्दै बार्सिलोना शनिबार नयाँ विश्वविजेता बनेको हो ।

वर्ष-२००९ मा सर्वाधिक सफल क्लब बनेको बार्सिलोना स्पेनाला लिगा तथा युरोपेली च्याम्पियन्स लिग विजेता हो । उसले यही वर्ष कोपा डेल रे, स्पेनी सुपर कप एवं युरोपेली सुपर कपको उपाधि पनि जितेको थियो । क्लब विश्वकपको उपाधि उसका लागि वर्षको छैटौं सफलता हो । विश्व फुटबलमा यस्तो उपलब्धिलाई दुर्लभ मानिन्छ ।

महादेशका विजेता क्लबहरू खेल्ने प्रतियोगितामा बार्सिलोना यसअघि १९९२ र २००६ को फाइनलमा हारेको थियो । अबुधावीको जायद स्पोर्ट्स सिटी कम्प्लेक्समा ४३ हजार ५० दर्शकले प्रत्यक्ष हेरेको फाइनलमा कुनै बेला अर्जेन्टिनी क्लब विश्वस्तरीय फुटबल उपाधिको निकै नजिक पुगेको थियो, तर उनीहरूका लागि

| वर्ष | क्लब विश्वकप विजेता |
|---|---|
| २००९ | बार्सिलोना, स्पेन |
| २००८ | म्यानचेस्टर युनाइटेड, इङ्ल्यान्ड |
| २००७ | एसी मिलान, इटाली |
| २००६ | इन्टरनेशनल, ब्राजिल |
| २००५ | साओ पाउलो, ब्राजिल |
| २००० | कोरिन्थियन्स, ब्राजिल |

अर्जेन्टिनी स्टार खेलाडी लियोनेल मेसी तगारो बने । खेल १-१ को बराबरीपछि थपिएको ३० मिनेट अवधिमा मेसीले उत्कृष्ट गोल गर्दै बार्सिलोनालाई विश्व च्याम्पियन बनाएका थिए ।

डानिएल आल्भेसले क्रस गरेको बल छातीले रोकेर मेसीले १ सय १० औं मिनेटमा निर्णायक गोल गरेका थिए । यसअघि मउरो बोसेलीले हेडद्वारा गोल गर्दै ३७ औं मिनेटमा दक्षिण अमेरिकी च्याम्पियन इस्टुडियन्टेसलाई अग्रता दिलाएका थिए । पेड्रो रोड्रिग्वेजले ८९ औं मिनेटमा गोल गरेर बार्सिलोनालाई १-१ को बराबरीमा पुऱ्याएका थिए । सीधै सेमिफाइनलमा अवसर पाएको बार्सिलोनाले कन्काकाफ च्याम्पियन एट्लान्टालाई ३-१ ले हराएर फाइनलको यात्रा तय गरेको थियो ।

इस्टुडियन्टेसले सेमिफाइनलमा एसियाली च्याम्पियन दक्षिण कोरियाको पोहाङ स्टिलर्सलाई २-१ ले पन्छाएको थियो । एट्लान्टालाई टाइब्रेकरमा ४-३ ले हराउँदै पोहाङले तेस्रो स्थान हात पाऱ्यो । युरोप, एसिया, अफ्रिका, उत्तर तथा मध्यअमेरिका, दक्षिण अमेरिका, ओसियना तथा आयोजक देशका विजेता सात क्लबले बर्सेनि नकआउटका आधारमा हुने क्लब विश्वकपमा प्रतिस्पर्धा गरेका थिए ।

भर्खरै युरोपेली वर्ष खेलाडीको एवार्ड जितेका २२ वर्षे मेसीले गोल्डेन बल हात पारे । मेक्सिकन क्लब एट्लान्टालाई फेयर प्ले एवार्ड प्रदान गरिएको थियो ।

**-राजु घिसिङ**

# रहर मात्र भयो महिला फुटबल





**विप्लव भट्टराई**

इलाम- सदरमुकाम इलाम बजार टाढाको माइमझुवामा नियमित रूपमा महिला फुटबल प्रतियोगिता भएको केही वर्ष बितेको छ । पुरुषसँगै महिला फुटबल प्रतियोगिता पनि आयोजना गर्छन् गाउँलेहरू । उत्तरी गाउँका र छिमेकी पाँचथरका एक दर्जनभन्दा बढी टिमको सहभागिता पनि हुन्छ उक्त प्रतियोगितामा, तर अहिलेसम्म यहाँको प्रतियोगीबाट मनोरञ्जनबाहेक अरू उपलब्धि कसैले हात पारेको छैन ।

गत कात्तिक १० गतेयता देउरालीको वातावरण फुटबलमय बनेको हो । विगत तीन वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको महिला फुटबल प्रतियोगिताले फुटबल पारखीको मन त जितेको छ, तर खेलाडीको उत्साह जाँगर भने बढाउन सकेको छैन ।

खुट्टामा फुटबल बुट, घुँडासम्मको स्टकिङ अनि हाफ पाइन्ट-टिर्सटमा ठाँटिएका युवतीहरू प्रतियोगिताको उपाधि चुम्न उनीहरूले प्रदर्शन गर्ने खेलकौशललाई सबैले राम्रो मान्छन्, तर उनीहरूको थप प्रगतिका लागि प्रयास कतैबाट पनि भएको छैन । यसको उत्तर फेला पार्न सकिएको छैन । जिल्लामा चिनिएका खेलाडीहरूलाई पनि नियमित प्रशिक्षण, आर्थिक अभाव र समाजले अझै महिलालाई पुरुषसरह हेर्न नसकेकाले समस्या झेल्नुपरेको छ ।

पछिल्लो समयमा गाउँक्षेत्रमा महिला फुटबल प्रतियोगिताको आयोजना हुने क्रम बाक्लिएपछि खेलाडी उत्पादन हुने क्रम पनि बढेको छ, तर सम्बन्धित निकायले सबै क्षेत्रमा चासो दिन नसक्दा उनीहरूका चाहना त्यतिमै समिति हुने गरेको छ ।

देउरालीको प्रतियोगितामा सहभागी खेलाडीलाई जस्बिरे टिमसँगै निकै डर थियो । 'यहाँ खेल्ने सबै क्षेत्रीय स्तरका खेलाडी हुन्,' देउरालीकी अञ्जना राईले जस्बिरे टिम शक्तिशाली हुनुको रहस्य खोलिन् । चन्दा मुखिया, अमृता राई, लक्ष्छु गौतम, गीता कठेत, रमला मुखियालगायतका क्षेत्रीय स्तरमा खेलिसकेका खेलाडी जस्बिरेमा थिए । 'हारिन्छ भन्ने डर छैन,' अञ्जनाले सुनाइन्, 'उनीहरूवाट खेल सिक्ने अवसर पनि पाइएको छ ।' तर फाइनलमा गाउँस्तरका खेलाडी रहेको सुम्बेकले उनीहरूलाई फाइनलमा पराजित गऱ्यो । गाउँमा देखिएका प्रतिभा पनि अवसर पाए खेल्न सक्छन् भन्ने प्रमाणित भयो । स्थानीय देउराली महिला खेलसंघले भैली खेलेर जम्मा गरेको पैसाबाट उक्त प्रतियोगिता सञ्चालन गरिएको थियो ।

# नारीको पुस अंक



# उपाधिको कसरतमा तामाङ किशोरीहरू



गएको शनिबार मिस ट्यालेन्ट उपाधिका लागि आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका तामाङ किशोरीहरूले तामाङ समुदायको सांस्कृतिक सेरोफेरोमा आज राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा मिस टिन तामाङ-२००९ मा उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । ट्यालेन्ट राउन्डमा प्रतिपर्स्धीहरूले नृत्य, गायन, वक्तृत्वकला, एरोविक्स तथा अभिनयमा आ-आफ्नो दक्षता प्रदर्शन गरेका थिए । एभरेष्ट फेशन होमको आयोजनामा सम्पन्न हुने यो प्रतियोगितामा १७ जना तामाङ किशोरीको सहभागिता छ । कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफी रहने प्रतियोगिताको प्रारम्भमा सहभागी किशोरीहरूले सामँहिक रूपमा स्वागत गर्नेछन् । त्यसपछि परिचयात्मक चरण, बेस्ट ड्रेस, टप टेन र टप फाइभ हुँदै अन्तत: विजेताको छनौट गरिनेछ । प्रतियोगितामा मिस टिन तामाङका विजेताका अतिरिक्त फस्ट तथा सेकेन्ड रनर-अपलगायत अन्य विजेता पनि छनौट गरिनेछ ।

# डिसेम्बर ३१ मा मिस टिन नेपाल



यतिखेर २४ जना प्रतिस्पर्धी कोरियोग्राफर प्रभा अमात्यको निर्देशनमा मञ्चमा कसरी आफ्नो उत्कृष्ट प्रस्तुति दिने भन्ने अन्तिम तयारीमा छन् । प्रतिस्पर्धीहरूलाई प्रतियोगिताको आधारभँत प्रशिक्षणबाहेक व्यक्तित्व विकास, नेतृत्व विकास, आत्मविश्वास अभिवृद्धि, अनुशासनलगायत सामाजिक उत्तरदायित्वसम्बन्धी विभिन्न जानकारी प्रदान गरिएको छ । करिब तीन सातादेखि प्रशिक्षणमा जुटेका मिस टिन नेपाल-२००९ शीर्षकअन्तर्गतका ती प्रतिस्पर्धीहरूबीच डिसेम्बर महिनाको अन्तिम दिन अर्थात् आगामी पुस १६ गते अन्तिम प्रतिस्पर्धा हुँदैछ । काठमाडौं जेसिसको आयोजनामा हुने मिस टिन नेपालको सातौं संस्करणको प्रतिस्पर्धा कमलादीस्थित प्रज्ञाभवनमा संचालन हुनेछ ।

# पाँचौं मिस नेवा:को खोजी




तस्बिर : कृष्ण भट्टराई

**साप्ताहिक समाचार**

व्यक्तिको नाम उसको आवरणीय परिचय हुन्छ तर उसको मातृभाषा, उसले सिकेको संस्कार, उसको जातीयता, कला, संस्कृति, परम्परा आदि सबैले उसलाई वास्तविक परिचय प्रदान गर्छ । यही परिचयको महत्त्व बुझाउन, त्यसको आवश्यकता दर्साउन र नयाँ पुस्तालाई आफ्नो सांस्कृतिक धरोहर र गरिमालाई जोगाउन, यसको प्रवर्द्धनमा अघि बढ्न प्रोत्साहित गर्न नेप्लिज फेसन होमले प्रारम्भ गरेको मिस नेवा: प्रतियोगिताको पाँचौं संस्करणको अन्तिम प्रतिस्पर्धा आउँदो बुधबार अर्थात् पुस १५ गते कमलादीस्थित प्रज्ञाभवनको डबलीमा हुने भएको छ ।

काठमाडौं, ललितपुर र भक्तपुरनिवासी बाहेक दोलखा, धादिङ, तेह्रथुम, ओखलढुंगाबाट पनि सहभागिता जनाएक ३६ जना नेवार युवतीबीच हुने यस प्रतियोगिताका लागि राजु नापितले नेपाल भाषा र संस्कृतिका सम्बन्धमा प्रशिक्षण दिएका छन् भने रोहिया महर्जनले स्वागत नृत्यका लागि फ्युजन शैलीको नृत्यमा प्रतिस्पर्धीहरूलाई प्रस्तुत गर्नेछिन् । प्रतिस्पर्धीहरूलाई मञ्च प्रस्तुतीकरणका लागि कोरियोग्राफर रोजिन शाक्य तयार पारेका छन् । लाँकुरे भन्ज्याङमा हाइकिङ, मनकामना दर्शन, फेसन, सौन्दर्य, आत्मसुरक्षा, ध्यान, स्वास्थ्य, डाइनिङ एटिकेट्स आदि कुरामा ज्ञान हासिल गरेका प्रतिस्पर्धीहरूले आज शुक्रबार मिस ट्यालेन्टका लागि प्रतिस्पर्धा गर्दैछन् भने भोलि प्रिजजिङ राउन्डमा आफ्नो क्षमता प्रस्तुत गर्नेछन् ।

# अस्ट्रेलियामा नेपाली डान्स



सिड्नी- प्राय: नेपालबाट झिकाइएका कलाकारहरूको प्रस्तुतिमा रमाउने अस्ट्रेलियामा बसोबास गरिरहेका नेपालीहरूलाई यसपटक स्थानीय कलाकारहरूको कलाले अचम्भित तुल्यायो । आधुनिक कला-संस्कृतिमा रमाउने नेपालीहरूलाई यसपटक भने नेपाली संस्कृतिको रमाइलोले जमायो । गत डिसेम्बर १२ का दिन अस्ट्रेलियाको ब्रिस्बेन सहरमा पहिलो पटक अस्ट्रेलियाव्यापी लोकनृत्य प्रतियोगिता सम्पन्न भयो । नेप्लिज एसोसियसन अफ क्विन्सल्यान्ड तथा एनआरएन एसोसियसन, अस्ट्रेलियाको संयुक्त आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा अस्ट्रेलियाका आठमध्ये सात राज्य एवं प्रदेशबाट आएका कुल ३८ जना प्रतियोगी सहभागी भएका थिए । दुई चरणमा विभाजित प्रतियोगितामा एकल तथा सामूहिक गरी २४ वटा नृत्य प्रस्तुत गरिएको थियो । पूर्व मिसनेपाल पायल शाक्य, कोरियोग्राफर सुजन थापामगर, व्यवसायी ऋषि कँडेल, नेपाल अस्ट्रेलिया फ्रेन्डसिप एसोसियसनकी हेलन जाडा, व्यावसायिक नृत्य प्रशिक्षक जेरान फुन्टेस तथा मोडल एवं व्यवसायी धिरेन थापा निर्णायक रहेको उक्त प्रतियोगीतामा सहभागी भएका नेपालीहरूको नेपाली नृत्य पेसेवर कलाकारहरूको जस्तो देखिएकाले निर्णायकहरूलाई विजेता छनौट गर्न गाह्रो परेको थियो ।

प्रतियोगितामा एकल नृत्यतर्फ सिडनीकी शारदा लिम्बू प्रथम, ब्रिस्बेनकी सहनशिला मुल्मी द्वितीय तथा डर्बिनकी सरस्वती कटुवाल तृतीय भएका थिए । समूह नृत्यतर्फ सिड्नीका डिना तामाङ र दीपक आलेको समूह प्रथम, सिड्नीकै शारदा लिम्बु, शिलु लिम्बू, अमिता गिरी, टेकेन्द्र लिम्बु, गौतम लामा एवं सुरेन्द्र पुनको समूह द्वितीय तथा ब्रिस्बेनका सोफिया र सिल्भिया श्रेष्ठको समूह तृतीय घोषित भए ।



Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018

फोटोग्राफी/भिडियोग्राफी
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
STUDY IN UK
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

जाँड-रक्सी साथै सुर्ति, चुरोटको कुलत थाहै नदिई छुटाउन
चिरा महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार ।
मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
❊ रेडियो क्यासेट DVD, VCD, TV
❊ कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
❊ एसी/फ्रिज
❊ हाउसवायरिङ
❊ मोटरवाईण्डिङ
Guarantee
१३ वर्ष पूरानो
२०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

Why to pay more !!!
IELTS @ Rs.2500/- only
free 5 books, CDs & GROUP DISCOUNT
EDUCATIONAL AND CAREER DEVELOPMENT CENTRE
Putalisadak (opp. to NIB), kathmandu
Tel.: 4212374, 9841 427634

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870
MEMBER OF ECAN

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
कुक १ १/२ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
कफिमेकर रू. ३०००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

लगानीकर्ता र कामदारहरु चाहियो
यस सेपिङ्ग माइन्ड्स ग्रुपका विभिन्न प्रोजेक्टहरुमा लगानीकर्ता र कामदारहरु चाहियो ।
1. Investors for Schools / Colleges:
सेपिङ्ग माइन्ड्स ग्रुपको संचालनमा आउन लागेको Schools / Colleges को लागी केही लगानीकर्ताहरु (Investors) चाहियो ।
2. Staffs for Restaurant & Beauty Lounge:
सेपिङ्ग माइन्ड्स ग्रुपको UK र Canada मा संचालनमा आउन लागेको Restaurant र Beauty Lounge को लागी केही Cook, Waiter / Waiteress र Beauticians चाहियो ।
सुविधाहरु: बस्न + आकर्षक तलब + कामको तालिम + अंग्रेजी र ब्यक्तित्व विकास
3.Staffs for Business Club & Education Consultancy:
सेपिङ्ग माइन्ड्स ग्रुप Business Club र Education Consultancy को लागी केही Foreign Language Instructors र Public Relation Officers चाहियो ।
4. Consultancy Franchisee:
सेपिङ्ग माइन्ड्स ग्रुपको चलिरहेको Educational Consultancy को विभिन्न प्रमुख शहरहंरुमा Consultancy Franchisee चाहियो । विशेष Training र Profit Sharing
Shaping Minds Group
CONTACT @ Putalisadak Branch
9803815440
2222605
4233478

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा,** सम्पादक : **सुवास ढकाल ।**